


**प्रकाशक :**

**नेपाल दलित महिला उत्थान संघ (एड्वान)**
**Association for Dalit Women's Advancement of Nepal (ADWAN)**

**सल्लाहकार**

डा. विष्णुमाया परियार
विन्दु परियार थापा
राजकुमार त्रिखत्री

**सर्वाधिकार** @ प्रकाशकमा सुरक्षित

**प्रधानसम्पादक :** प्रदीप परियार थापा मगर
**सम्पादक :** सुशील दर्नाल
**सम्पादन सल्लाहकार :** कमल बाबु परियार
धनबहादुर मिजार
**संकलक :** विमला दास
**प्रकाशित मिति :** २०८०

**कभर/लेआउट : डिबी गुरुङ र भिजन क्रियशन**
2day.inbox@gmail.com

**www.adwannepal.org**

ADWAN

Empowering Women & Educating Girls

# नेपाल दलित महिला उत्थान संघ (एडवान)

## Association for Dalit Women's Advancement of Nepal (ADWAN)

## Executive Committee 2022-2024



Dr. Bishnu Maya Pariyar, Hon. DLitt
Founding President & Patron



Bindu Thapa Pariyar
President



Tirtha Kumari BK
Vice President



Pampha Pariyar Gurung
General Secretary



Pampha Nepali
Secretary



Sapana Sunar
Treasurer



Ram Maya BK
Member



Sapana Pariyar
Member

www.adwannepal.org

# Become a Catalyst for Change!

We are thankful to our well-wishers for your continuous support year after year, of ADWAN's commitment to empower Nepal's Dalits and other marginalized women and their children, especially, girls. ADWAN continues to create the conditions that effect dramatic change. Since 1998, ADWAN's innovative programs have been eliminating caste-based untouchability, inequality, injustice, poverty and illiteracy while promoting dignity, freedom, peace, harmony and prosperity through women's groups and community oriented programs. In this two and half decades journey of social transformation, you have truly been a catalyst for change.And with your continued participation we will reach more women still waiting for the opportunity to take control of their lives.

Total: 223 Women Groups: 5,880 women members and beneficiaries: 23,140+ families (Girls Education beneficiaries: 25,880+ girls and boys; Livelihood beneficiaries: 23,140+ women and girls Rights/advocacy beneficiaries: 26,464+ women and girls

**Total beneficiaries: 98,624 women and girls**

COVID-19 Relief Beneficiaries: 26,326+ people (Food Item: Households: 1,172 or, 4,376+ people); Cash for Work: 375+; Medical/Surgical distribution to approx. 21,575+ people of Shahid Lakhan & Gandaki Rural Municipality through the 14 health posts)
Earthquake relief beneficiaries: 6,379 households, or, 25,496+ people.

**Total COVID-19 & Earthquake beneficiaries: 51,822+ people**

ADWAN HAS BENEFITED:

**150,446 +PEOPLE!**

www.adwannepal.org

*Adwan's 25 Year Crusade for Equality and Empowerment*

# एड्वान रजत जयन्ती समारोह २०५५-२०८०

*Celebrating*
**ADWAN's Silver Jubilee 1998-2023**

ADWAN
Empowering Women & Educating Girls

25 YEARS ADWAN
Empowering Women & Educating Girls

## ADWAN HAS BENEFITED SO FAR: 150,446 + PEOPLE

from its 222 Women Groups or, 5,880 women members, their families: 23,140+; Girls Education: 25,880+; Livelihood: 23,140+ and Rights/Advocacy: 26,464+ women, COVID-19 relief: 26,326+ people; Earthquake relief: 6,379 households, or, 25,496+ people.

## We're thankful to our Development Partners

Friends of ADWAN Nepal · EDWON · EUROPEAN UNION · KARUNA · Manakamana Women's Campus Fund

AMERICAN JEWISH WORLD SERVICE · GLOBAL FUND FOR WOMEN · USAID FROM THE AMERICAN PEOPLE · BMZ · KARUNA DEUTSCHLAND · JL FUND

Funds For Child Poverty · FOR THE GIRLS FOUNDATION · FRIENDS OF NEPAL · CLARK UNIVERSITY · NIDAN

GlobalGiving · Zai Tewa · Hands in Outreach · NRNA · Women for Cause · JOIN THE LIGHTS

www.adwannepal.org

# अध्यक्षको मन्तव्य

नेपाल दलित महिला उत्थान संघ (एड्वान)ले २५ बसन्त पार गरी २६औं वर्षमा पाईला टेकेको सुअवसरमा हामी एड्वान परिवार गौरवान्वित छौं । एड्वानले विभिन्न उतार-चढाव व्यहोर्दै, उकाली-ओराली गर्दै, भञ्ज्याङ्ग अनि चौतारीमा कैयौं दुःख-पीडा मिश्रित सुस्केरा हाल्दै संघर्षमय यात्राकाबीच सुनौलो रजतजयन्ती मनाउन सफल हुनु ऐतिहासिक क्षण हो ।

एड्वान आज हजारौं लाखौं जनताको माझ परिवर्तनको झिल्को बनेर आत्मसम्मान, समता र सशक्तिकरणको उज्यालो बाटोमा हिड्न सफल भएको छ । यो सफलता हाम्रो मात्र सफलता पक्कै पनि होइन, सम्पूर्ण उत्पीडित दलित, दलित महिला, सीमान्तकृत तथा जोखिममा रहेका महिला र आम न्यायप्रेमी समुदायको सफलता हो । सर्वप्रथमतः यस सुखद् अवसरमा सम्बद्ध सबै लाभान्वित वर्ग, समुदाय, विकास साझेदारहरू/दातृ निकायहरू, सरोकारवालाहरू र प्रत्यक्ष परोक्ष जोडिनुभएका सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।



एड्वानले २५ वर्ष यात्रा पुरा गर्दैगर्दा विशेषतः यस संस्थाकी संस्थापक डा. विष्णुमाया परियारको नाम जोडिन आउँछ जसले एड्वानलाई अपनत्व ग्रहण गर्नुभयो । उहाँको अथक प्रयास नभएको भए एड्वान आजको अवस्थामा आउने थिएन । अहिलेसम्म पनि संरक्षकको रुपमा डा. परियारको योगदान र अविभाकत्व निरन्तर कायम छ ।

एड्वान वि.सं. २०५५ सालमा डा. विष्णुमाया परियारको अगुवाइमा विभिन्न उत्पीडित समुदायका उर्जाशील युवा महिलाहरूको पहलमा भएको हो । स्थापनाकालदेखि नै एड्वान दलित, दलित महिला तथा आम सीमान्तकृत तथा जोखिममा रहेका महिला तथा किशोरीहरूको शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक अधिकार प्राप्तिका लागि निरन्तर रूपमा क्रियाशिल रहँदै आएको छ ।

विशेषतः स्थानीयदेखि प्रदेशस्तरसम्म र राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्म अधिकारमुखी नीतिगत पैरवी, आर्थिक सशक्तिकरण, सेवामूलक शैक्षिक सामग्री तथा पोशाक वितरण, जीविकोपार्जन सम्बन्धी विविध प्राविधिक एवं नेतृत्व विकास तालिम आदि सञ्चालन गर्दै आएको छ । साथै एड्वानले दलितमाथि हुँदै आएका अमानवीय छुवाछूत र जातीय भेदभावका घटनाहरूमा पीडितलाई न्याय दिन र पीडक अर्थात अपराधिहरूलाई कानूनी दायरामा ल्याउन आवश्यक दबाव सृजना गर्ने, नागरिक समाजका संस्थाहरूसँग समन्वय र सहकार्यमा अभियानहरू सञ्चालन गर्ने, शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनहरूमा सरिक हुने, ऐक्यवद्धता जनाउने कार्यहरू गर्दै आएको छ ।

एड्वानले २५ वर्ष पार गर्दागर्दै नेपालमा ठूल्ठूला राजनीतिक परिवर्तन भए । यसैबीच नेपालको संविधान (२०७२) जारी भयो । उक्त संविधानले महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको छ । त्यसैगरी, दलितका लागि समानुपातिक समावेशी अधिकार दिएको छ । स्थानीय तहमा महिलाको झण्डै ४२ प्रतिशत प्रतिनिधित्व छ भने दलित महिलाको २० प्रतिशत सुनिश्चित गरेको छ । संविधानका यी महत्वपूर्ण उपलब्धिको रक्षा, उपयुक्त र पर्याप्त प्रयोग तथा विकास गर्नु आजको मुख्य चूनौती बनेको छ ।

एड्वानले सन् २०२४-२०२८ सम्मको पञ्चवर्षीय रणनीतिक योजना पनि बनाएको छ । जसको उद्देश्य विगतमा एड्वानले अधिकारमुखी अवधारणालाई अंगीकार गर्दै आएकोमा वर्तमान अवस्थामा एड्वानले सञ्चालन गर्दै आएको गतिविधिहरूमा समावेश गर्नु हो ।

एड्वानले २५ वर्ष यात्रा पुरा गर्दैगर्दा विशेषतः यस संस्थाकी संस्थापक डा. विष्णुमाया परियारको नाम जोडिन आउँछ जसले एड्वानलाई अपनत्व ग्रहण गर्नुभयो । उहाँको अथक प्रयास नभएको भए एड्वान आजको अवस्थामा आउने थिएन । अहिलेसम्म पनि संरक्षकको रूपमा डा. परियारको

योगदान र अविभाकत्व निरन्तर कायम छ । अन्तर्राष्ट्रिय सुपरिचित नेपाली ब्यक्तित्वको रूपमा डा. परियारको चर्चा, अमेरिकाको मासाचुसेट्स राज्यको हाईस्कूल बिद्यालयहरू र विश्वभरको विश्वविद्यालय पाठ्यक्रममा उनको जीवन संघर्षसँगै एड्वानको समता अभियानको कथा पढाईनु समग्र नेपाली र नेपालको साथै एड्वान परिवारको पनि गौरवको विषय हो ।

एड्वानको लागि यो ऐतिहासिक उपलब्धी र खुसीको क्षण पनि हो । एड्वानले प्रदान गर्दै आएको छात्रवृत्ति, विद्यार्थी पोशाक वितरण, बालकक्षा, प्रौढ शिक्षा, विविध क्षमता अभिवृद्धि तालिमबाट सर्लाही, गोरखा, बाग्लुङ्ग, तनहुँ, कैलाली, अर्घाखाँची, चितवन, मुगु, गुल्मि, झापा र ईलामका गरी २५ हजारभन्दा बढी विद्यार्थीहरू लाभान्वित भएकाछन् । त्यसैगरी, एड्वानले सन्चालन गर्दै आएको जीविकोपार्जन सम्बन्धी कृषि, पशुपालन, सिप विकास, उद्यमशीलता विकास लगायतका विभिन्न तालिमहरूबाट २३ हजारभन्दा बढी दलित, आदिवासी जनजाति र सीमान्तकृत दिदीबहिनीहरू लाभान्वित भएकाछन् ।

> एड्वानले सन् २०२४–२०२८ सम्मको पञ्चवर्षीय रणनीतिक योजना पनि बनाएको छ । जसको उद्देश्य विगतमा एड्वानले अंगीकार गर्दै आएको अधिकारमुखी अवधारणालाई वर्तमान अवस्थामा एड्वानका गतिविधिहरूमा समावेश गर्नु हो ।

यसका साथै जातीय र लैंङ्गिक विभेद, दीगो विकास र सामाजिक जवाफदेहिता सम्वन्धी तालिमहरूबाट थप २६ हजारभन्दा बढी दिदीबहिनीहरू लाभान्वित भएका छन् । साथै, महाभूकम्पको बेला ६,३७९ घर परिवारका २५ हजारभन्दा बढी जनता र कोरोना महामारीको बेला २६ हजार भन्दा बढी जनतालाई सेवा पुर्‍याउन सफल भएको छ । यसरी विगत २५ वर्षमा एड्वानको कामबाट एक लाख ५० हजारभन्दा बढी मानिसहरू लाभान्वित भएका छन् ।

अन्त्यमा, एड्वानको २५ वर्षको यात्रामा साथ र सहयोग गर्नुहुने सल्लाहकारहरू, विभिन्न चरणका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, संस्थामा सेवा पुर्‍याएका कर्मचारीहरू, प्रत्यक्ष परोक्ष साथ दिने एड्वानको विकास साझेदार संस्थाहरू ईड्वन र फ्रेण्ड्स अफ एड्वान (यूएसए), अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी), करूणा ट्रष्ट युके, करूणा डचल्याण्ड, फण्ड फर चाइल्ड प्रोभर्टी, जिएफडब्लू आदि विकास साँझेदार दातृ निकायहरू, सरकारी अधिकारी तथा निकायहरू, शुभेच्छुक, शुभचिन्तकहरू, लाभान्वित वर्ग एवं विभिन्न सरोकारवालाहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । धन्यवाद !

**विन्दु थापा परियार**
अध्यक्ष
**नेपाल दलित महिला उत्थान संघ, (एड्वान)**

काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना

नेपाल दलित महिला उत्थान संघ (एड्वान) ले आफ्नो 'रजत जयन्ती' को अवसरमा 'स्मारिका' प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । यस संस्थाले दलित, महिला, पिछडिएको क्षेत्रलगायत समग्र सीमान्तकृत समुदायको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारको निम्ति स्थापनादेखि नै पैरवी गर्दै आएको छ भन्नेमा विश्वस्त छु ।

परिवर्तनका लागि भएका विभिन्न आन्दोलन लगायत मुलुक निर्माण र अधिकारको निम्ति पटक पटक भएका संघर्षमा एड्वानको अतुलनीय योगदान रहेको छ । राज्यले दलित समुदायका लागि पारित गरेका विषयहरू "जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ (पहिलो संशोधन-२०७२)" कार्यान्वयनमा छ । समग्र दलित समुदायको अध्ययन गरी नीतिगत तथा कानून सुधारका लागि सरकारलाई सिफारिस गर्ने "राष्ट्रिय दलित आयोग" को स्थापना गरेको छ । "नेपालको संविधानको प्रस्तावनामा "सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने" भनिएको छ । साथै धारा २४ मा "छुवाछूत तथा भेदभाव विरुद्धको हक" र धारा ४० मा "दलितको हक" सुनिश्चित गरिएको स्मरण गराउँछु ।

संविधानको आधारमा दलित समुदाय हकहित, अधिकारबारेको कानुन निर्माणमा यो समुदायले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । दलित आयोगलाई आगामी दिनमा अझै सक्रिय बनाउन दलित समुदायले नै पहल गर्नुहुनेछ भन्नेमा मैले विश्वास लिएको छु । प्राप्त अधिकारलाई संस्थागत गर्दै थप अधिकारको निम्ति दलित समुदाय एकजुट हुनुपर्ने आवश्यकता छ ।

अन्त्यमा, संस्थाले २५ बसन्त पारगरी २६ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा प्रकाशन गर्न लाग्नुभएको 'स्मारिका' अनुसन्धानमूलक र संग्रहयोग्य दस्तावेज बन्न सकोस्, यहाँहरू सबैमा 'रजत जयन्ती' को हार्दिक शुभकामना ।

२६ श्रावण २०८०

पुष्पकमल दाहाल 'प्रचण्ड'

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :
च.नं. :

मानननीय सुरेन्द्रराज आचार्य
मन्त्री

**शुभकामना**

सदियौंदेखि आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रुपमा पिँधमा पारिएको दलित समुदायले आजको २१औं शताब्दीमा पनि जातीय भेदभाव तथा छुवाछुत जस्तो अमानवीय व्यवहार भोग्दै आएको छ । नेपाली समाजमा युगौंदेखि सामाजिक, धार्मिक, आर्थिक, शैक्षिक तथा राजनीतिक सम्पूर्ण क्षेत्रबाट पिछडिएका दलित समुदायले आजको एक्काइसौं शताब्दीमा पनि विभेदकै कारण ज्यान गुमाउनु परेको छ । यो दलित समुदायले भोग्दै आएको जातीय भेदभाव अन्त्य गरी सामाजिक न्यायमा आधारित समाज निर्माण गर्दै समुदायको आर्थिक, शैक्षिक, सामाजिक र राजनीतिक अधिकारको निम्ति नेपाल दलित महिला उत्थान संघ
(एड्वान) को स्थापना गरिएको हुनुपर्छ । यो संस्था आज २५ वर्ष पुरा गरेर २६ वर्षमा प्रवेश गरेको अवसरमा 'स्मारिका' प्रकाशन गर्न लागेकोमा अत्यन्त खुसी लागेको छ ।

यस संस्थाले पहिलेपनि जातिय तथा लैंगिक भेदभावको दोहोरो शोषणमा परेका वा पारिएका नेपाली दलित महिलाहरुको सशक्तिकरण गरी उनीहरुलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गराई आत्मनिर्भर तथा स्वावलम्बी बनाउनका लागि संघर्ष गरिरहेको हुनुपर्छ । यसैपनि दलित समुदायले २००७ साल, २०४७ र २०६२/२०६३ सालमा मुलुक परिवर्तनका लागि भएका संघर्षमा अतुलनीय योगदान पुऱ्याउँदै आएका छन् । यो समुदायले आफ्नो अधिकारको निम्ति पनि विभिन्न समयमा संघर्ष गर्दै आएको छ । त्यसैले त संविधानमा आफ्ना अधिकार सुनिश्चित गर्न सफल भएको छ दलित समुदाय । संविधान (२०७२) को प्रस्तावना र धारा २४ मा र धारा ४० मा दलित समुदायको अधिकार सुनिश्चित गरिएको छ । अब यसलाई अलिकति पाँडी कानून बनाएर कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यसका लागि दलित समुदायले सकारात्मक दबाब पनि दिनुपर्ने हुन्छ ।

अन्त्यमा, यस नेपाल दलित महिला उत्थान संघको रजत जयन्तीको अवसरमा प्रकाशित 'स्मारिका' मा मलाई पनि दुई शब्द लेख्ने अवसर दिनु भएकोमा एड्वानलाई धन्यवाद दिन चाहान्छु । यो स्मारिका प्रकाशनको निम्ति एड्वानलाई बधाई पनि दिन चाहान्छु । साथै स्मारिका प्रकाशनको पूर्ण सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु ।

२०८० भदौ ८

माननीय सुरेन्द्र राज आचार्य
मन्त्री

फोन नं. : ४२००२८०, इमेल : acharyasurendraraj@gmail.com, minister@mowcsc.gov.np, वेबसाइट : www.mowcsc.gov.np

# राष्ट्रिय दलित आयोग
# National Dalit Commission

प.सं./L.N. ०८०/८१      मिति/Date
च.नं./D.N. ६०

**शुभकामना**

नेपालको दलित समुदायभित्र पनि दलित महिलाको जीविकोपार्जन, शिक्षा, अधिकार र पैरवीको निम्ति स्थापना गरिएको नेपाल दलित महिला उत्थान संघ (एडवान) को रजत जयन्तीको अवसरमा 'स्मारिका' प्रकाशन गर्न लाग्नु भएकोमा खुसी र गर्व लागेको छ ।

राज्यको मूलप्रवाहबाट पछाडी पारिएको समुदाय दलित समुदाय हो । यो समुदायले आर्थिक सामाजिक र राजनीतिक लगायतका समस्या भोग्दै आएको छ । जातीय भेदभाव तथा छुवाछूत समस्या भोग्दै आएको छ । जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ लागू भएपनि ऐन बमोजिम छुवाछूतको कारण दलित समुदायले ज्यान गुमाउनु परेको छ । देश सामाजिक न्यायसहित समृद्ध नेपालको परिकल्पनासहित अगाडी बढेको छ । तरपनि समाजको एउटा हिस्सा दलित समुदाय अहिलेसम्म अछूत भएर बाँचिरहेको छ । पानी नचल्ने जातको रुपमा बाँचिरहेको छ ।

शताब्दियौं देखि आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रुपमा पिछडिमा पारिएको दलित समुदायले आजको २१औं शताब्दीमा पनि छुवाछूत जस्तो अमानवीय व्यवहार भोग्दै आएको छ । एडवानले दलित समुदायको आर्थिक सामाजिक समस्यासहित यो समुदायले भोग्दै आएको जातीय भेदभाव तथा छुवाछूतको समस्यालाई अन्त्य गर्दै उनीहरुको जिविकोपार्जनमा योगदान गरेको छ भन्ने मैले विश्वास लिएको छु । यो संस्थाले समान शिक्षाको निम्ति दलित समुदायका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्नुका साथै महिला उत्थान र सशक्तिकरणका विभिन्न कार्यक्रम पनि गर्दै आएको छ भन्ने मैले बुझेको छु । दलित महिलाको विकास र मूलप्रवाहीकरणमा महत्वपूर्ण भूमिका संस्थाले खेल्नु पर्दछ भन्ने आशा गरेको छु । स्मारिका प्रकाशन गर्न लाग्नुभएकोमा पदाधिकारीलाई बधाई तथा शुभकामना छ । संस्था २५ वर्ष पुगेको उपलक्ष्यमा प्रकाशित यो 'स्मारिका' ले समग्र दलित समुदायको अवस्थालाई झल्काउने छ । दलितबारे अध्ययन/अनुसन्धान गर्नेहरुका लागि यो स्मारिका ज्ञानवर्द्धक हुने मेरो विश्वास छ ।

अन्त्यमा संघको आठौं साधारण सभा तथा 'रजत जयन्ती'को पूर्ण सफलताको कामना गर्दछु । आगामी दिनमा संघलाई थप सफलता मिलोस्, यो 'स्मारिका' सबै निकायको निम्ति उपयोगी बनोस् । २५ वर्ष अर्थात् रजत जयन्तीको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

देवराज विश्वकर्मा
अध्यक्ष

२०८० भदौ ८

कुपण्डोल, ललितपुर, नेपाल | Kupondol, Lalitpur, Nepal
फोन: +९७७-०१-५४३३६५०, ५४३११९८, E-mail: info@ndc.gov.np, Website: www.ndc.gov.np

# संस्थापक अध्यक्षको मन्तव्य

एड्वानले सामाजिक रूपान्तरणमा ऐतिहासिक फड्को मारेको छ । यतिखेर एड्वानको सारथी र साक्षी बनी मैले समर्पित गरेका ती २५ वर्षका अनगिन्ति संघर्षशील दिनहरूको सम्झनामा म एक छिन हराउन पुगेकीछु । एड्वानले आफ्नो रजतजयन्ती वर्ष मनाउन लागेको यो सुखद् र ऐतिहासिक अवसरमा एड्वानको संस्थापक अध्यक्षको हैसियतले एड्वान रजत जयन्ती स्मारिकाको निम्ति मन्तव्य लेखिरहँदा म अत्यन्त भावुक र हर्षविभोर भएकीछु । केही उत्साही साथीहरूसँग मिलेर यो संस्था स्थापना गर्न थाल्दा म भर्खर २१-२२ वर्षकी थिएँ । आज एड्वान २५ वर्षको युवा बनेकोछ । आफैले जन्माएको सन्तान हुर्किंदै र गर्विलो वयस्क हुँदै गर्दाको एड्वानसँगको मेरो निरन्तर जीवन यात्रा अबिच्छिन्न बनी रह्यो – मैले आफूलाई एड्वानको आरोह अवरोहबाट अलग गर्न कहिल्यै सकिन । समाज परिवर्तनको सपना देखेर साढे दुई दशक अघि मैले शुरू गरेको यो आत्मसम्मान र सशक्तिकरणको अथकित तथा अविरल यात्रामा मेरो परिवारका सदस्यहरू र सयौं अगुवा महिला दिदीबहिनी र दाजुभाइहरूको साथ, सहयोगबाट एड्वान आज हजारौं हजार दलित र सीमान्तकृत समुदायका जनताहरूको आवाज र ढुकढुकी बन्न पुगेकोछ । यस सुअवसरमा म सम्पूर्ण सहृदयीजनहरूप्रति एड्वान परिवारको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।



> एड्वानले सञ्चालन गर्दै आएको जीविकोपार्जन सम्बन्धी कृषि, पशुपालन, सिप विकास, उद्यमशीलता विकास लगायतका विभिन्न तालिमहरूबाट २३ हजारभन्दा बढी दलित, आदिवासी जनजाति र सीमान्तकृत दिदीबहिनीहरू लाभान्वित भएका छन् ।

एड्वानले विगत २५ वर्षमा थुप्रै परोपकारी संघसंस्थाहरू र हजारौं मनकारी महानुभावहरूसँग सहकार्य गर्दै आएको सर्वविदितै छ । एड्वानको सामाजिक र आर्थिक रूपान्तरणको महाअभियानमा स्थापनाकालदेखि हालसम्म आर्थिक अनुदान दिई दलित र सीमान्तकृत समुदायको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन होस्टेमा हैसे गर्ने यहाँहरू सम्पूर्णमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । एड्वानले २५ वर्षमा तथाकथितरूपमा दलित, अछूत बनाईएका र बहिष्करणमा पारिएका समुदायको परिवार, महिला दिदीबहिनीहरू र बालबालिकाहरूको हक अधिकार, शिक्षा, स्वास्थ्य, आर्थिकरूपमा आत्मनिर्भर, गुणस्तरीय जीविकोपार्जन र सशक्तिकरण दिलाउने अभियानमा आफूलाई अग्रणी नेपाली सामाजिक संस्थाका`रूपमा उभ्याउन सफल भएकोछ ।

एड्वानका यी विगत २५ वर्षहरू निक्कै फलदायी रहेको कुरा तथ्यांकहरूले देखाउँछ । एड्वानले प्रदान गर्दै आएको छात्रवृत्ति, विद्यार्थी पोशाक वितरण, बालकक्षा, प्रौढ शिक्षा, विविध क्षमता अभिवृद्धि तालिमबाट सर्लाही, गोरखा, बाग्लुङ्ग, तनहुँ, कैलाली, अर्घाखाँची, चितवन, मुगु, गुल्मि, झापा र ईलामका गरी २५ हजारभन्दा बढी विद्यार्थीहरू लाभान्वित भएकाछन् । त्यसैगरी, एड्वानले सन्चालन गर्दै आएको जीविकोपार्जन सम्बन्धी कृषि, पशुपालन, सिप विकास, उद्यमशीलता विकास लगायतका विभिन्न तालिमहरूबाट २३ हजारभन्दा बढी दलित, आदिवासी जनजाति र सीमान्तकृत दिदीबहिनीहरू लाभान्वित भएकाछन् । यसका साथै जातीय र लैंङ्गिक विभेद, दीगो विकास र सामाजिक जवाफदेहिता सम्वन्धी तालिमहरूबाट थप २६ हजारभन्दा बढी दिदीबहिनीहरू लाभान्वित भएकाछन् ।

साथै, महाभूकम्पको बेला ६,३७९ घर परिवारका २५ हजारभन्दा बढी जनता र कोरोना महामारीको बेला २६ हजार भन्दा बढी जनतालाई सेवा पुर्‍याउन सफल भएको छ । यसरी विगत २५ वर्षमा एक लाख ५० हजारभन्दा बढी जनताहरू लाभान्वित भएका छन् । के यी सूचकाङ्कहरूले परिवर्तन हाम्रै जीवनकालमा सम्भव छ भन्ने संकेत गर्दैनन् र ? हो, एड्वानको अथकित सामाजिक परिवर्तनको बाटोमा म एक जूनकिरीको रूपमा हिडिरहेकी छु अँध्यारोबाट उज्यालोतिर । आत्मसम्मानपूर्वक जीवन जिउँन पाउने हरेक मानवको नैसर्गिक हक प्राप्ति र सशक्तिकरण अभियानबाट समतामुलक समाज निर्माण गरेरै छाड्ने मेरो एड्वान मन्त्रणा, यत्न र यात्रा जीवनपर्यन्त जारी रहनेछ । Change is Possible ! परिवर्तन सम्भव छ ।

डा. विष्णुमाया परियार
संस्थापक अध्यक्ष एवं संरक्षक, एड्वान

Regd. No. 62/055/058

*"United Mission for Social Change"*

# दलित गैर सरकारी संस्था महासंघ
# DALIT NGO FEDERATION (DNF)

**Ref. No.:** 86/023

शुभकामना

Dalit NGO Federation

दलित तथा महिला माथि हुने भेदभाव, शोषण र अन्यायका विरुद्ध जनचेतना अभिवृद्धि गर्ने तथा गराउने, बचत महिला समूह मार्फत आर्थिक संकलन कार्य सुचारु गराई आर्थिक स्थितिमा आंशिक परिवर्तन ल्याउने, दलित तथा महिलाहरूलाई संगठित र एकबद्ध बनाउने र विभिन्न सिपमूलक, आयमूलक, व्यावसायमूलक तालिमहरु प्रदानगरी समूहमा सहभागी महिलाहरूलाई आर्थिक रुपले सबल बनाउने उद्देश्यले २०४५ सालमा स्थापना गरिएको नेपाल दलित महिला उत्थान संघ (एडुवान) २५ वर्ष पुगेकोमा खुसी लागेको छ । यो संस्थाले दलित समुदायको अधिकारको निम्ति पटक पटक भएका संघर्षका कार्यक्रममा योगदान गर्दै आएको मँ आफै पनि जानकार छु । त्यसैगरी दलित समुदायभित्र पनि दलित महिलाको उत्थानको निम्ति विदेशीकोषपार्जनका कार्यक्रम सञ्चालन गर्दै आएको र उनीहरूलाई आर्थिक रुपमा आत्मनिर्भरताको निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ भन्ने मलाई विश्वास लागेको छ । त्यसैगरी दलित समुदायको शिक्षाको निम्ति पनि छात्रवृत्ति प्रदान गर्नुका साथै, विद्यालय पोशाक, पुस्तक, कपि कलम लगायत अध्ययनसँग सम्बन्धित सामग्री प्रदान गर्दै आएको मेरो जानकारीमा छ । एडुवानले गर्दै आएको यी विभिन्न गतिविधिप्रति मलाई गर्व लागेको छ ।

नेपाली जनताको महत्वपूर्ण योगदान स्वरुप नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको पनि दशक भयो । २००७ सालको राजनीतिक परिवर्तन हुँदै २०४६ सालको आन्दोलन, माओवादी जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनपछि नेपालमा गणतन्त्र स्थापना भयो । दलित समुदायले अधिकार प्राप्ति र जातीय भेदभाव तथा छुवाछुत अन्त्यको निम्ति २००४ सालदेखि संगठित रुपमा विभेदका विरुद्ध आन्दोलन गर्दै आएको छ । तर पनि जातीय विभेद जस्ताको तस्तै छ । दलित समुदायको अवस्था उस्तै छ । दलित समुदाय सक्रिय रुपमा राजनीतिक पार्टीमा आबद्ध नभएको पनि होइन । तर आर्थिक, सामाजिक र राजनीतिक समानता राज्यको मूलधारबाट विमुख छन् । सदियौंदेखि जातीय भेदभाव तथा छुवाछुतको पिडा भोग्दै आएको यो समुदायको सरकार (कार्यपालिका) र संसद् (व्यवस्थापिका) मा सहभागिता नगन्ने मात्रामा छ । संविधानमा दलित समुदायको अधिकार सुनिश्चित गरिएपनि अहिलेसम्म कानुन निर्माण हुन सकेको छैन । अब प्राप्त अधिकारलाई संस्थागत गर्दै थप अधिकारको निम्ति दलित समुदायले संघर्ष गर्नुपर्ने छ । त्यसका लागि एडुवान लगायत अधिकारको निम्ति लाग्ने सबै संघ संस्था, दलित नागरिक समाज र दलित भातृ संगठनबीच एकता हुन आवश्यक छ ।

अन्त्यमा, संघले संस्था २५ वर्ष पुगेको उपलक्ष्यमा प्रकाशन गर्न लागेको 'स्मारिका' दलित समुदाय लगायत सबैको लागि उपयोगी बन्ने छ भन्नेमा विश्वस्त छु । यो स्मारिका दलित समुदायको निम्ति एउटा दस्तावेज बन्ने छ । रजत जयन्तीको अवसरमा सबैमा शुभकामना व्यक्त गर्दछु ।

२०७० भदौ ८

जे.बि. विश्वकर्मा
राष्ट्रिय अध्यक्ष

Head Office: Post Box No.9251, Chakupat-22, Mitra Road, Galli No.-6, Lalitpur, Nepal. Tel/Fax: 00977-1-5261912
Email: dnf@dnfnepal.org, Website: www.dnfnepal.org

# A Journey of Excellence: 25th Years of ADWAN



> **As we commemorate this milestone, let us also remember that our greatest achievements are yet to come. With your continued support and a shared vision for a brighter future, we are poised to create a legacy that will inspire generations to come.**

**Dear ADWAN Chairperson and Family**
It is with immense pride and gratitude that ADWAN to celebrate a significant milestone in the history. As you commemorate 25th years of unwavering commitment, innovation, and impact, we reflect on the remarkable journey that has brought us to this moment.

From the humble beginnings with only to do empowerment of marginalized women and girls to our current stature as a well-known rights based development organization has stood as a beacon of excellence, fueled by the dedication and collaborative spirit of each member of ADWAN family and the communities. Throughout the years, we have faced challenges and embraced opportunities, growing stronger and more resilient with every step.

This commemorative publication is more than just a reflection of our achievements; it is a tribute to the passion, hard work, and boundless creativity that have shaped ADWAN into what it is today. Through the stories shared within these pages, we celebrate the contributions of our founders, staff, partners, and supporters who have helped us turn dreams into reality. As we turn the pages of this publication, we invite you to journey through the milestones that have defined us – the breakthrough projects, the innovative solutions, and the meaningful collaborations that have left an indelible mark on development sector. It is a testament to our collective pursuit of excellence and our unwavering commitment to driving positive change in the world from the perspectives of excluded and marginalized segment of the society.

Today, as we look back with pride, we also look forward with anticipation. The future holds new challenges and opportunities that we are eager to embrace. With the same spirit of innovation and collaboration that has guided us thus far, we are poised to continue shaping the landscape of development sector and making a lasting impact on the lives of those people we reach. To our remarkable team, our steadfast partners, and our loyal supporters – thank you for being an integral part of this incredible journey. Your passion, dedication, and unwavering belief in our mission have been the driving force behind our success.

As we commemorate this milestone, let us also remember that our greatest achievements are yet to come. With your continued support and a shared vision for a brighter future, we are poised to create a legacy that will inspire generations to come.

Here's to ADWAN 25th years of excellence, and countless more to come.
With heartfelt congratulation, gratitude and excitement,

**Raj Kumar Trikhatri**
Thematic Adviser, ADWAN


ADWAN
Become a Catalyst for Change!
Change is Possible!
Agents of Change!
ADWAN Mission
ADWAN
What We Do?
Women Empowerment
Skill Development
Girls & Children
Ambitious Girls Fund
Sponsor A Child
Livelihood and Entrepreneurship
Thank YOU!
With best regards,
Donate with Confidence!
ADWAN continues to help community in need in Nepal but not without your continuous support. Please help us leap into equitable future.
You can also donate through ADWAN's Global Giving pledging page:
GlobalGiving's ADWAN page:
https://www.globalgiving.org/donate/67043/association-for-dalit-womens-advancement-of-nepal/
Please read on to learn how ADWAN built new partnerships, expanded community works, strengthened ongoing programs and launched new projects that will have lasting positive impact for the most needy people in rural Nepal.
Please visit our websites for update and information:

# विषयसूची


| | |
|---|---|
| नेपाल दलित महिला उत्थान संघ (एड्वान) | १७ |
| एड्वानका २५ वर्षका मुख्य उपलब्धीहरू | १९ |
| ADWAN's Impacts Factsheet 1998-2023 | २१ |
| एड्वान कार्यसमिति विगतदेखि वर्तमानसम्म | २२ |
| शिक्षामा समानताको निम्ति एड्वानको पहल | २५ |
| छात्रवृत्ति पाउँदा उत्साही छन् विपन्न विद्यार्थी | २६ |
| जीविकोपार्जनमा एड्वानको लामो यात्रा | २७ |
| कामना महिला समुह | २९ |
| 'एड्वानले आर्थिक रुपमा सम्पन्न हुने बाटो देखायो' | ३१ |
| आत्मनिर्भरताको बाटोमा चितवनका महिलाहरू | ३३ |
| एड्वानले मलाई जीउने बाटो देखायो | ३५ |
| कृषिबाट बदलिएको जीवन | ३६ |
| अधिकारको निम्ति एड्वानको सक्रियता | ३८ |
| न्यायको लागि एड्वानको पैरवी | ४१ |
| स्थापनाकालदेखि एड्वानको पैरवी | ४४ |
| एड्वानसँगका २५ वर्ष | ४९ |

| | |
|---|---|
| मेरो लागि एड्वान : दोस्रो अभिभावक | ५१ |
| एड्वानसँगको सहयात्रा | ५३ |
| एड्वानको संघर्षका दिनहरू | ५५ |
| एड्वानसँग बीस वर्ष | ५८ |
| एड्वान: दलित तथा महिलाको आशाको दियो | ६३ |
| Emergence of ADWAN for Women Empowerment | ६८ |
| एड्वानको पैरवी र दलित समुदायको प्रतिनिधित्व | ७२ |
| जातको समाजशास्त्र | ७५ |
| दलित समुदायमाथिको अपमान र समावेशी मुलुकको असमावेशी अभ्यास | ७८ |
| रैथाने शिल्पी अर्थात् सभ्यताका असली निर्माता | ८१ |
| Peace Corps' Influence Changed My Fate | ८४ |
| दलित बञ्चितिकरण र एड्वानको शिक्षा अभियान | ८७ |
| Women of Chitwan, Gorkha pursuing economic independence through farming | ८९ |
| ADWAN steadfast in its commitment tobankroll poor students' education | ९० |

| संस्थाको परिचय |

# नेपाल दलित महिला उत्थान संघ (एड्वान)

**आजको २१औं सताब्दीमा आएर पनि नेपालमा महिलाको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक स्तर पुरुषको तुलनामा निकै कमजोर रहेको देखिन्छ । यसको मुख्य कारक तत्व पितृसत्तात्मक सामाजिक संरचना र हिन्दु धर्मबाट प्रेरित कुरीति, कुसंस्कार, हिंसा, कुप्रथा र विभेदपूर्ण सामाजिक संरचना नै हुन् ।**

नेपाल दलित महिला उत्थान संघ (एड्वान), दलित समुदायका महिलाहरूको नेतृत्वमा आजभन्दा पचीस वर्ष अघि वि.सं. २०५५ साल श्रावण २८ गते जिल्ला प्रसाशन कार्यालय, काठमाडौमा दर्ता भई, समाज कल्याण परिषदमा आवद्ध भई वैधानिक तथा कानूनी रुपमा जन्मिएको संस्था हो । यस संस्थाले गरिवी, अशिक्षा, जातीय विभेद, लैङ्गिक विभेद, महिला तथा बालबालिका उपर हुने घरेलु हिंसा साथै विभिन्न प्रकारका उत्पीडन र शोषणमा परि अति पीडादायी जीवनयापन गर्न बाध्य पारिएका नेपालका विभिन्न स्थानमा रहेका दलित महिला तथा बालबालिकाको सशक्तिकरण र उत्थानका लागि कार्यहरू गर्दै आईरहेको छ ।

नेपाली समाजमा युगौंदेखि सामाजिक, धार्मिक, आर्थिक, शैक्षिक तथा राजनैतिक सम्पूर्ण क्षेत्रबाट पिछडिएका दलित समुदाय आजको एक्काईसौं शताब्दीमा पनि मानव कलंकको रुपमा रहेको जातीय छुवाछूत तथा भेदभावको अमानवीय कुसंस्कार भोग्न बाध्य छन् । समग्र नेपाली महिलाहरू पितृसत्तात्मक राज्यसत्ता र सामाजिक संरचनाले थोपारेको लैंगिक विभेदबाट हजारौं वर्षदेखि प्रताडित छन् तर नेपालका दलित महिलाहरू जातीय तथा लैङ्गिक भेदभावको दोहोरो शोषणको मारमा छन् । यिनै नेपाली दलित महिलाहरूको सशक्तिकरण गरी उनीहरूलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गराई आत्मनिर्भर तथा स्वावलम्बी वनाउनका लागी एड्वानले विविध कार्यक्रमहरू सन्चालन गर्दै आएको छ ।

एड्वानले आफ्नो स्थापना कालदेखि नेपाली समाजमा विद्यमान जातीय तथा लैङ्गिक विभेदका विरुद्ध विभिन्न प्रकारका कार्यक्रममार्फत दलित तथा दलित महिलालाई सशक्तिकरण र सचेतीकरण गर्दै आईरहेको छ । दलित महिलालाई एकिकृत गराई वचत समूहमा संगठित बनाउनु, वालवालिकालाई अनिवार्य शिक्षामा जोड दिनु, महिला शिक्षालाई अधिक प्राथमिकता दिनु, आयआर्जनमूलक तालिम तथा साना व्यवसाय, महिला तथा मानव अधिकार, महिला स्वास्थ्य तथा सरसफाई, स्थानीय सामुदायिक समूहमा तथा राजनैतिक सहभागिता जस्ता विषयमा जनचेतनामूलक कार्यक्रम संचालन गरी लक्षित समुदायलाई सचेत वनाउने साथै दलित महिला तथा बालबालिकाको हक, हीत र अधिकारको संरक्षण र संवर्द्धन गर्दै उनीहरूको जीवनस्तरमा परिवर्तन ल्याउने र दलित बाल-बालिकामा प्राथमिक, माध्यमिक तथा उच्च माध्यमिक शिक्षा आर्जनका लागि सहयोग गर्दै समतामूलक समाजको स्थापना गर्ने यस संस्थाको मूल उद्देश्य रहेको छ ।

**संस्थाको परिकल्पना**

दलित महिलालाई राज्य सञ्चालनको मूलप्रवाहमा ल्याउन सशक्तिकरण, सचेतीकरण तथा समग्र क्षेत्रको सवलीकरण गर्दै हक-अधिकार सुनिश्चित भएको शान्तिपूर्ण र समतामूलक समाजको निर्माणका लागि कार्य गर्ने यस संस्थाको परिकल्पना रहेको छ ।

**लक्ष्य**

दलित तथा महिला विरुद्ध गरिने सवै प्रकारका विभेदको अन्त्य तथा शैक्षिक, आर्थिक तथा राजनैतिक सक्षमता, स्वस्थ्य तथा सम्पूर्ण क्षेत्रका अधिकारको सुनिश्चित समाज निर्माणका लागि कार्य गर्नु यस संस्थाको लक्ष्य रहेको छ ।

**उद्देश्य**

- दलित तथा महिला माथि हुने भेदभाव, शोषण र अन्यायका विरुद्ध जनचेतना अभिवृद्धि गर्ने तथा गराउने ।
- बचत महिला समूहमार्फत आर्थिक संकलन कार्य सुचारु गराई आर्थिक स्थितिमा परिवर्तन

ल्याउने ।
- दलित तथा महिलालाई संगठित र एकीकृत बनाउने ।
- विभिन्न सीपमूलक, आयमूलक, व्यवसायमूलक तालिम प्रदान गरी समूहमा सहभागी महिलालाई आर्थिक रुपले सवल बनाउने ।
- सभा, गोष्ठी तथा अन्तरक्रियात्मक कार्यक्रम राखी महिला अधिकार, बालअधिकार तथा विभेदविरुद्ध जनचेतना अभिवृद्धि गराउने ।
- दलित बालबालिकालाई अनिवार्य शिक्षामा जोड दिने ।
- महिलाको दीगो सशक्तिकरण र सचेतीकरण गरी विकासको मूलप्रवाहमा ल्याउने ।

**कार्यक्रम कार्यान्वयन रणनीति**
- कार्यक्षेत्रगत अनुगमन तथा आवश्यकताको मूल्याङ्कन ।
- आवश्यकता र स्थल अनुसार कार्यक्रम तर्जुमा गर्ने ।
- स्वयम् सेवक तथा कार्यकर्ता नियुक्त गरी परिचालन गर्ने ।
- सामाजिक कार्यकर्ता तथा बुद्धिजीविको प्रत्यक्ष सहभागितामा कार्यक्रम गर्ने ।
- सम्पूर्ण तहका कार्यकर्तामा क्षमता अभिवृद्धि गराउने ।
- सम्बन्धित स्थान र लक्षित वर्गमा पुगी कार्यक्रमको सही सदुपयोग गर्ने ।
- कार्यक्रम दीर्घकालिन बनाउनका लागि समूह, व्यक्ति विशेष तथा स्थानीय स्तरमा सञ्जाल विस्तार गर्ने ।

**नियमित कार्यक्रमहरू**

नेपाल दलित महिला उत्थान संघले आफ्नो परिकल्पना, लक्ष्य र उद्देश्य प्राप्तिका लागि ग्रामिण क्षेत्र र लक्षित समुदायमा विशेषगरी दलित र विपन्न महिला तथा बालबालिकाका लागि निम्न कार्यक्रमहरू नियमित रुपमा सञ्चालन गर्दै आईरहेको छ । यस संस्थाले आफ्नो आयश्रोत र क्षमता अनुसार निम्न कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ ।
- दलित महिला समूह गठन कार्यक्रम
- बालशिक्षा कार्यक्रम
- अधिकार प्राप्तिका लागि जनचेतना कार्यक्रम
- सचेतनाका लागि सभा, गोष्ठी र अन्तर कृया कार्यक्रम
- अर्धवार्षिक कार्यक्रम तथा समूह अनुगमन कार्यक्रम
- छात्र-छात्रालाई विद्यालय पोषाक वितरण कार्यक्रम
- जेहेन्दार छात्रवृत्ति वितरण कार्यक्रम
- सीपमूलक तथा आयमूलक तालिम कार्यक्रम
- महिला शिक्षा तथा प्रौढशिक्षा कार्यक्रम

**नेपाल दलित महिला उत्थान संघले आफ्नो परिकल्पना, लक्ष्य र उद्देश्य प्राप्तिका लागि ग्रामिण क्षेत्र र लक्षित समुदायमा विशेषगरी दलित र विपन्न महिला तथा बालबालिकाका लागि विविध कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै आईरहेको छ ।**

- सम्पूर्ण विभेद विरुद्ध मावन अधिकार कार्यक्रम
- वचत तथा ऋण पारिचालन कार्यक्रम
- ग्रामिण सहकारी (वचत तथा ऋण सहकारी) कार्यक्रम
- साना व्यवसायका लागि ऋण कार्यक्रम
- स्वास्थ्य तथा सरसफाई कार्यक्रम
- महिला तथा प्रजननस्वास्थ्य कार्यक्रम
- कृषि सम्बन्धि तालिम कार्यक्रम
- महत्वकांछी छात्राकोष (उच्चशिक्षा ११ र १२) कार्यक्रम र
- महत्वकांछी छात्राकोष (प्राविधिक शिक्षा) कार्यक्रम ।

**संस्थाको वर्तमान अवस्था**

नेपाल दलित महिला उत्थान संघ, आ.व. २०७९/०८० को समाप्तिसँगै आफ्नो २५ बर्षे कार्यकाल पुरा गरी २६ वर्षमा प्रवेश गरेको छ । स्थापनाकालदेखि विभिन्न सहज-असहज, सरल-कठिन तथा उतार-चडाउका चरणहरू पारगर्दै संस्था आज यो स्थानसम्म पुग्न सफल भएको छ । स्थापना पश्चातका केही वर्षसम्म निष्कृय रहेको संस्थालाई यहाँसम्म पुऱ्याउन यस संस्थाकी संस्थापक अध्यक्ष डा. विष्णुमाया परियार, एड्वानको अमेरिकास्थित भगिनी संस्थाहरू एड्वन र फ्रेण्ड्स अफ एड्वान, एड्वान समूहमा आवद्ध महिला, बालावालिका तथा केन्द्र देखि स्थानियस्तरका कर्मचारीहरूको पनि ठूलो योगदान रहेको छ । संस्थाले महिला तथा बालबालिकाको क्षेत्रमा पुऱ्याएको योगदानलाई कदर गर्दै संस्थापक अध्यक्ष तथा संरक्षक डा. विष्णुमाया परियार, अन्तर्राष्ट्रिय स्तरमा प्रदान गरिने थुप्रै पुरस्कारहरूबाट विभुषित भईसक्नुभएको छ । यसरी अन्तर्राष्ट्रिय जगतबाट प्राप्त सम्मान र पहिचानले आगामी वर्षहरूमा अझै बृहत योगदान पुऱ्याउन उत्साह जगाएको छ । साथै आगामी वर्षहरूमा यो भन्दा पनि बृहत्तर र उपलब्धि प्रदायक कार्यक्रमहरू सञ्चालन गर्ने यस संस्थाले लक्ष्य लिएको छ ।

आजको २१औं सताब्दीमा आएर पनि नेपालमा महिलाको आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक स्तर पुरुषको तुलनामा निकै कमजोर रहेको देखिन्छ । यसको मुख्य कारक तत्व पितृसत्तात्मक सामाजिक संरचना र हिन्दु धर्मबाट प्रेरित कुरीति, कुसंस्कार, हिंसा, कुप्रथा र विभेदपूर्ण सामाजिक कानून नै हुन् । सबै तह र उमेरका महिला पुरुषप्रधान समाजद्वारा निर्मित कुसंस्कारी सामाजिक संरचनाको परिधी भित्र रहनुपर्ने अवस्थाले आजसम्म महिलालाई अगाडि बढ्नबाट बञ्चित गराएको तीतोसत्य हामी सामु छर्लङ्गै छ । तसर्थ नेपाल दलित महिला उत्थान संघ दलित महिलाको हक, हित र अधिकारको लागि उपलब्धिमूलक कार्यक्रमहरू सञ्चालन गर्न अझ प्रतिवद्ध छ ।

# एड्वानका २५ वर्षका मुख्य उपलब्धीहरू

**नेपाल दलित महिला उत्थान संघ एड्वानले शिक्षा, साक्षरता, नेतृत्व, बचत समुह, सशक्तिकरण र जागरूकता कार्यक्रमहरू मार्फत महिला तथा वालवालिकाको क्षेत्रमा काम गर्दै आएको छ। विशेष गरी बालबालिकाको शिक्षा, घरेलु हिंसा र जातीय-वर्ग-लैङ्गिक सम्बन्धको बारेमा सचेतना अभिवृद्धि, आर्थिक स्वतन्त्रता र आत्मसम्मान बढाउन, एकता र राष्ट्रिय गौरवको भावना जगाउने प्रकारका क्रियाकलापहरू गर्दै आएको छ। यहाँ महिला र बालबालिकामा परेका सकारात्मक प्रभाव बारे केही तथ्यहरू प्रस्तुत गरिएको छ। ई.सं. १९९८ देखि २०२३ सम्म कुल १५०,४४६ महिला तथा किशोरीहरू लाभान्वित भएका छन्।**

**महिला समुह:**

- हालसम्म २२३ महिला समुह आवद्ध भएको छन्, भने गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ, गुल्मी, कैलाली, मुगु, झापा, ईलाम, पाल्पा र रुपन्देहीका ५,८८० महिला तथा किशोरीहरू प्रत्येक रुपमा सहभागी भएका छन्। समग्रमा एड्वानको कार्यक्रमहरूबाट जम्मा २३,१४० महिला तथा किशोरीहरू लाभान्वित भएका छन्।

**किशोरी शिक्षा:**

- विद्यालय पोषाक वितरण कार्यक्रम: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ, गुल्मी, कैलाली, मुगु, झापा, र ईलामका गरी जम्मा १६,७४५ जना किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- व्यक्तिगत छात्रवृत्ति कार्यक्रम: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ, गुल्मी, पर्वत र कैलालीका जम्मा १,०२३ विद्यार्थीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- महत्वकांक्षी छात्राकोष: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन र पर्वतका जम्मा ६६६ जना किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- प्राविधिक शिक्षा सहयोग कार्यक्रम: एड्वानको कार्यक्षेत्र तथा बाहिरका जम्मा १९ जना किशोरीहरू नर्स, अनमी, सीएमए, ल्याव टेक्निसियन, जेटिए, वकिल तथा अन्य स्वास्थ्य जस्ता विषय अध्ययनगरी स्वरोजगार बनेका छन्। वालकक्षा कार्यक्रम: गोरखा र वागलुङ्गका गरी जम्मा ३,४५० वालवालिकाहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- प्रौढशिक्षा कार्यक्रम: समुहमा आवद्ध ३,३२१ महिला यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- दिवा हेरचाह केन्द्र: रत्ननगर, चितवनका सुकुम्बासी क्षेत्रका १४ वालिकाहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।

**यस किशोरी शिक्षा कार्यक्रमबाट जम्मा २५,२३८ किशोरीहरू लाभान्वित भएका छन्।**

**जीविकोपार्जन:**

- आधारभूत सीप विकास तालिम (७ दिने): गोरखा, बागलुङ्ग, अर्घाखाँची, र चितवन र कैलालीका जम्मा ५,२३० महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- मध्यम समयको सीप विकास तालिम (२८ दिने): गोरखा, बागलुङ्ग, अर्घाखाँची, र चितवनका जम्मा १,३९८ महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- उद्यमशीलता क्षमता विकास तालिम: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ, मुगु, झापा र ईलामका जम्मा ६,४३० महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- साना तथा मझ्यौला व्यवसाय सञ्चालन तालिम: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ, मुगु, झापा र ईलामका जम्मा ५,०४१ महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- साना व्यवसाय वीउपूँजी सहयोग: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ मुगु, झापा र ईलामका जम्मा ५,०४१ महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।

*यस जीविकोपार्जन कार्यक्रमबाट जम्मा २३,१४० महिला तथा किशोरीहरू लाभान्वित भएका छन्।*

**मानव तथा महिला अधिकार:**

- लैंगिक विभेद विरुद्ध कार्यशाला गोष्ठी: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ, मुगु, झापा र ईलामका जम्मा ६,४६५ महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- जातिय विभेद विरुद्ध कार्यशाला गोष्ठी: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ, मुगु, झापा र ईलामका जम्मा ६,४६५ महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- जातिय विभेद तथा छुवाछुत (कसूर र सजाय) ऐन २०६८ को सम्बन्धमा कार्यशाला गोष्ठी: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, तनहुँ, मुगु, झापा र ईलामका जम्मा ५,५३५ महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- नेपालको संविधानमा सुनिश्चित गरिएका मानव अधिकारको बारेमा कार्यशाला गोष्ठी: गोरखा, बागलुङ्ग, अर्घाखाँची, चितवन, र तनहुँमा जम्मा ४,५२५ महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- दिगो विकास लक्ष्य सम्बन्धि कार्यक्रम: गोरखा, बागलुङ्ग, चितवन र तनहुँका जम्मा १,५०० महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- सामाजिक जवाफदेहिता औजार सम्बन्धि तालिम: गोरखा, बागलुङ्ग, चितवन र तनहुँका जम्मा १,३४० महिला तथा किशोरीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन्।
- क्षमता विकास कार्यक्रम: यस कार्यक्रम मार्फत कार्यसमिति, कर्मचारी सहीत ६८६ महिला तथा किशोरीहरू लाभान्वित भएका छन्।

*यस कार्यक्रमबाट २६,४६४ महिला तथा किशोरीहरू लाभान्वित भएका छन्।*

**गोरखा भूकम्प २०१५ राहत कार्यक्रम :**

- अस्थाई टहरा, शौचालय, सुधारिएको जुठेल्नो र धुँवा रहीत चुलो कार्यक्रमः क्षमता विकास कार्यक्रमः यस कार्यक्रम मार्फत गोरखाका ६,३७९ घरधुरी र औसतमा २५,४९६ जना पूरुष, महिला र किशोरीहरू लाभान्वित भएका छन् ।

**कोभिड–१९ राहत कार्यक्रमः**

- खाद्यान्न राहत वितरणः १,१७२ घरधुरीका ४,३७६ जना पुरुष, महिला तथा किशोरीहरू।
- कामको लागि दामः ३७५ घरधुरीका १,३७५ जना पुरुष, महिला तथा किशोरीहरू ।
- औषधि, उपकरण तथा सुरक्षा सामग्रीः शहिद लखन तथा जम्माजम्मी २१,५७५ जना पूरुष, महिला तथा किशोरीहरू लाभान्वित भएका छन् ।

*कोभिड-१९ राहत कार्यक्रमबाट २७,३२६ महिला तथा किशोरीहरू लाभान्वित भएका छन् ।*
*२०५७ देखि हालसम्मका जम्मा लाभान्वित संख्याः १५०,४४६ जना ।*

**अन्य कार्यक्रमहरूः**

- एड्वानलगायत दलित समुदायले गरेको पटक पटकको संयुक्त संघर्षबाट नेपालको संविधान (२०७२) को धारा २४ मा 'छुवाछूत तथा भेदभावविरुद्धको हक' र धारा ४० मा 'दलितको हक' सुनिश्चित गर्न सफल भएको छ ।
- विभिन्न पार्टीमा आबद्ध दलित नेताहरू, भातृ संगठन, दलित नागरिक समाज, एड्वान लगायत दलित गैरसरकारी संघ/संस्थाको पहलमा 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८' जारी गरिएको ऐन जारी भएर कार्यान्वयनमा छ ।
- बालुवाटार सत्याग्रहः १०६ दिने यो अभियान महिलामाथि हुने हरेक प्रकारका हिंसाको विरुद्धमा विभिन्न संघसंस्थाको सहभागितामा काठमाडौंमा भएको थियो । त्यो अभियानमा एड्वानको शुरुदेखि अन्त्यसम्मनै सक्रिय सहभागिता रहेको थियो ।
- बेलवारी घटनाः मिति २०७० साल साउन ६ गते मोरङको बेलवारीमा माया सार्कीमाथि कथित उपल्लो जातको व्यक्तिले जबरजस्ती करणी गर्ने प्रयास गरेको तर पीडकको आफन्तले नै पीडितलाई जुत्ताको माला लगाई गाली बेइज्जत गरेको घटनाको यथार्थ छानविन र विरोध कार्यक्रममा एड्वानले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।
- रौटहट घटनाः रौतहतको एक दलित परिवारका केटाकेटी विवाह गरेर मन्दिरमा टिका लगाउन जादा त्यहाका गैरदलितले दलितलाई कुटपिट गर्ने र घर भत्काइदिने काम गरे । त्यसको विरोधमा विभिन्न दलित संघसंस्था र एडवानले धर्ना बस्ने, प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाउने काम गऱ्यो ।
- अधिकारका लागि अभियानः यो अभियान मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूको हक अधिकारको क्षेत्रमा काम गर्न गठन गरिएको खुल्ला सञ्जाल हो । मनोरञ्जनको क्षेत्रमा लागेका महिलाहरूको हक अधिकारका लागि विभिन्न कार्यक्रममा नेतृत्व तथा सहभागीतामा जनाएको थियो ।
- मानव अधिकार महाभेलामाः ६४औं अन्तर ाष्ट्रिय मानवअधिकार दिवसको अवसरमा नेपालमा (मानव अधिकार महाभेला २०६९ मा एड्वानले सचिवालय तथा विषयगत समितिमा रहेर आफ्नो भूमिका निर्वाह गरेको थियो ।
- महिला हिंसा विरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा आयोजित धर्ना कार्यक्रममा एड्वानको सहभागिता रहेको थियो । महिला हिंसा र बलात्कार विरुद्धको फाष्ट ट्र्याक कोर्ट गठन गर्नको लागि माँग राख्दै धर्ना कार्यक्रम र सहकार्यको लागि अभियानसँग मिलेर विश्व शान्ति दिवशका विभिन्न कार्यक्रममा सहभागी हुनुका साथै रसुवाको कुमार नेपालीको घट्ना लगायत दलित तथा महिला माथि हुने सवै प्रकारका हिंसा विरुद्ध एडवानको सक्रिय सहभागिता थियो ।
- एड्वानले देशैभरी भएका जातीय भेदभाव तथा छुवाछूतका घटनामा पीडितको पक्षमा वकालत गरी न्याय दिलाउनका लागि पैरवी गर्दै घटनामा संलग्न अधिकांश दोषीलाई कारवाहीगरी न्याय दिलाउन सफल भएको छ ।
- एड्वानलगायत दलित समुदायको निरन्तरको आन्दोलन र पैरवीले सम्वन्धित निकायमा दबाब सृर्जना भई गाउँपालिका, नगरपालिका, उपहानगरपालिका र महानगरपालिमा दलित र दलित समुदायभित्र पनि दलित महिलाको प्रतिनीधित्व सुनिश्चित हुनुका साथै प्रतिनीधित्व बढ्दै गएको छ ।
- दलित तथा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्वको निम्ति एड्वानले आफ्नो तर्फबाट सुरुदेखि नै संघर्ष गर्दै आएको छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका हरेक संरचनामा दलित समुदायको केही मात्रामा भएपनि सहभागिता सुनिश्चित भएको छ ।
- आमाको नामबाट नागरिकता पाउनु पर्छ भन्ने सवालमा एड्वानलगायतका संघ/संस्थाले सुरुदेखि नै विभिन्न तबरबाट पैरवी गर्दै आन्दोलनमा सहभागिता जनाएका थिए । अहिले आमाको नामबाट नागरिकताको व्यावस्था भएको छ ।
- एड्वानले बलात्कारजन्य घटनाको सवालमा विगत लामो समयदेखि आन्दोलन र पैरवी गर्दै आएको छ । संस्थाले बलात्कारीलाई कडा भन्दा कडा कारवाही हुनुपर्ने, पीडितलाई न्याय दिनुपर्ने माँग गर्दै विभिन्न समयमा संघर्षका कार्यक्रम गर्दै आएको छ । पैरवी र अभियानसँगै बलात्कार सहनु हुँदैन भन्ने जनचेतना अभिवृद्धि भएपछि पछिल्लो समयमा बलात्कारका घटनाहरू बाहिर आउन थालेका छन् ।
- एड्वानले देशका विभिन्न स्थानमा सञ्चालन गरेको नेतृत्व विकास तालिमका कारण अहिले दलित महिलाहरू आफ्नो अधिकार स्थानीय तहसँग माग्न र लिन सक्ने भएका छन् । यो एड्वानले २५ वर्षमा प्राप्त गरेको उपलब्धी हो ।
- एड्वानले आफ्नो स्थापनाकाल देखिनै जीविकोपार्जन अन्तर्गत स्थानीय स्तरका महिलालाई आर्यआर्जमुखी सीप विकास तालिम सञ्चालन गर्दै आई रहेको छ । उक्त तालिमबाट आर्जन गरेको सीपलाई महिला तथा किशोरीहरूले आम्दानीको स्रोत बनाउँदै आएका छन् । कृषि तथा गैरकृषिको क्षेत्रमा धेरै महिला तथा किशोरीहरू साना व्यवसायी बनेका छन् भने केही महिला तथा किशोरीहरू आफ्नो लागि घरमै अर्गानिक तरकारी उत्पादन गर्न सक्ने भएका छन् ।
- 'छोरीलाई पढाउनु हुँदैन' भन्ने मान्यता समाजमा अहिले पनि जीवितै छ तर एड्वानले महिलालाई सीप विकास र नेतृत्व विकासको तालिमसँगै छोरीलाई पढ्नका लागि छात्रवृत्तिको व्यवस्था गर्न थाल्यो । त्यसपछि समाजमा 'छोरीलाई पनि पढाउनुपर्ने रहेछ' भन्ने चेतनाको विकास भएको छ । एड्वानले सीप तथा नेतृत्व विकासका तालिमहरू सञ्चालन गरेको र छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेका ठाउँहरूमा छोरीलाई पनि विद्यालय पठाउनेको संख्यामा निकै वृद्धि भएको पाइएको छ ।
- एड्वानले नेतृत्व विकासको तालिम सञ्चालन गर्नुअघि अधिकांश महिलाहरूलाई महिला हिंसाको बारेमा जानकारी नै थिएन । तर अहिले 'हिंसा सहनु हुँदैन' रहेछ भन्ने चेतनाको विकास भएपछि महिला हिंसाका घटनामा केही मात्रामा भएपनि कमी आएको छ, घरेलु हिंसामा कमी आएको छ र महिलाहरू हिंसा विरुद्ध बोल्न सक्ने भएका छन् ।
- एड्वानले जीविकोपार्जन अन्तर्गत समूह गठनगरी कृषि, पशुपालन र साना उद्योग सम्वन्धि तालिम दिनुका साथै, वीउ, आवश्यक औजार तथा मेशिन समेत प्रदान गर्ने गरेको छ । अहिले स्थानीय तहका महिला तथा किशोरीहरूले पशुपालन र कृषिमार्फत राम्रो आम्दानी लिन थालेका छन् । आम्दानी हुन थालेसँगै महिला तथा किशोरीहरू आर्थिक रुपमा सम्पन्न हुदै आत्मनिर्भर बन्दै छन् । परिवारमा अन्य सदस्यको आम्दानी नहुँदा पनि घर खर्च चलाउन सक्ने भएका छन् । वचत गर्ने वानिको विकास हुनुका साथै वचत गर्न थालेका छन् ।
- एड्वानले दिएको नेतृत्व विकास, कृषि र पशुपालन तालिका कारण स्थानीय तहका महिलाहरू आफै प्रशिक्षक भएका छन् । कृषि, पशुपालन, लैङ्गिक समानता र नेतृत्व विकाससम्वन्धी आफैले तालिम दिन सक्ने भएका छन् ।

# ADWAN's Impact Factsheet 1998-2023

Association for Dalit Women's Advancement of Nepal (ADWAN) works through education, literacy-led saving groups and awareness programs and ADWAN women become catalysts for social change, especially in terms of children's education, awareness on domestic violence and caste-class-gender relations. ADWAN aims to foster a measure of economic independence and education, to boost self-esteem, and to instill solidarity and a sense of national pride. Here are some measured ADWAN facts about positive impact on women and children. The total of 98,624 women and girls were benefited from ADWAN's works from 1998 through 2023.

**Women Groups**

1. There are total of 223 Women groups affiliated with ADWAN. In these groups, 5,880 women and girls are directly involving as member from Gorkha, Baglung, Arghakhanchi, Chitwan, Tanahu, Gulmi, Kailali, Mugu, Jhapa, Ilam, Kailali, Gulmi, Palpa and Rupendehi. And, total of 23,140 women and girls are benefited.

**Girls Education**

1. School Uniform Distribution program: Total of 16,745 students of Gorkha, Baglung, Arghakhanchi, Chitwan, Sarlahi, Tanahu, Gulmi, Mugu, Jhapa and Ilam.
2. Individual Sponsorship Program: Total of 1,032 students of Gorkha, Baglung, Arghakhanchi, Chitwan, Gulmi, Kailali, Parpat, Tanahu and Sarlahi.
3. Ambitious Girls' Fund: Total of 666 Girls from of Gorkha, Baglung, Arghakhanchi, Chitwan, Gulmi, Kailali, Parpat, Tanahu and Sarlahi.
4. Technical Education support: Total of 19 girls (Staff Nurse, ANM, CMA, Lab Technician, JTA, Law and other health education)
5. Early Child Education Program: Total of 3,450 children of Gorkha and Baglung.
6. Adult Education Classes: Total of 3,321 Adults Women from affiliated groups.
7. Other Capacity Enhancement training: Total of 686 women and girls including board members and staffs.
8. Day care Center: Total of 14 girls from slum areas of Ratnanagar, Chitwan.

**Total beneficiaries: 25,880 girls and boys.**

**Livelihood**

1. Basic Skill Development training (7 day): Total of 5,230 Women and Girls of Gorkha, Baglung, Arghakhanchi, Chitwan, Tanahu, Mugu, Jhapa and Ilam.
2. Short-term Skills development Training (28 days): Total of 1,398 women and girls Gorkha, Baglung, Arghakhanchi, Chitwan, Tanahu, Mugu, Jhapa and Ilam.
3. Entrepreneurship Capacity Development Training: 6,430 women and girls of Gorkha, Baglung, Arghakhanchi, Chitwan, Tanahu, Mugu, Jhapa and Ilam.
4. SMEs Establishment Training: Total of 5,041 women and girls.
5. Seed fund support to SMEs: Total of 5,041 women and girls.

**Total beneficiaries: 23,140 women and girls.**

**Rights**

1. Workshop against "Gender Based Violence": Total of 6,465 Women & Girls of Gorkha, Baglung, Arghakhanchi, Chitwan, and Tanahu.
2. Workshop against "Caste based Discrimination": Total of 6,465 women & Girls of Gorkha, Baglung, Arghakhanchi, Chitwan, and Tanahu.
3. Workshop on " The Caste-Based Discrimination and Untouchability (Offence and Punishment) Act, 2068 (2011): Total of 5,535 women and girls.
4. Workshop on "Human Rights provisioned in Constitution of Nepal": Total of 4,525 women and girls.
5. Awareness program on SDGs: Total of 1,500 women and girls
6. Training on Social Accountability Tools: Total of 1,340 Women and girls
7. Capacity Development Training: Total of 634 women and girls.

**Total beneficiaries: 26,464 women and girls.**

**COVID 19, Relief Beneficiaries:**

1. Food Item: Number of Household : 1,172 (4,376 persons)
2. Cash for Work: Person: 375

**Total beneficiaries: 5,751 people**

3. Medical/Surgical: Community people: Approx. 21,575 of Shahid Lakhan & Gandaki Rural Municipality through the 14 health posts of Shahid Lakhan and 4 health post of Gandaki Rural Municipality.

**Total Covid-19 relief beneficiaries: 27,326**

1. Earthquake relief beneficiaries: 6,379 households x 4:

**Total beneficiaries: 25,496 people**

**Total ADWAN benefited so far: 150,446 + people**

## कार्य समिति

# एड्वान कार्यसमिति विगतदेखि वर्तमानसम्म
## २०५५–२०७९

**संस्थापक कार्यसमिति** (२०५५)
अध्यक्ष : विष्णुमाया परियार
उपाध्यक्ष : अनिता परियार
सचिव : रुपा बराइली
कोषाध्यक्ष : सुश्मा परियार
सदस्य : सीता परियार
सदस्य : पम्फा परियार
सदस्य : राममाया परियार

**निर्वाचित कार्य समिति** (२०५९)
अध्यक्षः सीता परियार
उपाध्यक्षः गौरा नेपाली
सचिवः गोमा सुनार
कोषाध्यक्षः पम्फा परियार
सदस्यः बिन्दु परियार
सदस्यः रूपा बराईली
सदस्यः कमला वर्देवा

**निर्वाचित कार्यसमिति** (२०६३)
अध्यक्ष : विष्णुमाया परियार
उपाध्यक्ष : गौरा नेपाली
सचिव : विन्दु परियार
कोषाध्यक्ष : पम्फा परियार
सदस्य : रुपा बराइली
सदस्य : गीता परियार
सदस्य : हिरा सुनार
सदस्य : सिमा नेपाली

**निर्वाचित कार्यसमिति** (२०६६)
अध्यक्ष : विष्णुमाया परियार
उपाध्यक्ष : गौरा नेपाली
सचिव : विन्दु परियार
कोषाध्यक्ष : पम्फा परियार
सदस्य : सीमा नेपाली
सदस्य : गीता परियार
सदस्य : राममाया विक
सदस्यः पम्फा नेपाली
सदस्यः सपना सुनार

**निर्वाचित कार्यसमिति** (२०७०)
अध्यक्ष : विष्णुमाया परियार
उपाध्यक्ष : गौरा नेपाली
सचिव : विन्दु परियार
कोषाध्यक्ष : पम्फा परियार
सदस्य : गीता परियार
सदस्य : पम्फा नेपाली
सदस्य : सपना सुनार
सदस्य : सपना परियार

**निर्वाचित कार्यसमिति** (२०७३)
अध्यक्ष : पम्फा परियार
उपाध्यक्ष : सपना सुनार
सचिव : विन्दु परियार
कोषाध्यक्ष : पम्फा नेपाली
सदस्य : माया लम्साल
सदस्य : राममाया विक
सदस्य : सरस्वति किसान
सदस्य : तिर्थाकुमारी विक

**निर्वाचित कार्यसमिति** (२०७६)
अध्यक्ष : पम्फा परियार
उपाध्यक्ष : पम्फा नेपाली
महासचिव : विन्दु परियार
सचिवः तिर्थाकुमारी विक
कोषाध्यक्ष : सपना सुनार
सदस्य : माया लम्साल
सदस्य : राममाया विक
सदस्य : सपना परियार

**निर्वाचित कार्यसमिति** (२०७९)
अध्यक्ष : विन्दु परियार
उपाध्यक्ष : तिर्थाकुमारी विक
महासचिव : पम्फा परियार
सचिवः पम्फा नेपाली
कोषाध्यक्ष : सपना सुनार
सदस्य : सपना परियार
सदस्य : राममाया विक

**हालसम्मका सल्लाहकारहरू**
मा. जीवन परियार
मा. सुजाता परियार
मा. विनोद पहाडी
मा. निरा जैरु
उच्च अदालतका न्या. रत्नबहादुर वागचन्द
पूर्व महामहिम राजदूत पद्‌म सुन्दास
गोपालबहादुर थापा
मखन बाबु परियार
प्रदीप परियार थापा मगर
डा प्रमोद ढकाल
डा द्रोण रसाइली
गोपालकृष्ण शिवाकोटी
भद्रमान मोते
प्रदीप परियार

# एड्वान र यसका गतिविधि

# शिक्षामा समानताको निम्ति एड्वानको पहल

**वि.सं. २०७० मा विशेष छात्रवृत्ति तथा उच्च शिक्षा छात्रवृत्ति वितरण कार्यक्रम अन्तर्गत १११ जना बालबालिकालाई छात्रवृत्ति तथा २६ जना छात्राहरूलाई उच्च शिक्षा हासिल गर्नका लागि रकम उपलब्ध गराईएको र एक जना विद्यार्थीको आमाको उपचार गर्नका लागि औषधि उपचार खर्च बापत १० हजार ५०० उपलब्ध गराईयो ।**

अधिकार भन्नाले कानूनी रुपमा, नैतिक र परम्परागत रुपमा दिइने सुविधा हो । विस्तृत रुपमा भन्ने हो भने अधिकार भनेको नियम कानूनले, न्यायसंगत रुपमा संरक्षित सुविधा हो । बालबालिकालाई राम्रो शिक्षा दीक्षा दियो भने भोलि परिवार र समाजका लागि एक सफल, सक्षम र जिम्मेवार व्यक्ति बन्न सक्छन् । बाल्यकाल मानव जीवनको शुरुवाती अवस्था हो जसमा माया, ममता र उचित शैक्षिक वातावरण, श्रोत र साधनसँगै हेरचाह र इमान्दारीता टड्कारो रुपमा आवश्यक देखिन्छ । आजका बालक भोलिका कर्णधार हुन्, समाजको विकास यीनै भविष्यका कर्णधारमाथि निर्भर गर्दछ । उनीहरू खासगरी आर्थिक र सामाजिक विकासका आधार शिला हुन ।

भोलिका दिनमा सक्षम, ईमान्दार, जिम्मेवार, नेतृत्वदायी र कुशल नागरिक बनोस भन्ने कुरालाई मध्ये नजर गरी युएनले सन् १९८९ मा Convention on the Rights of Child घोषणा गर्यो । नेपालले पनि उक्त बालबालिकाको अधिकार सम्बन्धि अनुबन्धलाई अनुमोदन गरेको छ । यसले बालबालिकाको शिक्षा स्वास्थ्य, नाबालिगहरूको न्याय (Juvenile Justice) देखि लिएर एउटा सहज, विभेदरहित वातावरणमा बालबालिबालाई हुर्काउने, बढाउने, र सुरक्षित राख्ने कुरालाई अंगिकार गरेको छ । उक्त बालबालिका सम्बन्धी अनुबन्धको धारा २० ले हरेक बालबालिकालाई शिक्षाको अधिकार सुनिश्चित गरेको छ । यो नैतिक, कानूनी तथा व्यावहारिक तथ्यलाई आत्मसात गर्दै नेपाल दलित महिला उत्थान संघ (एड्वान) ले वि.सं.२०५९ सालमा विद्यालय पूर्वका दलित तथा गैरदलित वालवालिकाहरूलाई शिक्षा क्षेत्रमा प्रोत्साहन गर्न, विद्यालय जानबाट वञ्चित वालवालिकालाई अध्ययनमा सहयोग गर्न र विद्यालय भर्ना भएका वालवालिकाको खाली समयलाई सदुपयोग गर्न तथा गराउन संस्थाले ताक्लुङ्गबाट वालकक्षा कार्यक्रम सञ्चालनमा ल्याएको थियो । उक्त कार्यक्रमले वालवालिकामा ल्याएको परिवर्तनलाई आत्मसाथ गदै संस्थाले वि.सं. २०६९ सम्म आईपुग्दा ताक्लुङ्गमा-३, मकैसिंहमा-१, मकैपूरमा-१, र बाग्लुङको बुर्तिबाङमा-१ गरी ६ ओटा विहानी सत्रको बालकक्षा सञ्चालनमा ल्यायो । उक्त कार्यक्रमबाट हजारौं वालवालिकाहरू लाभान्वित हुनुका साथै नेपाल भाषा राम्रोसँग बोल्न नजान्ने वालवालिकाहरू विद्यालयमा पनि अब्बल स्थान हासिल गर्न सफल भएका थिए । वि.सं. २०६१ देखि विधिवत् रुपमा छात्रवृत्ति, विद्यालय पोशाक वितरण कार्यक्रममार्फत कार्यक्षेत्र अन्तर्गतका अति विपन्न, दलित तथा सीमान्तकृत समुदायका बालबालिकाहरूको शिक्षामा समान पहुँचको अभियान चलाएको छ । वि.सं. २०६७ सालमा समाज कल्याण परिषदले सरकारको कार्यक्रमसँग मेल खान गएकोले यो कार्यक्रम बन्द गर्नु भन्ने लिखित निर्देशन प्राप्त भएपश्चात वार्षिक रुपमा सञ्चालन गरिदै आएको विद्यालय पोशाक वितरण कार्यक्रम वार्षिका कार्यक्रमको रुपमा भने स्थगन गरियो तर सोही वर्षदेखि नयाँ गठन गरिएका समुहहरूमा ३ वर्षसम्म र अन्य विद्यालयहरूमा आवश्यकता र माग अनुसार विद्यालय पोषाक वितरण कार्यक्रम वर्तमान समयसम्म सञ्चालन हुँदै आईरहेको छ ।

वि.सं. २०६३/२०६४ देखि २३ जना छात्रछात्राबाट शुरु भएको यस कार्यक्रम वि.सं २०७० सम्म आईपुग्दा गोरखा, सर्लाही, अर्घाखाँची र चितवनका माध्यमिकतह सम्मका १०९ जना छात्रछात्राहरू लाभान्वित भएका थिए । आर्थिक विपन्नताका कारण उच्च शिक्षा अध्ययनबाट बञ्चित छात्राहरूको लागि आर्थिक वर्ष २०६४/०६५ साल देखि महत्वकांक्षी छात्राकोष नामक कार्यक्रम सञ्चालनमा ल्याएको थियो भने यस कार्यक्रमले विशेषगरी प्राविधिक शिक्षालाई प्राथमितकता दिएको थियो । वि.सं.२०६५

सालको अन्त्येतीर केही छात्रहरू माध्यमिक शिक्षा पूरागरी विद्यालय छोड्न बाध्य भएका थिए भने उनीहरूको लागि संस्थाले उच्चशिक्षा अध्ययनको लागि विदेशी व्यक्तिहरूबाट हसयोग जुटाउने काम गरेको थियो । माध्यमिक तह उतीर्ण भएका दलित तथा विपन्न छात्राहरूलाई उच्च शिक्षा अध्ययनका लागि महत्वाकांक्षी छात्राकोष कार्यक्रमबाट छात्रवृत्तिको व्यवस्था मिलाईएको थियो । साथै एडवानमा आवद्ध ५३ ओटा महिला समूहका २ हजार २८१ बालकालिकालाई विद्यालय पोशाक वितरण गाएिको थियो । एड्वानका चन्द्र नेपालीले स्थलगत भ्रमणगरी, छात्रवृत्ति कार्यक्रमको प्रभाव (Impact of Sponsorship Program), बुझाउनु भएको प्रतिवेदन, संस्थाले ईड्वनलाई बुझाएको थियो । सो प्रतिवेदनका कारण त्यो वर्षमा छात्रवृत्ति प्राप्त गर्नेको संख्यामा उल्लेख्य बृद्धि भएको थियो । वि.सं. २०७० मा विशेष छात्रवृत्ति तथा उच्च शिक्षा छात्रवृत्ति वितरण कार्यक्रम अन्तर्गत १११ जना बालबालिकालाई छात्रवृत्ति तथा २६ जना छात्राहरूलाई उच्च शिक्षा हासिल गर्नका लागि छात्रवृत्ति उपलब्ध गराईएको र एक जना विद्यार्थीको आमाको उपचार गर्नका लागि औषधि उपचार खर्चको समेत व्यवस्था मिलाएको थियो । त्यस्तै २ जना अति विपन्न छात्रालाई पढनका लागि भर्ना रकम र १ जनालाई तालिम खर्च उपलब्ध गराएको थियो । स्पोन्सरशीप कार्यक्रम अन्तर्गत केही जेहेन्दार विद्यार्थीलाई पीएचडी गर्न समेत एड्वानले सहयोग गरेको छ । स्नातक गरिसकेका विद्यार्थीहरू र पढाई स्थगित गरेका विद्यार्थीहरूको स्थानमा नयाँ विद्यार्थीहरूको नाममा स्पोन्सरशीप निरन्तर गर्नेगरी एड्वानको भगिनी संस्था यानलाई प्रस्तावगरी कार्यक्रमलाई निरन्तरता दिदैं आएको छ ।

संस्थाद्धारा सञ्चालित छात्रवृत्ति वितरण कार्यक्रम सबै भन्दा पुरानो र लोकप्रिय कार्यक्रम हो । यस कार्यक्रम माध्यमिक तहसम्म मात्र रहेको र त्यसपछीको अध्ययनमा समस्या देखिन थाले पछि संस्थाले आर्थिक विपन्नता तर अध्ययनमा अव्वल तर आर्थिक अवस्थाका कारण उच्चशिक्षा अध्ययनबाट बञ्चित वालिकाहरूको सहयोगका लागि वि.सं. २०६५ मा 'महत्वाकांक्षी छात्रा कोष' नामक कार्यक्रम सञ्चालनमा ल्यायो । वि.सं. २०६५ देखि निरन्तर चल्दै आएको यस कार्यक्रमले सयौं वालिकाहरूलाई उच्चशिक्षा छात्रवृत्ति प्रदान गरेको छ । यस कार्यक्रमबाट लाभान्वित वालिकाहरू कोही सरकारी जागिरे बनेका छन्, कोही प्राविधिक बनेका छन्, कोही शिक्षिका बनेका छन्, कोही हेल्थपोष्ट ईन्चार्ज बनेका छन्, कोही स्टाफ नर्स बनेका छन, कोही वकिल बनेका छन्, कोही ल्याव टेक्नीसियन बनेका छन्, कोही हेल्थ असिस्टेन्ट बनेका छन्, कोही कृषि र पशु जेटिए बनेका छन्, कोही बैंकमा कर्मचारी बनेका छन्, कोही गैरसरकारी संस्थामा कार्यरत छन भने कोही विदेशमा उच्च शिक्षा अध्ययनका लागि गएका छन् ।

---

# छात्रवृत्ति पाउँदा उत्साही छन् विपन्न विद्यार्थी

काठमाडौं । विश्व निकेतन कलेज त्रिपुरेश्वरमा कक्षा ११ मा अध्ययनरत मनिता नेपालीलाई खुसीको अनुभूति भएको छ । विज्ञान विषय लिएर अध्ययन गर्दै गरेकी मनितालाई घरको आर्थिक अवस्था कमजोर भएको कारण पढाइमा समस्या आउने होकि भन्ने चिन्ताले सधैं सताइरहेको थियो तर एड्वानले कक्षा ११ र १२ को लागि छात्रवृत्ति प्रदान गरेपछि भने मनिता खुसीले गद्गद् छिन् । उनी भन्छिन् 'मेरो घरको आर्थिक अवस्था अत्यन्त कमजोर छ', भविष्यमा डाक्टर बन्ने उद्देश्य राखेकी मनिताले उत्साही हुँदै भनिन, 'छात्रवृत्ति पाएपछि झन पढ्न मन लागेको छ र पढ्ने हौसला बढेको छ' ।

मनितालाई मात्र होइन, एड्वानले छात्रवृत्ति प्रदान गरेपछि मनमोहन मेमोरियल कलेज सोह्रखुट्टेमा कक्षा ११ मा शिक्षा विषय लिएर अध्ययन गर्दै गरेकी विनिषा परियारलाई पनि पढ्ने जागर चलेको छ । घरको आर्थिक अवस्था कमजोर भएकी गोरखाकी विनिषाले भनिन, 'काठमाडौंमा पढाईसँगै बस्न र खान समेत समस्या भएको थियो तर एड्वानले पढ्नका लागि छात्रवृत्ति प्रदान गरेपछि पढाइमा सहयोग पुगेको छ ।' वि.सं.२०५५ मा स्थापना भएको एड्वानले मनिता र विनिषालाई मात्र होइन, आर्थिक अवस्था कमजोर भएका हजारौं विपन्न समुदायका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ । एड्वानकै छात्रवृत्ति पाएकी गोरखाकी सजिता परियार अहिले स्वास्थ्य क्षेत्रमा सरकारी जागिर गर्दै छिन । त्यसैगरी छात्रवृत्ति पाउने गोरखाकी लक्ष्मी काप्रीले नर्सिंग पढाइ सकेर जागिरमा लागेगी छिन् ।

एड्वानकै छात्रवृत्ति पाएर विवियस पढाई सकेकी बाग्लुङकी प्रिया किसानले एड्वानकै कारण आफूले पढाई पुरागर्न सफल भएको बताउँदै एड्वानलाई धन्यवाद दिइन । एड्वानले छात्रवृत्ति पाएर सफल भएका विद्यार्थीहरूलाई सम्मान कार्यक्रमको आयोजना समेत गरेको थियो उक्त भव्य कार्यक्रमको अवसरमा 'सम्मान तथा छात्रवृत्ति' प्रदान गर्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरीराजमणि पोखरेलले करीव तीन लाख बालबालिका विद्यालय बाहिर रहेको सन्दर्भमा एड्वानले छात्रवृत्ति प्रदान गरेर विद्यार्थीलाई पढाइमा आकर्षित गर्नु आफैमा सकारकात्मक काम हो भन्दै एड्वानको सराहना गर्नु भएको थियो ।

एड्वानले सुरुदेखि नै गरिव विद्यार्थीलाई अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्नुका साथै ग्रामिण क्षेत्रका दलित, महिला, सीमान्तकृत तथा अति विपन्न समुदायका महिला तथा किशोरीहरूलाई आयआर्जनमूलक सीपसमेत सिकाउँदै आएको छ । एड्वानले सीप मात्रै सिकाउँदैन, सीप सिकाईसकेपछि व्यावसाय सञ्चालन गर्नका लागि वीऊ पूँजी तथा व्यापार तथा व्यवसाय विस्तारको लागि लघु ऋण समेत उपलब्ध गराउँदै आएको छ । राज्यको मूलधारबाट पछाडि पारिएका गरिव, दलित महिलालगायत अति सीमान्तकृत सुमदायलाई शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रुपमा सशक्त बनाउनु एड्वानको मुख्य उद्देश्य हो । 'एड्वानले शैक्षिक समानताका लागि खासगरी अति विपन्न विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ र आगामी दिनमा समेत यसलाई अझै सक्रियताका साथ निरन्तरता दिने योजना रहेको छ ।'

# जीविकोपार्जनमा एड्वानको लामो यात्रा

वि.सं. शिक्षा तथा सशक्तिकरणले मात्र दलित तथा विपन्न महिला तथा किशोरीहरूको जीवनस्तरमा संस्थाले सोंचे अनुरुपको परिवर्तन नदेखिए पछि एड्वानले वि.सं. २०६४ सालमा आफ्नो क्रियाकलापमा जीविकोपार्जनलाई समाहित गराई आयआर्जनमुखि कार्यक्रम सञ्चालनमा ल्यायो । सुधारिएको जीविकोपार्जन सम्बन्धि छोटो अवधिको तालिम, प्राविधिक सहयोग तथा वीऊ पूँजी सहितको यस कार्यक्रमले दलित तथा सिमान्तकृत महिलाहरूको आर्थिक स्तरमा सुधार ल्याएको छ । त्यसैगरी वि.सं. २०६८ सालमा एड्वानले गोरखा ताक्लुङ्गमा रहेको जागरण महिला समूह, जागृति महिला समूह, अब त उठौं साथी हो महिला समूह, बालकन्या महिला समूह, आङ्गेटारी महिला समूह, कोमल महिला समूह, देवी महिला समूह, लाली गुँरास महिला समूह र जनज्योति महिला समूह गरी ८ ओटा समूहका ७० जना महिला तथा किशोरीहरूलाई तीन महिने 'एकिकृत शत्रुजीव व्यवस्थापन' कार्यक्रममा इड्वानको आर्थिक सहयोगमा कार्यक्रम गरिएको थियो । सैद्धान्तिक, व्यवहारिक र प्रयोगात्मक कक्षा मार्फत वीउवीजन छनौट, माटोको तयारी, मलजल गर्ने समय र तरिका, नर्सरी राख्ने तरिका, विरुवा सार्ने समय र तरिका, काँटछाँट तथा हेरचाह गर्ने, टिप्ने, भण्डारण गर्ने तथा बजार व्यवस्थपनको विषयमा पूर्ण पाठ सिकाईएको थियो । उक्त कार्यक्रमको समापन समारोहमा, जिल्ला कृषि विकास प्रमुख, सामाजिक शाखा प्रमुख लगाएत बुद्धिजीवि, समाजसेवी तथा गोरखा जिल्लाभरी रहेको महिला समूहका सदस्यहरूको सहभागिता रहेको थियो ।

एड्वानले वि.सं.२०६८ मा गोरखाको ताक्लुङ्गमा रहेका १० ओटा समूहबाट छानिएका ४२ जना महिला तथा किशोरीहरूलाई नयाँ प्रविधि (ब्रुनी वा माउवीऊ निकाल्ने तरीका) बाट बोसे अदुवा खेतीको तालिम दिएको थियो । उक्त तालिममा तत्कालिन परियोजना प्रमुख खड्क बहादुर थापाले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो । पाल्पाली बोसे अदुवाको वीउ, प्रशिक्षक तथा वीउ ढुवानीको समेत जिम्मेवारी लिएर सम्पन्न गराउनु भएको तालिमले ताक्लुङ्गमा रहेका १० ओटा समुहका २०० भन्दा धेरै महिला तथा किशोरीहरूले ५,००० केजी पाल्पाली बोसे अदुवाको वीउबाट खेती सुरु गर्नुभएको थियो । उक्त समय देखि सुरुभएको अदुवा खेतीले धेरै महिला तथा किशोरीहरूको आर्थिक अवस्थामा सुधार ल्याएको छ भने निरन्तर रुपमा व्यवसाय सञ्चालन गर्ने महिलाहरूको संख्या पनि उल्लेख्य रहेको छ। गाबिस मा ४ जना चुलो प्रोमोटरहरूलाई ८ दिने चुलो निर्माण तालिम सञ्चालन गरीयो । २ जवा प्रशिक्षकले उक्त गाबिसका समूह सदस्य तथा अन्य घर परिवारमा २१६ वटा चुलो निर्माण गरियो । उक्त चुलोको फाईदा तथा ईन्धन बचत र स्वास्थ्यमा पर्ने अनुकूलताको विषयमा चेतना अभिबृद्धि पनि गराईयो । आव २०६९/०७० मा ताक्लुङका समूहहमा १२३ वटा सुधारिएको चुलो निर्माण गरिएको र चुलोले दलित महिलाको दैनिक खाना पकाउने कामलाई सुविधा बनाएको र धुवाँले स्वास्थ्यमा पार्ने असरलाई न्युनीकरण गरेको थियो । त्यसैगरी संस्थाको योजनाहरूलाई सशक्त रुपमा लैजान र सफल बनाउन फिल्डमा काम गर्ने कर्मचारिहिरूलाई विषयगत स्तरोन्नति तालिम, समूहका पदाधिकारीहरूलाई समूह तालिम, र संस्थाका कार्यकासरणी सदस्यहरूलाई नेतृत्व विकास तालिम प्रदान गर्ने योजनालाई निरन्तरता दिईयो । बचत तथा ऋण परिचालन र सहकारी बचत तथा ऋण परिचालन एडवानको प्रमुख तथा सफल कार्यक्रम भएको हुनाले यसलाई दीगो, निरन्तरता दिन र बचत सुचारु गराउन समूह गठन गर्दा रु १५००० प्रदान

> **वि. सं. २०६५ मा एड्वानले तीनवटा महिला समूह गठन गर्‍यो जस मध्ये एउटा फुजेलमा, एउटा अर्खाखाँचीमा, र अर्को एउटा चितवनमा गरेको थियो । त्यो वर्ष मकैसिङ, ताक्लुङ र बक्रेश्वरीको सभाकक्षहरूको निर्माण सम्पन्न भएको थियो ।**

**वि. सं. २०७४ मा एड्वानले ग्लोवल फण्ड फर वूमन दातृ निकायबाट किशोरीहरूको नेतृत्व विकास कार्यक्रमका लागि ३ वर्षीय परियोजना पाउन सफल भयो । उक्त कार्यक्रमले बाग्लुङ्गका २० जना किशोरीहरूको नेतृत्व विकासमा सहयोग पुऱ्यायो ।**

गर्दै, समूह सदस्यहरूलाई प्रत्येक मासिक बैठकमा मासिक बचत गर्ने बानी बचत कोष बढाउँदै लान सिकाउने अभ्यास गरायो । यो अभ्यासलाई व्यवहार मा उतार्दै वि.सं. २०६७/०६८ देखि सञ्चालनमा आएको सहकारीले ४२ सदस्यका ३२ हजारबाट शुरु भएको सहकारीमा हाल ११३ जना सदस्य र रु ११ लाख पँजी जम्मा भएको जानकारी भएको छ । एडवानले दलित महिला समूह गठन गरी बिभिन्न प्रकारका कार्यक्रमहरू जस्तै समूह गठन, छात्रवृत्ति वितरण, स्पोन्सरशिप वितरण, एजीएफ वितरण र सामूहिक ऋण परिचालन कार्यक्रमले मात्र महिलाहरूमा लक्ष्य अनुरुपको आय आर्जन र जीवनशैलमा परिवर्तन नआएको महसूस गरी संस्थाले गठन गरेका प्रत्येक समूहलाई २०,००० रु का दरले बीउँ पूजी पनि दिंईदै आएको थियो । त्यस मध्ये ताक्लुङमा संचालित श्री चण्डि बचत तथा ऋण सहकारी संस्थाले पटक पटक रु ३,००,००० ऋण प्रदान गरेको छ । यस्तो ऋणबाट धेरै फाईदा लिने सफल व्यवशायी उद्यमीलाई रु ५०, ००० सम्म व्यक्तिगत ऋण पनि उपलब्ध गराउँदै आएको छ । यसले महिलाहरू साना व्यवशाय संचालन गरको थियो । यस संसथाले सामुहिक तथा व्यक्तिगत गरी रु ११ लाखको हाहारीमा लघु ऋण परिचालन गरेको छ ।

वि.सं. २०७२ सम्म आई पुग्दा एड्वान, जीविकोपार्जनको क्षेत्रमा अलौकिक आयाम थप गर्न सफल भयो । एड्वानको जीविकोपार्जनको कार्यक्रमलाई सराहना गर्दै ब्रिटिश काउन्सिलले ईयुमा परियोजना पेश गर्ने प्रस्ताव गऱ्यो जसलाई एड्वानले स्वीकार गर्दै वि.सं. २०७१ परियोजना प्रस्ताव पेश गऱ्यौं । एड्वान र एनएनडिएसडब्लु साझेदार र ब्रिटिश काउन्सिलको व्यवस्थापन रहेको उक्त ३६ महिने 'अधिकारका लागि सीप तथा आवाज' परियोजनामा सफलता हात पऱ्यो र त्येस समयबाट एड्वानले जीविकोपार्जनको क्षेत्रमा सफलताको उडान सुरु गऱ्यो । यस ३२ महिला परियोजनको कार्यक्षेत्र गोरखा जिल्ला का ७ वटा गाबिसहरू घैरुङ, ताक्लुङ्ग, मनकामना, बक्राङ्ग, ताङलीचोक, फुजेल, र मकैसिंह रहेका थिए भने सीप विकासका तालिमहरू कुखुरा पालन, बाँसबाट निर्मित हस्तकला तालिम, बाख्रा पालन, सिलाइ कटाई, बेमौसमी तरकारी खेती तालिम, च्याउ खेती तालिम, मुढा बनाउने तालिम, अदुवा खेती तालिम, अगरबत्ती, मैनबत्ती बनाउने तालिम, फुलखेती तालिम, लप्सी अकबरे खुर्सानी उत्पादन तालिम जस्ता सीप विकासका तालिमहरू सञ्चालन भएका थिए ।

एड्वानले वि.सं. २०६७।०६८ मा, गोरखाको ताक्लुङ्गमा रहेका १० ओटा महिला समूहको सामुहिक वचतलाई एकिकृत गराई श्री चण्डी बचत तथा ऋण सहकारी संस्था स्थापना गऱ्यो । ४२ जना संस्थापक सदस्यबाट जम्मा ३२ हजारबाट सुरु भएको रहेको सहकारी वर्तमान समयमा विशुद्ध २१३ जना महिला सदस्य रहेका छन भने एकिकृत पूँजी ५० लाख माथि पुगेको छ । हिजो महिलाहरूलाई घरवाट बाहिर निस्कन नदिने पुरुषहरू सहकारीबाट आवश्यकता पुरा हुन थाले पछि धेरै खुशी भएका छन भने महिलाहरू अधिकार प्राप्त भएको अनुभुति गरिरहेका बताउँछन् । सहकारीमा आवद्ध महिलाहरू

| क्र.स. | गाविस | कार्यक्रममा सहभागी समूहको नाम |
|---|---|---|
| १ | मनकामना | जयदेवी दलित महिला समूह, प्रगतिशील दलित महिला समूह, थानीमाई मनकामना महिला समूह, उम्लुङ नागरिक सचेतना समूह |
| २ | बक्राङ | चन्द्रकला दलित महिला समूह, प्रगतिशील दलित महिला समूह, दलित मलिा समूह, |
| ३ | घैरुङ्ग | जलकन्या दलित महिला समूह, सिर्जनशील दलित महिला समूह, हिमालय दलित महिला समूह, पिपलछाप, भगवती हिमालयन महिला समूह, घैरुङ्ग |
| ४ | ताक्लुङ | भैरवी दलित महिला समूह, सिर्जशील दलित महिला समूह, गोदावरी सम्मुनत दलित महिला समूह, आगेटारी दलित महिला समूह |
| ५ | ताङलीचोक | कालिका दलित महिला समूह, पातिश्वरा दलित महिला समूह, लाली गँरास दलित महिला समूह, |
| ६ | मकैसिं | नेपाल सरस्वती दलित महिला समूह, बुटार दलित महिला समूह, |
| ७ | फुजेल | भैरवी दलिन महिला समूह, गौरीगाउँ दलित महिला समूह, शिखरजुङ दलित महिला समूह |

सहकारीबाछ ऋण लिएर व्यवसाय गर्ने, छोराछोरीको शिक्षामा लागानी गर्ने, बैदेशिक रोजगारीमा पठाउनका लागि प्रयोगगरी रहेका समुहका सदस्यहरू बताउँछन् ।

वि.सं. २०७२ मा करुणा ट्रष्ट यूकेबाट भुकम्प पिडीत समुदायको लागि सुधारिएको जीविकोपार्जन नामक एक वर्षिय परियोजना हात पार्न सफल भयो । उक्त परियोजनाले गोरखा को टक्सार र ढुङ्गागाडेका ३०० जना दलित तथा सिमान्तकृत महिलाहरूलाई सीप विकास गराई आयआर्जनमुखी बनाएको थियो । फेरी वि.सं. २०७३ मा करुणा ट्रष्ट यूके र यान युएसबाट अर्को ३ वर्षिय परियोजना हातपार्न सफल भयो । उक्त परियोजनाले चितवनका भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका र खैरहनी नगरपालिकाको जम्मा ६३० दलित तथा सिमान्तकृत महिलहरू लाभान्वित भएका थिए । उक्त परियोजनाले सीप विकास गराउँदै उद्यमशीलता क्षमता विकास तालिम र लैंगिक समानता कार्यक्रमहरू सञ्चालनगरी महिलाहरूलाई सशक्त बनाएको छ ।

वि.सं. २०७४ मा एड्वानले ग्लोवल फण्ड फर वूमन दातृ निकायबाट किशोरीहरूको नेतृत्व विकास कार्यक्रमका लागि ३ वर्षिया परियोजना पाउन सफल भयो । उक्त कार्यक्रमले बाग्लुङ्गका २० जना किशोरीहरूको नेतृत्व विकास गरायो । किशोरीहरूको नेतृत्व विकास र एड्वानको सफलतम कार्यान्वयनदेखि संतुष्ट हुँदै फेरी ३ वर्षको लागि परियोजना थप भयो । हाल उक्त परियोजनाले चितवन रत्ननगरका किशोरीहरूलाई सशक्तिकरण गर्दै समाजमा विद्यमान विकृतिहरू हटाउने तथा समुल परिवर्तनमा उनीहरूलाई सडक नाटक, वाल अधिकार, घरेलु हिंसाको विरुद्धमा समाहित गर्दै आएको छ ।

वि.सं. २०७८ मा एड्वानले ठुला सानागरी धेरै परियोजनाहरू दातृ निकायहरूमा पेश गरेका थियौं तर युएसएडको २ वर्षीय लोकल वर्क्स गोरखा र चितवन, विएमजेड, करुणा ट्रष्ट जर्मनको ५ वर्षीय लर्निङ्ग च्याम्पीयन परियोजना हातपार्न सफल भयो । जसमा नेपालमा तीनओटा संस्थाहरू ग्रीनतारा, रीड नेपाल तथा एडवान नेपालको साझेदारी रहेको छ । परियोजना पनि स्वीकृत भएको छ । युएसएआईडीको परियोजना गोरखाको शहिद लखन र गण्डकी गाउँपालिकामा र चितवनको भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकामा सञ्चालनमा रहेको उक्त परियोजनाले १००० जना घरधुरीका महिला तथा किशोरीहरूलाई लाभ पुऱ्याउने उद्देष्य लिएको छ । लर्निङ्ग च्याम्पियन परियोजना पाल्पाको रम्भा गाउँपालिका र रुपन्देहीको कञ्चन गाउँपालिका ६०० महिला तथा किशोरीहरूको सीप तथा क्षमता विकास गर्दै लक्ष्यका साथ सञ्चालनमा रहेको छ ।

## । सफलताको कथा । गोठी माया सुनार

# कामना महिला समूह



मेरो पुर्खौली घर लम्जुङ हो । आर्थिक अभाव नै प्रमुख समस्या थियो । किनभने श्रीमान जाडरक्सी खाने जहिले बाहिर बाहिर केटी लिएर हिडने स-साना छोरा छोरी खान लगाउन धौ-धो थियो । अर्काको घरमा काम गरेर छोरा छोरी हुर्काउने क्रममा चितवनमा भाडामा बस्न आएकी थिए । यसरी चितवन भ्फरी वडा न.१६ मा नै बसे । त्यस ठाउँमा बस्दा पनि ज्याला मजदुरी गरी छोरा छोरी पढाउन तिर लागे । उता घर बास छैन बिहान बेलुक हात मुख जोड्न धौ-धौ कति दुःख कस्ट गरेर छोरा छोरी हुर्काए । पहिला त डेरामा बसेको भनेर समुहमा बस्न दिनु भएन । पछि जेठो छोरालाइ दुःख सुख गरेर बैदेशिक रोजगारमा पठाए । मैले खेति गरेको रकमले घर खर्च टारे । छोराले कमाएको रकम जोगएर १० धुर जग्गा किनेर टिनको छानो हालेर घर बनाएपछि बल्ल मलाई समुहमा राख्नु भएको थियो ।

मैले नौ कट्ठा जग्गामा तरकारी खेति गरी २८००० हजार ऋण लिएर गरेको थिए । सोहि रकमबाट लगभग तिन लाख आम्दानि गरे अहिले खेति गरे देखि आर्थिकको लागि आखाबाट आसु झार्न परेको छैन् । पहिला हेरी अहिले त मलाइ स्वर्ग छ । छोरा छोरी पढाउनदेखि घर खर्च , बिरामी हुदा ऋण खोज्न परेको छैन् खान लगाउन दुःख भएको छैन । यसै गरी संस्थाबाट कुनै किसिमको तालिम नपाएको हामीहरूलाइ तरकारी तालिम दिनु भयो भने राम्रो हुनेथियो । भविष्यको योजना भन्नु पर्दा घर बाटो भन्दा होचो भएका कारण बर्षा याममा सबै पानि घरभित्र जान्छ माटो पुरेर ढलान सितको घर बनाएर बस्ने योजना रहेको छ ।


ADWAN
Become a Catalyst for Change!
Change is Possible!
Agents of Change!
ADWAN Mission
ADWAN
What We Do?
Women Empowerment
Skill Development
Girls & Children
Sponsor a Child
Livelihood and Entrepreneurship
Thank YOU!
Donate with Confidence!

| सफलताको कथा | सुमित्रा विक

# ‘एड्वानले आर्थिक रुपमा सम्पन्न हुने बाटो देखायो’



**उहाँले अहिले तरकारी खेतीबाट आम्दानी गरेर छोरालाई पढाउन र घर खर्च चलाउन पुगेको छ भने श्रीमानले विदेशमा कमाएको बचत भएको छ । पहिलेको भन्दा अवस्था राम्रो भएर पनि होला भविष्यमा यहि कृषिमा आवद्ध भएर अझ धेरै जग्गा लिएर कृषि व्यवसाय बढाउने योजना छ**

चितवन । रत्ननगर-११ जिरौनामा सुमित्रा विकको जस्ताको छाना भएको इटाको गारो लगाएको सानो घर छ । त्यो सानो घरमा सासु, ससुरा र १/१ छोराछोरी हुनुहुन्छ । ४० वर्षीया सुमित्राले तरकारी खेती गर्नुहुन्छ। ‘सगरमाथा महिला समूह’मा आवद्ध सुमित्राले सुरुमा ५ रुपैयाँबाट सुरु गर्नुभएको बचत अहिले मासिक ५०० भएको छ । दश कट्ठा जग्गामा तरकारी खेती गरेर आम्दानीको स्रोत बढाउनुभएकी सुमित्राको घरमा अहिले आर्थिक विकास भएको छ। उहाँले खुसी सुनाउनुभयो, “मेरो एकल प्रयासबाट अहिले ५० हजारसम्म बचत गर्ने गरेको छु । श्रीमान बैदेशिक रोजगारमा हुनुहुन्छ । यहि एड्वान संस्थाबाट ११/१२ पढन पाएकी छोरी जापान पठाएको छु। मैले मात्र नभएर घरमा सबैले सहयोग गर्नु हुन्छ । म आत्मनिर्भर भएको छु । सानैदेखि अभावै अभावमा हुर्किनु भएकी सुमित्राको घरमा खान जसोतसो पुगेपनि गतिलो लगाउन थिएन, पैसा देख्न पाईदैन थियो, सीप, विकास, समूह र वचत भन्ने केहि ज्ञान थिएन। सुमित्राको पहिलेको मुख्य समस्या भनेको आर्थिक अवस्था कमजोर हुनु नै थियो । आफनो जग्गा भएपनि धान मकै तोरी भन्दा अरु खेती लगाउने सीप र शिक्षा पनि थिएन । त्यसले गर्दा पैसाको साह्रै समस्या थियो । उहाँले भन्नुभयो, “सबै भन्दा मानिसमा चाहिने सीप सीकाउने र सहि बाटो देखाउने रहेछ, एड्वानले १४ वर्ष पहिले हामीलाइ दिएको शिक्षाले अहिले हामीमा परिवर्तन भएको छ ।”

पारिवारीक आर्थिक अवस्था निकै कमजोर थियो, श्रीमानले आल्मुनियको काम गर्नु हुन्थ्यो जसको दैनिक ज्याला जम्मा १००० रुपैया भन्दा थिएन। आर्थिक अवस्था दयनियनै थियो। एड्वानले सुरुमा ५ रुपैयाँबाट बचतगर्ने बानि बसालेपछी सामुहिक अदुवा खेती सम्बन्धि व्यावसायिक तालिम र महिला हिंसाको तालिम लिनुका साथै व्यतिक्तगत रुपमा तरकारी खेती लागउन सिकाएको थियो। पहिले केहि गर्ने परेमा श्रीमानको अनुमति लिने सुमित्राले एड्वानबाट तालिम लिएर जान्ने बुझ्ने भएपछि अहिले परिवारमा सुमित्राकै सल्लाह सुझाव मान्नु हुन्छ । सुमित्रा २६ वर्षको हुँदा वि.सं.२०६६ सालमा नेपाल दलित महिला उत्थान संघ (एड्वान) मा जोडिनु भएको हो । “पहिलेको भन्दा धेरै राम्रो भएको छ, यस संस्थाले देखाएको बाटो र मेरो मेहनतले जीवनमा परिवर्तन भएको छ । यस संस्थाले मलाइ देखाएको सहि मार्गदर्शनले म र मेरो परिवारमा भएको आर्थिक परिवर्तनको लागि एड्वानलाई धन्यवाद भन्न चाहान्छु” उहाँले भन्नुभयो। उहाँले अहिले तरकारी खेतीबाट आम्दानी गरेर छोरालाई पढाउन र घर खर्च चलाउन पुगेको छ भने श्रीमानले विदेशमा कमाएको बचत भएको छ । पहिलेको भन्दा अवस्था राम्रो भएर पनि होला भविष्यमा यहि कृषिमा आवद्ध भएर अझ धेरै जग्गा लिएर कृषि व्यवसाय बढाउने योजना छ उहाँको ।

त्यसैगरी खैरहनी १ स्थित ‘गोखाली कृषी महिला समूह’ मा आबद्ध सन्जु नेपालीले पनि तरकारी खेतीबाट मनग्य आम्दानी गर्नुहुन्छ । “अहिलेको अवस्थामा श्रीमान बैदेशिक रोजगरमा हुनुहुन्छ घरको आर्थिक विकास भएको छ, मैले मात्र नभएर घरमा सबैले सहयोग गर्नु हुन्छ, म आत्मनिर्भर भएको छु पहिले केहि गर्ने परेमा श्रीमानको अनुमति लिनु पर्थ्यो भने अहिले मेरो सल्लाह सुझाव मान्नु हुन्छ” उहाँले सुनाउनुभयो । २३ बर्षको उमेरदेखि संघसंस्थामा जोडिदै आउनुभएकी उहाँले विगत सुम्झिनुभयो, “पहिला आर्थिक स्रोत केहि थिएन सानै उमेरमा विवाह भयो घर परिवार धान्न गारो भएको थियो । श्रीमानको आयस्रोत केहि थिएन गारो थियो” सुरुमा

१०० रुपैयाँबाट वचत संकलन गर्ने बानी बसाल्दै आउनुभएकी उहाँले उद्यमशीलता, सामुहिक तरकारी खेती, महिला हिंसाको तालिम साथै व्यक्तिगत तरकारी खेतीको गरिरहनु भएको छ।

खैरहनी नगरपालिका-४ स्थित 'लेकसाइट महिला समूह' मा आबद्ध नानुका परियारको श्रीमान पनि वैदेशिक रोजगारमा हुनुहुन्छ। नानुले भने घरमा सिलाईको काम गर्नुहुन्छ। "घरको आर्थिक विकास भएको छ, म आत्मनिर्भर भएको छु, श्रीमान वैदेशिक रोजगार हुनुहुन्छ, पहिलेको भन्दा अवस्था राम्रो भएर पनि होला भविष्यमा यहि सिलाइ कटाइ सिपबाट टेलर गर्ने योजना छ"उहाँले भन्नुभयो । वि.सं. २०७८ सालदेखि संस्थामा आबद्ध हुनुभएको उहाँको परिवारमा श्रीमान, छोरी र आफु हुनुहुन्छ। सबै दिदि बहिनीबाट संस्थाको बारे जानकारी पाएपछि एड्वान संस्थामा आवद्ध हुनुभएको उहाँको पहिले पारिवारीक अवस्था आर्थिक सोत केहि थिएन । सुरुमा १०० रुपैयाबाट बचत संकलन गर्नुभएको उहाँले उद्यमशीलता तालिम, ३ महिना सिलाइ कटाइ तालिम, महिला हिंसाको तालिम र वडा बाट १० वटा सिलाइ गर्ने मेसिन पनि पाउनुभएको छ। पहिलेको प्रमुख समस्या भन्नाले आर्थिक अवस्या कमजोर थियो । श्रीमानको बुबा (ससुरा) वित्नु भयो आमा अरुसंग जानु भयो श्रीमानको सिप केहि थिएन घर पनि झुपडी थियो। म आय पछि धेरै दुःख भयो, आम्दानी नभए पछि सबै कुरा अभाव र समस्या कति कति, खान लाउन समेत धौधौ थियो, दुःखेसो गर्नुभयो । रत्ननगर १३ जयमंगलाकी ६६ वर्षीया सोना राना मगर विगत २ बर्षदेखि परियोजनामा आबद्ध हुनुहुन्छ । "परिवारमा तीन जना थियौं, श्रीमानले पाँचवटा बिहे गर्नु भएको, म कान्छी श्रीमती, श्रीमान जहिलेको बाहिर बाहिर । छोरी जन्मीहाली उसलाइ लालन-पालन गर्नका लागि श्रीमानबाट केहि सहयोग पाइन। दुःखसुःख गरेर अर्काको घरमा काम गरेर छोरी हुर्काएँ" उहाँले भन्नुभयो । पहिला उहाँको आर्थिक अवस्था निकै कमजोर थियो। पहिला खान लाउन पनि दुःख थियो। अर्काको घरमा बसेर ज्याला मजदुरी गरेर गुजारा चलाउनु पर्ने बाध्यता थियो। श्रीमानको मृत्यु भएको पनि पाँच बर्ष भयो। अहिले उहाँको प्रमुख समस्य भनेको सुकुम्बासी समुदायमा बसेको हुँदा लालपुर्जा नहुनु हो । "म बृद्ध हुँदै गए काम गर्न अली गाह्रो हुन लागको छ बिरामी हुँदा समयमा उपचारको लागि आर्थिक अवस्था कमजोर छ"उ हाँले भन्नुभयो ।

जीवनको हरेक मोडमा चरम आर्थिक अभाव भोग्दै आउनुभएको उहाँको प्रमुख समस्या नै आर्थिक विपन्नता थियो । गाँस, बास, अनि कपास केही पनि सहज थिएन । अर्काको घरमा काम गर्न बसेर बिहान बेलुकाको छाक टार्न पर्ने बाध्यता थियो । जब एक जना महिलाले आफ्नो श्रीमानको साहारा नपाउनु, श्रीमानले पाँचवटासम्म बिवाह गर्नु उहाँको नियति हो । "श्रीमानले मलाई पुर्खौली घर कहिलै पनि लानु भएन, घर धादिङ हो भन्ने थाहा भएपनि श्रीमानले परिवारका कुनै व्यक्तिसंग चिनजान गराउनुभएन। गहभरी आशु पार्दै उहाँले भन्नुभयो, "ज्याला मजदुरी गरेर अहिले बसेको समुदायमा २ हजार पाँच सय रुपैयाँ तिरेर यो जग्गा किनेर बसेको ३२ बर्ष भयो, त्यहि पनि लालपुर्जा पाउन सकेकी छैन लालपुर्जा लिने धोको हुँदाहुदै बुढि भैसके ।" तर अहिले भने पारिवारिक आयस्रोत बढेको छ। छोरीले बाख्राकुखुरा पाल्छिन। उहाँ आफैले पनि तरकारी खेतीबाट केही आम्दानी गर्नुहुन्छ। तरकारी खेती गर्नुभन्दा पहिला उहाँले एड्वानले सञ्चालन गरेको उद्यमशीलता तालिम , मौषमी तथा बेमौषमी तरकारी तालिम र जातिय विभेद महिला अधिकार सम्बन्धि तालिममा सहभागि हुनुभएको थियो।

"यसरी परियोजनाबाट पाएको तालिमले हामी तथा समुदायमा परिवर्तन आएको छ किन भने हिजोका दिनमा हामीमा समूहमा बसेर सामुहिक रुपमा व्यवसाय गर्न सकिन्छ भन्ने ज्ञान थिएन, अहिले तालिम लिए पछि सामुहिक रुपमा पनि तरकारी खेति गर्छौ भने व्यक्तिगत रुपमा पनि १० धुर जग्गामा तरकारी खेति, बोडी, खुर्सानी, बेसार, साग धनिया लगाएर बेचबिखन गरेर आफ्नो गुजारा चलाउँदै आएकी छु" उहाँले भन्नुभयो । तरकारी बेचेरै उहाँले विद्युत, खानेपानी को महसुल बुझाउनुका साथै कहिले काहीं स्वास्थ्य उपचारगर्न पनि पुगेको छ।

आफुले तरकारी किन्न नपरेपछी केही पैसा बचत भएको छ । "पहिला नै यस्तो तालिम पाउन पाएको भए अलि टाठी भएर श्रीमानसंग पनि अधिकारको माग गर्न सक्थे होला अहिले त पहिला हेरी छुवाछुत प्रथा कम भएको छ, पहिला त म आफैले पनि दलित भनेर अर्कै व्यवहार गर्थे भने अहिले संगै बसेर खाजा खाने घर भित्र लैजाने, ल्याउने सँगसँगै कामगर्ने भएका छौं" सोना राना मगरले भन्नुभयो। भरतपुरस्थित 'ललित कामना महिला समूह' मा आबद्ध ४८ वर्षीया फूलमाया सुनारको पहिला आर्थिक अवस्था अत्यन्तै कमजोर थियो । श्रीमान, १ छोरी, २ छोरा २ वटी बुहारी नातिनातिनी रहेको फूलमायाले भन्नुभयो, "पहिला त आर्थिक अवस्था कमजोर थियो, त्यसमा पनि दलित जाति भनेपछि सबैले हेप्ने निकै दुःखद अवस्था थियो" फुलमायाले भन्नुभयो। पहिला त खान लाउनको लागि पनि दुःख थियो, ठुलाबडा मान्छेसँग बोल्नपनि डर लाग्दथियो। अर्थिक अवस्था कमजोर भएकोले ज्याला मजदुरी गरेर दैनिकी चलाउनु पर्थ्यो उहाँलाई।

उहाँले भन्नुभयो, "पहिला जीवनमा कति दुःख काष्ट भयो भनि साध्य छैन, अहिले त पारिवारिक आयस्रोत राम्रै भएको छ, श्रीमानले पलम्बर काम गर्नु हुन्छ, मैले पनि २ बर्षे सामुहिक च्याउ खेति गरे त्यस पछि व्यक्तिगत तरकारीमा आलु, गाजर, काउली, लसुन, केराउ खेती गरेर आम्दानी बढाई घर खर्च चलेको छ ।" उहाँले लैनो भैंसी पालेर दुध पनि बेच्नुहुन्छ। उहाँले एड्वानले च्याउ तालिम, जातिय विभेदसम्बन्धी तालिम तथा समूहमार्फत बिभिन्न तालिम पनि लिनु भएको छ । परियोजनाले आयोजना गरेको लैगिक विभेदसम्बन्धि तालिम पछि पहिलाको तुलनामा समुदाय तथा आफैमा पनि परिवर्तन आएको छ आम्दानि बढेपछि खान लाउन त्यति दुःख नभएको उहाँको भनाइ छ । "आजकाल छुवाछुत प्रथामा पनि धेरै कमी भएको छ पहिला त २/४ जनाको अगाडी बोल्न डर लाग्थ्यो अहिले त आफ्ना हकहितका कुरा नगरपालिका र वडामा राख्न सक्ने तथा सबैसँग मिलेर बस्नु पर्छ भन्ने ज्ञान बढेको छ सबै जना एक आपसमा मिलेर गऱ्यौं भने असम्भव केहि हुदैन भन्ने शिक्षा पनि यहि संस्थाबाट पायौं । हामीहरूले सस्थाबाट धेरै ज्ञानका कुरा सुन्ने, जान्ने र सिक्ने अवसार पाएकोमा खुशि लाग्छ" फुलमाया सुनार। जातिय बिभेद अन्त्य भएको खण्डमा समाजमा अझै राम्रो हुने उहाँको भनाई छ। आम्दानी बढाउन थप जग्गा ठेक्कामा लिएर अझै व्यवसाय विस्तार गर्ने योजना छ उहाँको ।

। सफलताको कथा ।

# आत्मनिर्भरताको बाटोमा चितवनका महिलाहरू

**रत्ननगर नगरपालिकामा पनि 'ऊर्जाशील महिला कोशिश कृषक समूह', 'महिला जनशक्ति कोशिश कृषक समूह' र 'फूलवारी कोशिश महिला कृषक समूह'लगायत ११ वटा समूह गठन गरिएको छ । ती समूहले पनि कृषि र पशुपालन गर्दै आएका छन् ।**

चितवन । रत्ननगर नगरपालिका-१६, पिठुवास्थित 'एकल महिला कोशिश कृषक समूह'ले अहिले ६ कठ्ठा जमिनमा मकै, बोडी, सिमी, करेला र घिरौला लगाएको छ । २१ जना सदस्य रहेको समूहकी सदस्य सीता मगरले माघमा गठन भएको समूहले अहिलेसम्म ५ हजार जतिको तरकारी बेचेको सुनाउनुभयो । "अब आउँदो असार/साउनमा मकै र बोडी बेच्ने बेला हुन्छ, समूहमा सबै मिलेर काम गर्ने गरेका छौं, गाँजर, मुला र अन्य तरकारी खेतीसम्बन्धी तालिम लिएपनि अहिले मकै र तरकारी लगाउने सिजन भएकोले त्यही लगाएको हो" सदस्य मगरले भन्नुभयो । समूहका सदस्यले महिनाको ५० रुपैयाँ उठाउने गरेका छन् ।

त्यसैगरी भरतपुर महानगरपालिका-२३, जगतपुरमा रहेको 'महिला उत्थान कोशिश कृषक समूह' ले ८ कठ्ठा जग्गामा तीन महिने हाइब्रिड मकै लगाएको छ । समूहले हप्ता दिनको च्याउ खेतीसम्वन्धी तालिम लिएपनि गर्मी मौसम भएका कारण च्याउ उत्पादनमा समस्या हुने भएकोले यस पटक मकै छरेको समूहकी कोषाध्यक्ष पुष्पा सापकोटाले जानकारी दिनुभयो । गत पुसमा गठन भएको समूहमा २५ जना सदस्यले प्रत्येक महिनाको १३ गते वैठक बसी १००/१०० रुपैयाँ उठाउने गरेका छन् । माघमा एड्वानले दिएको च्याउ खेतीसम्वन्धी तालिमबाट आएको यातायात वापतको रकम पनि अरु समूहमा जस्तै आधा रकम समूहमै राखिएको छ । समूहले वर्षमा कठ्ठाको २ हजार रुपैयाँ तिरेर जग्गा भाडामा लिएको हो । अहिले कोषमा ६५ हजार रुपैयाँ जम्मा भएको छ । समूहको पैसा व्याजमा सदस्यले नै चलाउने गरेका छन् । समूहले अब असोज/कात्तिक तिरबाट भने च्याउ खेती नै गर्ने योजना बनाएको छ ।

रत्ननगर नगरपालिका-११, गैरीगाउँस्थित 'गैरीगाउँ महिला कोशिश कृषक समूह'ले करेला र भिण्डी विक्री गरेर ४० हजार रुपैयाँ आम्दानी गरेको छ। चार कठ्ठा जग्गा भाडामा लिएर करेला र भिण्डी लगाएको समूहले भिण्डीको प्रति केजी ६० र करेलाको प्रति केजी ५० रुपैयाँमा बेच्दै आएको छ । सुरुमा एड्वानले तरकारी खेतीसम्वन्धी १५ दिनको तालिम, बीउ र आवश्यक औजार दिएको थियो । त्यसपछि १९ जना सदस्य रहेको समूहका महिलाहरूले सामूहिक रुपमा करेला र भिण्डी लगाएर आम्दानी गरेका हुन् । उनीहरूले एक दिन विराएर नारायणघाट सब्जीमण्डीमा लगेर तरकारी बेच्ने गरेका छन् ।

समूहकी सदस्य शान्ति बास्तोलाले भन्नुहुन्छ "तालिम लिँदा र नलिदाँ धेरै फरक हुँदो रहेछ, तालिम नलिँदा केही जानेको थिएन, तालिम लिएपछि धेरै कुरा जानियो, कसरी तरकारी लगाउने, तरकारीमा समयमै पोटास, प्राङ्गारिक मल, पानी राख्नुपर्ने, बेलाबेलामा झारहरू गोडमेल गर्नुपर्नेलगायत धेरै कुरा थाहा भएपछि तरकारी खेतीगर्न सहज भएको छ ।" करेला र भिण्डी उत्पादनको निम्ति समूहका महिलाहरूले नै कामगर्ने हो । समूहमा सदस्यले महिनाको १०० रुपैयाँ उठाउने गरेका छन् । गत पुसमा समूह गठन गरेर सदस्यले १ प्रतिशत व्याजमा समूहबाट आवश्यताको आधारमा पैसा निकालेर घर खर्च चलाउँदै आएका छन् । एड्वानले राम्रो राम्रो मल र बीउ को सहयोग गरेको खण्डमा अझै राम्रो गर्न सकिने सदस्य बास्तोलाको अपेक्षा छ ।

कठ्ठाको वर्षको तीन हजार पाँचसय रुपैयाँको दरले जग्गाको भाडा तिर्नुपर्छ । समूहले जमिन बढाउने योजना पनि बनाएको छ । बास्तोलाले भन्नहुन्छ "मैले त तरकारी खेती अलिअलि गरेकै हो, तर समूहमा बसेर काम गर्दा छुट्टै रमाइलो

हुँदो रहेछ, जान्ने अवसर पनि हुँदो रहेछ समूहमा काम गर्दा, यतिखेरलाई सबैभन्दा महङ्गो विषादी छ, हुन त त्यसको विकल्पको कुरा पनि गरिएको छ, पानी लगाउने वित्तिकै चिसोको भिटामिन, किरामार्ने औषधी, भिण्डीलाई भुसुना हटाउने औषधि हाल्नुपर्ने हुन्छ ।" समूहभित्र पनि पाँच/पाँच जनाको उपसमूह बनाएर आ-आफ्नो पालोमा तरकारी टिप्ने र बेच्ने गर्दै आएका छन् ।

भरतपुर महानगरपालिका-२४ सिद्धार्थटोलस्थित 'सिद्धार्थ कोशिश महिला कृषक समूह' ले ४ कट्ठा जग्गा भाडामा लिएर करेला खेती गरेको छ । तर करेलाको भाउ नआएका कारण समूह घाटामा रहेको सचिव सुशीला तामाङले बताउनुभयो । "समूहले करेला उत्पादन गरेपनि बजार पाउन सकेको छैन, भाउ नपाएर एक केजी करेलाको १० रुपैयाँमा बेच्नु परेको छ, करेलाको भाउ छैन, अलिअलि गरेर बेच्यो पैसा जम्मा गर्‍यो फेरी करेलामा राख्ने औषधी ल्याउँदा ठिक्क हुन्छ, थोरै भएपनि युरिया मल राख्नुपर्छ, औषधी त्यस्तै महङगो छ, खाजा नि खानै पर्‍यो समूहलाई त केही फाइदा नै भएको छैन" सचिव तामाङले भन्नुभयो, "पहिलो पटक तालिम लिएर गरेको खेती हो, अव आगामी सिजनमा धेरै उत्पादनगरी आम्दानी बढ्नेमा भने हामी आशावादी छौं ।" समूहले अहिलेसम्म १० हजार रुपैयाँ जतिको करेला बेचेपनि पैसा भने कत्ति पनि बचेको छैन । १६ जना सदस्य रहेको समूहमा मासिक रुपमा सदस्यले ५० रुपैयाँ उठाउँदै आएका छन् । ४ कट्ठाको बर्षमा १० हजार रुपैयाँ भाडा तिर्नुपर्छ ।

भरतपुर महानगरपालिकामा 'उन्नती कोशिश महिला कृषक समूह', 'नमूना कोशिश महिला कृषक समूह', 'महिला उत्थान कोशिश कृषक समूह' र 'शिवशक्ति कोशिश कृषक महिला समूह' लगायत ९ वटा समूह गठन गरिएको छ । ती समूहले अहिले मकै, करेला, भिण्डी, बोडी र सिमीलगायत कृषि खेती, बाख्रा र बङ्गुर पालनलगायतका पशुपालन गर्दै आएका छन् । भरतपुरमा अहिलेसम्म ८ वटा कृषिसम्वन्धी, ३ वटा पशुपालन र ५ वटा नेतृत्व विकाससम्वन्धी तालिम सम्पन्न भएको छ । त्यसैगरी रत्ननगर नगरपालिकामा पनि 'उर्जाशील महिला कोशिश कृषक समूह', 'महिला जनशक्ति कोशिश कृषक समूह' र 'फूलवारी कोशिश महिला कृषक समूह'लगायत ११ वटा समूह गठन गरिएको छ। ती समूहले पनि कृषि र पशुपालन गर्दै आएका छन् । रत्ननगर नगरपालिकामा अहिलेसम्म कृषीसम्वन्धी ८ वटा, पशुपन्छीपालन सम्वन्धी ५ र नेतृत्व विकाससम्वन्धी ५ वटा तालिम सम्पन्न भएको छ ।

## तस्वीरमा एड्वान










। सफलताको कथा । सुमना श्रीमल

# एड्वानले मलाई जीउने बाटो देखायो

**लालीगुराँस कोशिश महिला उद्यमी कृषक समूह**
**गण्डकी गाउँपालिका, गोरखा**



। सुमना श्रीमल

**आफूले दुःख गर्दा र आम्दानी हुँदा खुसी लाग्छ । दिनभरी काम गरेर घर आएर यी कुखुरा हेरेपछि थकाई पनि मेटिन्छ । अहिले कुखुराको मासु पसलमा कुखुरा दिने गरेको छु । म धेरै संघर्ष गरेर यहाँसम्म आएको हो । एड्वान संस्थाले नै मलाई बाटो देखाएको हो ।**

गण्डकी गाउँपालिका वडा नं.२ फुलडाँडामा मेरो बसोबास छ। यो भन्दा आठ वर्ष अगाडीतिर नै मैले एड्वानले दिएको कुखुरा पाल्ने तालिम लिँदै आएको छु। अहिले पनि लालीगुराँस कोशिश महिला उद्यमी कृषक समूहबाट तालिम पाएको छु । आठ बर्ष अगाडी एड्वानबाट नै १५ दिने तालिम लिएर १५ वटा कुखुरा पाल्दै आएको छु। त्यतिखेरको अवस्था भन्नुपर्दा मेरो कुखुरा पाल्ने अवस्था थिएन । मेरो बसोबास दुःखदायी थियो गुन्द्रीको ढोका हालेर सुत्थे । तालिम लिएपछि एड्वानले यातायात खर्च बापत ५ हजार रुपैयाँ दिनु भएको थियो । त्यही ५ हजारबाट मैले १५ वटा कुखुरा लिएँ र अरुले फ्याकेको जस्तापाता मेरो कुखुराको खोरलाई हुन्छ भनेर ल्याएर सानो खोर बनाएँ । अहिले १०/१५ वटा कुखुराबाट पनि व्यवसाय गर्न सकिदो रहेछ भन्ने लागेको छ। १५ वटा कुखुरामा दुई वटा मरेको थियो । बाँकी १२ वटा खुकुराहरू बेचेर मलाई १३ हजार रुपैंयाँ आएको थियो । तेतीवेला १३ हजार रुपैयाँ मेरो लागि ठूलो कुरा भयो। १३ हजार रुपैंयाँ पाएपछि दोस्रो पटक कुखुरा राख्दा मैले २० वटा राखे । पहिला खोर पनि सानो थियो । २० वटामा १२ वटा कुखुरा बेच्दा १५ हजार पैसा भयो। त्यसपछि मलाई झन खुसी लाग्यो। १५ हजार पैसा भएपछि मलाई झन उत्साह भयो । मैले अझै कुखुरा पालेर धेरै पैसा कमाउनुपर्छ भन्ने उत्साह भयो । अहिले मेरो छोराको दुई लाखको बीमा गरेको छु । यो कुखुराबाट आम्दानी नभएको भए मेरो आँट आउने थिएन । वर्षमा एक पटक गर्ने हो खाइ नखाई मेरो बच्चाको भविष्यको लागि बीमा गरेको हो । वर्षको १६ हजार बच्चाको बीमाको लागि जनतन जसरी पनि छुट्याउँथे र कुखुराको चल्लाको लागि अरुकोमा काम गरेर ५ हजार जति बनाएर चल्ला राख्थे । मेरो कमाइबाटै १५ हजारमा ठूलो खोर बनाएँ । अहिले धेरै कुखुरा भएका छन् । एक लटमा कहिले १० कहिले १२ हजार रुपैयाँ आउँछ। यही नाफाबाट फेरी चल्ला किन्ने, दाना किन्ने गरेको छु । एक पटक कुखुरा बेच्दा श्रीमानको बीमाको बुझाउने, अर्को पटकमा छोराको र अर्को पटकमा मेरो किस्ता बुझाउँदै आएको छु।

आफूले दुःख गर्दा र आम्दानी हुँदा खुसी लाग्छ । दिनभरी काम गरेर घर आएर यी कुखुरा हेरेपछि थकाई पनि मेटिन्छ । अहिले कुखुराको मासु पसलमा कुखुरा दिने गरेको छु। म धेरै संघर्ष गरेर यहाँसम्म आएको हो। यही एड्वान संस्थालेनै मलाई बाटो देखाउनुभएको हो । आजभन्दा आठ बर्ष अगाडीबाटनै यो तालिम लिँदै आएको हो । दुःख गरेर भएपनि श्रीमान, छोरा र आफ्नो लागि थोरै रकम भएपनि जोगाएको छु। मेरो श्रीमानले विदेशमा दुःख गर्नुभएको छ । र मलाई पनि देशभित्रै केही दुःख गर्नुपर्छ आम्दानी गर्नुपर्छ भनेर कुखुरा पालेर अर्कोको घरमा ज्याला मजदुरी गरी आम्दानी गर्दै आएको छु । कुखुराबाटै अहिले ४० हजार आम्दानी गर्न सकेको छु। कुखुराबाट अहिलेसम्म घाटा खाएको छैन। एड्वान संस्थाले यहाँसम्म मलाई बाटो देखाउनुभयो । एड्वानको १५ दिने तालिमबाट महिलाहरू पछाडी पर्नु हुँदैन। महिलाले पनि आम्दानी गर्नुपर्ने रहेछ । मान्छेको अगााडी बोल्नु पर्दो रहेछ भन्ने कुरा सिकेकी छु। अहिले ७० वटा कुखुरा छ। एड्वानलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

## सफलताको कथा

# कृषिबाट बदलिएको जीवन

**आम्दानीमा आएको कमी र कृषिलाई हेयको पेशाको रूपमा हेरिएका कारण पुरूषहरू सहरोन्मुख बसाइँसराइ तथा वैदेशिक रोजगारीमा गएपछि महिलाहरू कृषि र पशुपालनबाट आत्मनिर्भर हुने गरेका छन् । देशको आधा हिस्सा ओगटेका महिलालाई सचेतनासँगै कृषिमा सशक्तिकरण गर्न सकियो भने कृषि उत्पादन वृद्धि गर्न सहयोग पुग्ने देखिन्छ ।**

गोरखा । शहिद लखन गाउँपालिका -९, नाम्जुङ खड्क गाउँस्थित 'लालुपाते कोशिश महिला कृषक समूह' की सचिव रूपा दवाडीले सुरूमा एड्वानमार्फत बाखापालनसम्वन्धी १५ दिनको तालिम लिनुभयो । २० जना सदस्य रहेको समूहकी सचिव दवाडीले सुरूमा ६ वटा मात्रै बाखापालन गर्दै आउनुभएको थियो । तालिम लिएपछि भने ८ वटा बाखा थपेर अहिले १४ वटा बाखा बनाउनुभएको छ । उहाँ भन्नुहुन्छ, "पहिला बाखा विरामी हुँदा कुन औषधि खुवाउने, कस्तो दाना खुवाउने भन्ने थाहा थिएन, बाखाको लागि खनिज ढिक्का बनाउने कुरा पनि थाहा थिएन, तर तालिम लिइसकेपछि भने बाखा पाल्न सजिलो हुँदो रहेछ, तालिममा बाखा पालनको महत्व एंवम् फाइदा, बाखाको खोर बनाउँदा ध्यान दिनुपर्ने कुरा र बाखामा लाग्ने आन्तरिक तथा बाह्य परजीवि र उपचार पद्धतिबारे सिकेपछि अहिले बाखा पाल्न सजिलो भएको छ ।" तालिममा बाखामा लाग्ने विभिन्न रोग र नियन्त्रणका उपाय, औषधि/उपचार, जुकाको उपचार र सुई राख्ने, रोग सर्ने माध्यम, बाखालाई खोप लगाउँदा अपनाउनुपर्ने उपाय, भर्खर जन्मेका पाठापाठीको हेरचाह गर्ने तरिका, ब्याउने बाखा र सुत्केरी माउको हेरचाह गर्ने तरिका, सन्तुलित दाना बनाउने विधि सम्बन्धी प्रयोगात्मक अभ्यासलगायत बाखापालनसम्वन्धी विभिन्न विषय सिकिसकेपछि दवाडीले सोही अनुसार बाखाको स्याहार-सुसार गर्दै आउनुभएको छ । बाखापालनबाट आम्दानी गरेर घर खर्च चलाउँदै आउनुभएकी दवाडीले सबै बाखाको बीमासमेत गर्नुभएको छ । "श्रीमानको खासै आम्दानी हुँदैन, बाखापालेर पनि छोरा/छोरी पढाउनलगायत घर खर्च चलाउन सकिन्छ भन्ने लागेको छ" उहाँ आत्मविश्वासी देखिनुहुन्छ, "खासमा हामीले पहिला बाखा पाल्न नजानेर खासै राम्रो नभएको रहेछ, राम्रोसँग गरियो भने हुँदो रहेछ ।"

अब एड्वानले बाखाको खोर व्यवस्थित बनाउन सहयोग गरिदिए हुन्थ्यो भन्ने लागेको छ दवाडीलाई । खोर व्यवस्थित भएको खण्डमा बाखा थप्ने योजनामा हुनुहुन्छ उहाँ । दवाडीले भन्नुभयो, "मैले पहिले पनि फर्म दर्ता गरेरै बाखा पालेको थिए, पहिला ३५/४० वटा नि थियो, पछि बाखालाई रोग लागेर धेरै मरेपछि जम्मा ५/६ वटा माउ मात्रै बाँकी भयो ।" तालिमपछि एड्वानले दिएको यातायात खर्च वापतको प्रतिव्यक्ति ९ हजार रुपैयाँ मध्ये आधा ४ हजार पाँच सय रुपैयाँ प्रतिव्यक्तिका दरले २० जनाको ९० हजार रुपैयाँ पनि समूहमा राख्ने निर्णय गरिएको छ । जसले धेरथोर सहुलियत ब्याजदरमा ऋण पनि पाउन सजिलो भएको छ । समूहमा मासिक १०० रुपैयाँ उठाउने गरिएको छ तालिमबाट प्राप्त भएको ९० हजार समेत गरी अहिले समूहमा एक लाख २४ हजार रुपैयाँ जम्मा भएको छ । त्यहीबाट आवश्यक मात्रामा ऋण लिएर बाखा किनेर पाल्ने गरेको उहाँको भनाइ छ । बाखापालेर "खेतीको लागि मलपनि भएको" उहाँले बताउनुभयो । लगानी गरिसकेपछि त्यसैमा लागि परेको खण्डमा बाखा पालनबाट राम्रो आम्दानी गर्न सकिन्छ भन्ने रूपा उदाहरण हुनुहुन्छ ।

रूपाले जस्तै शहिद लखन गाउँपालिका-९ गम्थालेकी डिलकुमारी नेपालीले पनि १५ वटा बाखा पाल्नु भएको छ । डिलकुमारीको पनि तालिमभन्दा अगाडि ९ वटा मात्रै बाखा थिए तर तालिम लिएपछि भने थपेर १५ वटा बनाउनु भएको छ । "१५ दिनको तालिममा धेरै कुरा सिकियो, बाखा विरामी भएको बेलामा एउटै खोरमा राख्न नहुने रहेछ, खोरलाई सधैं सफा राख्ने, हप्तामा दुई पटक बाखाको बर्कौला/मल

छुट्टै राख्नुपर्ने रहेछ भन्ने जानियो", उहाँ भन्नुहुन्छ, "पोहोर साल मात्रै ३ वटा खसी बेचेर छोराको पढाइ खर्च पुऱ्याएको थिएँ, अब तालिमपछि झनै आत्मवल बढेको छ।" डिलकुमारीले बाख्रा पालन गरेरै घर खर्च चलाउने र छोरा/छोरीको पढाइ खर्च पुऱ्याउँदै आउनुभएको छ। उहाँ भन्नुहुन्छ, "अब भएका भैंसी सबै हटाएर बाख्रा धेरै पाल्ने भनेको बाख्राको खोरको लागि समस्या छ।"

खड्क गाउँकै लालुपाते समूहकी सदस्य सुनिता भण्डारीले पछिल्लो पटक एउटा खसीको १८ हजार रुपैयाँ हात पार्नुभयो। त्यही १८ हजारले अहिले घर खर्च चलेको छ। समूहकी सदस्य अनिषा दवाडीले समूहबाट ऋण निकालेरै भएपनि अहिले ७/८ वटा बाख्रा पाल्नुभएको छ। उहाँ भन्नुहुन्छ, "तालिमपछि सिकिएको सीपले बाखापालन व्यवसाय राम्रो हुन्छ भन्नेमा म ढुक्क छु।" यता गण्डकी गाउँपालिका-१, मकैसिंङ्गस्थित 'देवीमाई कोशिश महिला कृषक समूह'की सदस्य माया गुरूङले २७ वटा बाख्रा पाल्नुभएको छ। मायाले बाख्रा पालनबाटै आम्दानी गरेर घर खर्च चलाएर बचतसमेत गर्नुभएको छ। उहाँले बाख्रा पालनसँगै सुन्तला खेती पनि गर्नुभएको छ। शहिद लखन गाउँपालिकामा 'हातेमालो कोशिश महिला कृषक समूह', 'लाली गुँरास कोशिश महिला कृषक समूह', 'नवपालुवा कोशिश महिला कृषक समूह' र 'बौद्धनाथ कोशिश महिला कृषक समूह' लगायत १३ वटा समूह गठन गरिएको छ। ती समूहले पनि अदुवा, बेसार, अकबरे खुर्सानी, कोसेवाली, बङ्गुर पालन, बाख्रा र कुखुरा पालन सम्बन्धी तालिम एड्वानबाट प्राप्त गरी सम्बन्धित खेतीपाती र पशुपन्छीपालन गर्दै आएका छन्। उक्त गाउँपालिकामा अहिलेसम्म ८ वटा कृषिसम्बन्धी, ४ वटा पशुपन्छीपालन सम्बन्धी र ४ वटा नेतृत्व विकाससम्बन्धी तालिम सम्पन्न भएको छ। त्यसैगरी गण्डकी गाउँपालिकामा अहिलेसम्म १२ वटा समूह गठन गरिएको छ भने ७ वटा कृषिसम्बन्धी, २ वटा पशुपालनसम्बन्धी र ३ वटा नेतृत्व विकाससम्वन्धि तालिम दिइसकेको छ। गण्डकी गाउँपालिकाका 'देवीमाई कोशिश महिला उद्यमी कृषक समूह', 'त्रिशुली कोशिश महिला कृषक समूह' र 'सिर्जनशील बहुउद्देश्य कोशिश महिला कृषक समूह'लगायत १२ वटा समूहले पनि कृषि र पशुपालन गर्दै आएका छन्। फूल खेती गरेर वा बाख्रापालन गरेर आत्मनिर्भर हुने पृथीमाया, रूपा, अनिषा, डिलकुमारी, सुनिता र माया उदाहरण मात्रै हुन। वर्षौंदेखि घाँसदाउरामै ब्यस्त ग्रामिण भेगका महिलाहरू पृथ्वीमाया र रूपा जस्तै अचेल सामुहिक व्यावसायिक तरकारी खेती तथा पशुपन्छी पालनमा लागेका छन्।

उता शहिद लखन गाउँपालिका-२ बेतेनीस्थित 'लगनशील कोशिश कृषक महिला समूह'ले पनि पछिल्लो दुई महिनामा १९ हजार रुपैयाँको फूल बेचेको छ। समूह गठनगरेपछि सुरुमा नेपाल दलित महिला उत्थान सङ्घ (एड्वान) ले फूलखेती सम्बन्धी १५ दिनको तालिम दिएपछि फूल खेती सुरू गरेका उनीहरूले एक सोलीको ५०० रुपैयाँका दरले मनकामना मन्दिर आसपासका व्यापारीलाई फूल बेचेर १९ हजार रुपैयाँ आम्दानी गरेका हुन्। समूहकी अध्यक्ष पृथीमाया गुरूङले भन्नुहुन्छ, , "हामी समूहमा आवद्ध महिलाले सुरूमा फूल कसरी लगाउने, कति मल राख्ने, कति पानी राख्ने, टनेल कसरी बनाउने, फूलको बीउ कसरी राख्नेलगायत फूलखेती सम्बन्धी तालिम लिइयो, तालिम लिएपछि फूलखेती सुरू गरियो, अहिले राम्रो भएको छ।"

१९ जना महिला आवद्ध समूहले एक रोपनी जग्गा भाडामा लिएर फूल खेती गरेको हो। सुरूमा (एड्वान) ले तालिम, फूलको बीउ र आवश्यक औजार दिएको थियो। एक रोपनी जग्गाको एक वर्षको पाँच हजार रुपैयाँ भाडा तिर्नुपर्छ। समूहले जग्गा धनीसँग पाँच वर्षसम्मको लागि सम्झौता गरेको छ। "मलाई त खुसी लाग्छ मनकामनासम्म पऱ्याएपछि फूलको हारालुछ हुन्छ, मान्छेहरू हामीलाई दिनु न भन्दै आउँछन्" गुरुङ्ग खुसी साट्नुहुन्छ"अहिले गर्नै पर्दो रहेछ भन्ने लागेको छ, गरिसकेपछि हुँदो रहेछ भन्ने लागेको छ, अब हामी यही फूल खेतीमा निरन्तर लाग्ने छौं।" उहाँहरूलाई धेरै फूल खेती गर्नका लागि अहिले जग्गा र पानीको अभाव भएको छ। समूहले अहिलेसम्म ३८ सोली फूल बेचिसकेको छ। "पुसमा तालिम लिएपछि माघमा फूलको बेर्ना सारियो, र बैशाखदेखि फूल बेच्न सुरू गरेको हो, फूलको माग अनुसार पुऱ्याउन सकेको छैन, समूहका सबै महिला मिलेर अहिले गोदावरी र सयपत्री फूल लगाएका छौं, मुख्यगरी जग्गा र पानीको समस्या भएको छ, जग्गा बढाउने तयारीमा छौं",-अध्यक्ष गुरूङले भन्नुभयो।

हुन त महिलालाई आयमूलक कार्यमा संलग्नता कम र घरायसी काममा बढी समय दिनुपर्ने वाध्यता छ। पितृसत्तात्मक सोचबाट गुज्रेको हाम्रो समाजमा अझै पनि महिलालाई दोस्रो दर्जाको नागरिकका रुपमा हेर्ने दृष्टिकोण छ। उमेर नपुग्दै विवाह गरिदिने, श्रीमानमा भर पर्नुपर्ने, अवसरबाट वञ्चित, घरायसी बन्धन र निर्णय गर्न पुरुषमा निर्भर रहनुपर्ने जस्ता कारणहरू वैवाहिक जीवनपश्चात कुनैपनि कार्यको निर्णय लिनसक्ने अवस्था हुँदैन। तरपनि युवाहरू विदेश जाने प्रवृत्ति बढेसँगै ग्रामीण क्षेत्रको खेतीपाती र कृषि क्षेत्र महिलाले नै धान्ने परिस्थिति सृजना भएको छ। बढ्दो युवा पलायनका कारण नेपालको कृषि क्षेत्रमा महिला सक्रियता बढ्दै गएको छ। शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापाले महिला र पुरुषबीचको विभेद हटाउनका लागि पनि महिलालाई मात्मनिर्भर बनाउनुपर्ने तर्क गर्नुभयो। समानताको निम्ति महिलालाई अवसर प्रदान गर्दै आर्थिक, सामाजिक र राजनीतिक रुपमा अगाडि बढाउनुपर्ने उहाँको भनाइ थियो। रोजगारीका क्रममा पुरुषहरू विदेश पलायन हुने क्रम बढेपछि कृषि उत्पादन तथा परिवारको समग्र अर्थ व्यवस्था महिलाले धान्नु परेको छ। पुरुषको पलायन र ग्रामीण क्षेत्रमा बढ्दो महिलाको जनचेतनाको प्रभावले महिला उद्यमशीलताको विकास र जमिनमा महिलाको स्वामित्व बढ्दै गएको छ। शहिद लखन गाउँपालिका वडा नं.४ र ५ का वडा अध्यक्षहरू क्रमशः यमबहादुर थापा र यमबहादुर राना मगरले एड्वानले गरिरहेको काममा सहकार्य गरेर अगाडि बढ्न स्थानीय सरकार तयार रहेको प्रतिवद्दता व्यक्त गर्नुभयो। आम्दानीमा आएको कमी र कृषिलाई हेयको पेशाको रुपमा हेरिएका कारण पुरुषहरू सहरोन्मुख बसाइँसराइ तथा वैदेशिक रोजगारीमा गएपछि महिलाहरू कृषि र पशुपालनबाट आत्मनिर्भर हुने गरेका छन्। देशको आधा हिस्सा ओगटेका महिलालाई सचेतनासँगै कृषिमा सशक्तिकरण गर्न सकियो भने कृषि उत्पादन वृद्धि गर्न सहयोग पुग्ने देखिन्छ।

| सफलताको कथा |

# अधिकारको निम्ति एड्वानको सक्रियता

**दलित कल्याण संघको सह-आयोजनामा एड्वानले संविधान सभाका सदस्यहरू र सामाजिक कार्यकर्ताहरूको उपस्थितिमा राज्य पुनर्संरचना तथा राज्यका शक्तिहरूमा दलित महिला समावेशीकरणबारे एकदिने छलफल कार्यक्रम आयोजना गरेको थियो ।**

वि.सं. वि.स. २०५९ सालमा एड्वानले अर्न्तक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा ६७ जना उपस्थित थिए । त्यसैगरी सोही बर्ष क्षमता अभिबृद्धिका लागि बिभिन्न तालिमहरू पनि सञ्चालन गरेको थियो । प्रस्ताव लेखन तालिमको पनि आयोजना गरिएको थियो । कार्यकारी निर्देशक राम नेपाली ले काठमाण्डौं तालिम केन्द्र (केटिसी) द्धारा सञ्चालित तालिममा सामाजिक परिचालन, तालिमकर्ताका लागि तालिम (टिओटी), पार्टिसिपेटरी रुरल अप्रेजल (पीआरए), प्रतिवेदन र प्रस्ताव लेखन तालिम आदि लिनु भयो । उक्त ७ दिने तालिम बाट एडवाको एक श्रोत व्यक्तिको क्षमता विकासमा सघाउ पुगेको थियो । त्यसैगरी एमनेष्टि इन्टरनैशनल नेपालद्धारा संचालित मानव अधिकार सम्बन्धि तालिम सञ्चालन गरिएको थियो । एआईद्धारा झापाको चन्द्रगढीमा संचालित २ दिने मानव अधिकारको तालिममा ईलामका फिल्ड वर्कर सरस्वति परियार, र महिला समूह सदस्य मीना नेपाली र अन्जु परियार सहभागी भए । रेडियो तालिमपनि गरिएको थियो । बागबजारको मिडिया मिशन ईन्स्टिच्युटमा नेपाल सरकारको क्षमता विकास केन्द्रद्धारा सञ्चालित रेडियो जर्नालिज्म र प्रस्तोताका लागि गरिने तालिममा एडवानको सहयोगमा एसएलसी पास गरेका छात्रछात्राहरूमध्ये ४ जना रुपा नेपाली, भिममाया गुरुङ, ईश्वर सुनार, र लोचन परियार सहभागी भएका थिए ।

त्यसपछि जि.सं.२०६५ सालमा अर्न्तक्रिया कार्यक्रम गरिएको थियो । विषय दलित महिलाको समस्या र समाजको भूमिका विषयक अर्न्तक्रिया ताङलीचोक, पातिश्वरा, गोरखामा आयोजना गरिएको थियो । कार्यक्रममा ननबहादुर सुनार, तोपमान श्रेष्ठ, रबिन मग्राति, चिनुका श्रेष्ठ, चन्द्रबहादुर परियार, रामप्रसाद पन्त र सीताराम पन्तले मन्तव्य राख्नुभएको थियो उहाँहरूले संस्थाले समुदायलाई आश्वसन मात्र देखाउन नहुने र दलित महिलालाई सशक्त बनाउन गाउँ गाउँमा कार्यक्रम गर्नुपर्ने, कार्यक्रमहरू पारदर्शी हुनुपर्ने, दलित तथा महिला सम्बन्धि बनेका नीति नियमहरू, कानूनहरू गाउँका मानिसहरूलाई जानबारी गराउनुपर्ने विषय उठाएका थिए । सोही वर्ष अहिंसात्मक आन्दोलन सिकाउने तालिम पनि गरिएको थियो । ललितपुरको जावलाखेल, स्टाफ कलेजमा सञ्चालित अहिंसात्मक आन्दोलन सिकाउने पाँच दिने तालिममा एडवानबाट सीमा नेपाली र पम्फा परियार सहभागी भएका थिए । वि.सं. २०६५ सालमा एडवानको पहलमा पाँच स्वंयसेवकहरूले गोरखाको पतिश्वरामा मानव अधिकार सम्बन्धि कार्यशाला गोष्ठी, र शिक्षाको महत्व बारे अर्घाखाँचीमा महिला समूहहरूको लागि एक अन्तरकृया गरिएको थियो । एजीएफ छात्रींवृत्त कार्यक्रम अर्न्तगत त्यस वर्ष एजीएफ कार्यक्रमबाट ११ जना छात्राहरूलाई छात्रवृत्ति प्रदान गरियो । एडवानको स्वंयसेवकहरूले छटेङ्गा ६, तेह्रथुमको श्री सरस्वति निम्न माध्यमिक विद्यालयमा बाल पुस्तकालयको स्थापना गरेका थिए । एडवानको पहलमा भुङलीचोकको सेतु स्मृति महिला समूह बसन्ती सुनार भन्ने श्रवण अपाङ्ता भएका एकजना बालिकालाइ आगामी दिनमा उनको शिक्षा र हेरचाहका लागि गोरखामा राख्ने निर्णय गरिएको थियो ।

दलित कल्याण संघको सह-आयोजनामा एडवानले संविधान सभाका सदस्यहरू र सामाजिक कार्यकर्ताहरूको उपस्थितिमा राज्य पुनर्संरचना तथा राज्यका शक्तिहरूमा दलित महिला समावेशीकरण बारे एकदिने छलफल कार्यक्रम गरेको थियो ।

एडवानले फिल्ड वर्करहरूका लागि केन्द्रिय कार्यालयमा दुई दिने तालिम, कामको अनुभव र सिकाई आदानप्रदानबारे कार्यक्रम गरेको थियो । त्यसैगरी प्रजनन स्वास्थ्य सम्बन्धि तालिम त्यही वर्ष गरिएको थियो । इड्वान युएसको आर्थिक सहयोगमा मनकामना, बक्राङका ३४ जना र फुजेल, ताङलीचोकमा भएको मध्ये मनकामना, बक्राङ्गका ३४ जना र ताङलीचोक, फुजेलका ३९ जनालाई २ दिने तालिममा बालविवाह, र गर्भावस्था, किशोरावस्थाको स्वास्थ्य, गर्भवति महिलाको हेरचाह, स्तन क्यान्सर, परिवार नियोजन, आङ्ग खस्ने समस्या बारे तथा सुरक्षित गर्भपतन सम्बन्धि जानकारी दिईयो ।

मानव अधिकार तालिम अन्तर्गत एडवानले आव २०७०/०७१ मा मानवअधिकार सम्बन्धि कार्यशाला गोष्ठिहरूको आयोजना गरेको थियो । नेपाल सरकारद्धारा प्रकाशन गरिएको घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६ र जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ को बारेमा चितवनको गुञ्जनगर र रत्ननगरमा एक दिने मानव अधिकार कार्यशाला गोष्ठिको आयोजना गरेको थियो । उक्त कार्यक्रमले त्यहाँका महिलाहरू, सामाजिक व्यक्तित्वहरू, शिक्षकहरू, राजनैतिक दलका पदाधिकारीहरूमा प्रत्यक्ष रुपमा प्रभाव पारेको यस संस्थाले अनुभव गरेको छ ।

महिला तथा प्रजनन स्वास्थ्य यस संस्थाले आव २०७०/२०७१ मा गोरखाका माकामना तथा बक्राङ गाबिसमा रहेका १० वटा महिला समूहका सदस्य तथा स्वयंसेविकाहरू अर्घाखाँचीको खाँचीकोट, र ढिकुरा गाबिसमा रहेका ५ महिला समूह सदस्य तथा स्वास्थ्य स्वयं सेविकाहरू, बाग्लुङको बाग्लुङ नपाको वडाहरूमा रहेका ५ महिला समूहका सदस्यहरू तथा स्वास्थ्य स्वयम् सेविकाहरू र गोरखाको घैरुङ्ग र बुङकोटका ७ महिला समूहहरू तथा स्वास्थ्य स्वयम् सेविकाहरू र गोरखाकै ताङलीचोक र फुजेलका १२ महिला समूह सदस्यहरू र स्वास्थ्य स्वयम् सेविकाहरूलाई डाक्टरहरूको समूह निदान र मेरी स्टोप्स नेपालका प्रशिक्षकहरूले महिला तथा प्रजनन स्वास्थ्य सम्बन्धि २/२ दिने तालिम दिनु भएको थियो । उक्त स्वास्थ्य कार्यक्रमले महिला प्रजनन तथा स्वास्थ्य सम्बन्धि चेतना अभिबृद्धि गराएको र हुन सक्ने सम्भाव्य खतराहरूलाई कसरी कम गराउने वा हुनै नदिन का लागि गरिने वा अपनाईने सावधानीहरूको बारेमा महिलाहरूलाई सचेत बनाउने कार्य गरेको छ । जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ बारेमा अधिमुखिकरण, मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, जातिय भेदभाव तथा छुवाछुत बिरुद्ध संयुक्त राष्ट्र संघले ल्याएको बिभेद सम्बन्धि महासन्धि, वि.सं. २०७२ मा समेत लेखिएको दलितको मौलिक हक सम्बन्धि प्रावधानहरूबारे जानकारी गराईयो । सार्वजनिक सुनुवाई कार्यक्रम सार्वजनिक निकायले गरेका काम कारवाही, सेवा सुविधाको गुणस्तर तथा प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम मनकामना, ताङलीचोक र घैरुङ. गाबिस गरी जम्मा ११२ जना सहभागी थिए ।

**वि. सं. २०६९ सालमा गोरखा जिल्लाको ताक्लुङ्ग गाविसका १० वटा महिला समूह सदस्य तथा स्वास्थ्य स्वयम् सेविकाहरूलाई महिला तथा प्रजनन स्वास्थ्य सम्बन्धि २ दिने तालिम कार्यक्रम सञ्चालन गरियो । तालिममा जम्मा १६ जनाको सहभागिता रहेको थियो ।**

वि.सं. २०६९ सालमा गोरखा जिल्लाको ताक्लुङ्ग गाबिस का १० वटा महिला समूह सदस्थ तथा स्वास्थ्य स्वयम् सेविकाहरूलाई महिला तथा प्रजनन स्वास्थ्य सम्बन्धि २ दिने तालिम कार्यक्रम गरियो । जम्मा १६ जनाको सहभागिता रहेको थियो । यस संस्थाले वि.सं. २०६९/७० मा मानव अधिकार सम्बन्धि कार्यशाला गोष्ठीहरूको आयोजना गरिएको थियो। नेपाल सरकारद्धारा प्रकाशन गरिएको घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ र जाथिय भेदभाव तथा छुवाछुत -कसुर र सजाय) ऐन २०६८ को बारेमा गोरखाको फुजेल, बाग्लुङ्गको बर्तिवाङ्ग र रातामाटा, अर्घाखाँचीको खाँचीकोटमा एक दिने मानव अधिकार कार्यशाला गोष्ठी आयोजना गरिएको थियो ।

रणनीति योजना कार्यशाला पनि त्यसै वर्ष गरिएको थियो । बिभिन्न संघ संस्थाका प्रतिनिधि, दलित अगुवा, स्थानीय युवाक्लव, आमा समूह, दलित महिला समूह लगायत अन्य सरोकारवालाहरू मध्ये ताक्लुङ. गाबिस का १९ र अन्य गाबिसका १८ जना को सहभागितामा २ दिने कार्यशाला सम्पन्न गरिएको थियो । नेतृत्व विकास तालिममा एड्वानको केन्द्रिय कार्यालयमा गरिएको थियो । ५ देखि १० डिसेम्बरसम्म विहान १० देखि ४:३० सम्म तालिम सञ्चालन भएको थियो । कमल बाबु परियार, खड्ग वीर थापा, कृष्ण गहतराज, राम नेपाली, गौरा नेपाली, बिन्दु परियार, पम्फा, परियार, शोभा नेपाली, सपना परियार, पम्फा नेपाली, सपना परियार, गीता परियार, रिता परीयार, बीर बहादुर परियार, सानुबाबु आले, बबिता परियार, बेन्जु ल्वागुन, जीत बहादुर परियारको सहभागिता रहेको थियो ।

मानव अधिकार तालिममा एडवानले आव २०७०/०७१ मा मानव अधिकार

| क्र. स. | विवरण | स्वा. स्व. सेविका | महिला सदस्य | जम्मा |
|---|---|---|---|---|
| १ | दलित महिला | १ | ३ | ४ |
| २ | जनजाति महिला | ४ | ७ | ११ |
| ३ | अन्य महिला | १ | ० | ०१ |
| | जम्मा सहभागिता | ६ | १० | १६ |

*मानव अधिकार तालिम*

सम्बन्धि कार्यशाला गोष्ठिहरूको आयोजना गरेको थियो । नेपाल सरकारद्धारा प्रकाशन गरिएको घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६ र जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ को बारेमा चितवनको गुञ्जनगर र रत्ननगरमा एक दिने मानव अधिकार कार्यशाला गोष्ठिको आयोजना गरेको थियो । उक्त कार्यक्रमले त्यहाँका महिलाहरू, सामाजिक व्यक्तित्वहरू, शिक्षकहरू, राजनैतिक दलका पदाधिकारीहरूमा प्रत्यक्ष रुपमा प्रभाव पारेको यस संस्थाले अनुभव गरेका थिए ।

एड्वानको केन्द्रमा भएको नेतृत्व विकास तालिममा कमल बाबु परियार, खड्गवीर थापा, कृष्ण गहतराज, राम नेपाली, गौरा नेपाली, बिन्दु परियार, पम्फा, परियार, शोभा नेपाली, सपना परियार, पम्फा नेपाली, सपना परियार, गीता परियार, रिता परीयार, बीर बहादुर परियार, सानुबाबु आले, बबिता परियार, बेन्जु ल्वागुन, जीत बहादुर परियारको सहभागिता रहेको थियो । वि.सं. २०७४ सालमा ग्लोबल फन्ड फर वोमनले युवा महिला नेतृत्व विकास कार्यक्रम बागलुङ्गमा तीन वर्षे, कार्यक्रम जातिय विभेदको न्यूनीकरण गर्ने मुख्य उद्देश्यले आयोजना गरेको थियो । मदिरा नियन्त्रण र घरेलु हिंसांबारे समूहमा छलफल, स्कुल, बाल क्लव, युवा क्लवसँग छलफल, स्थानिय निकाय, समुदाय तथा प्रसाशनसँगको गोष्ठी गर्नुका साथै महिलावादी आन्दोलन, जेन्डरको तालिम, लैंगिक समानता (२ वटा)कार्यक्रम सञ्चालन गरिएको थियो । अधिकार अन्तर्गत लैंगिक समानता (२ वटा) कार्यक्रम सम्पन्न । ग्लोबल फन्ड फर वोमनले युवा महिला नेतृत्व विकास कार्यक्रम बागलुङ्ग (तीन वर्षे) कार्यक्रम जातिय विभेदको न्यूनीकरण तथा महिला नेतृत्वको विकास गर्ने मुख्य उद्देश्यले मदिरा नियन्त्रण र घरेलु हिंसा, सडक नाटक प्रदर्शन, स्कुल, बाल क्लव, युवा क्लवसँगै समूदायमा मदिरा सेवनको दुष्प्रभाव बारे नाटक प्रदर्शन, स्थानिय निकाय, समुदाय तथा प्रसाशनसँगको सहकार्यमा अनुगमन टोलीको गठन, महिलावादी नेतृत्व विकासका लागि नेपालको नीति, कानूनी व्यवस्था बारे तालिम र टेवा संस्थाको कार्यक्रम गरेको थियो । त्यसैगरी अधिकारकै सवालमा दलित तथा सीमान्तकृत महिलाको लागि सुधारिएको जीविकोपार्जन कार्यक्रम महिला अधिकार सम्बन्धि तालिम (३ वटा) परियोजना युवा महिला नेतृत्व विकास अन्तरगत कार्यक्रमहरू स्कुल, बाल क्लव, युवा क्लव सँगै समूदायमा मदिरा सेवनको दुष्प्रभाव बारे नाटक प्रदर्हन, स्थानीय निकाय, समूदाय र प्रशासनसँगको सहकार्यमा अनुगमन टोलीको गठन, नेपालको नीति, कानून र व्यवस्था बारे तालिम मेन्टर, परामर्शदाता संगको बैठक तथा बिस्तृत छलफल गरिएको थियो । टेवा संस्थासँगको सुरक्षा घेरा कार्यक्रमहरू अन्तर्गत महिला तथा प्रजनन स्वास्थ्य सम्बन्धि कार्यशाला गोष्ठि, देवी स्थान बाग्लुङ, महिला अधिकार सम्बन्धि कार्यशाला गोष्ठि, देवी स्थान बाग्लुङ गरिएको थियो । सोही सययमा स्थलगत भ्रमण अमोगमति, राजकुमार त्रिखत्री व्दारा चितवन परियोजनाको स्थलगत भ्रमण पनि गरिएको थियो । डायना फाक्सको मिथिला आर्ट सम्बन्धि कार्यक्रममा डायनाको व्यक्तिगत सहयोगमा एडवान संस्थाले जनकपूरधाममा ७ जना महिलाहरूलाई १७ दिने मिथिला आर्ट तालिम तथा ७ दिने महिला हिंसा, महिला मैत्री नीति र कार्यक्रमको विषयमा तालिम सम्पन्न गरियो ।

वि.सं. २०७९ मा गर्ल्स फाउन्डेशनको परियोजना दलित तथा सिमान्तकृत समुदायको महिला र पुरुष दुबैको जीबिकोपार्जन दैनिक ज्यालादारीमा आधारित रहेको छ । आमा बुवा दुईटै घरबाट बाहिर रहेको तथा दलित बस्तिको वातावरण पनि राम्रो नभएका कारणले नानीहरूको उचित लालन पालन हुन नसकेको अवस्था छ । आर्थिक अभावले गर्दा उनीहरूको समुचित खानपान, पढाईलेखाई वर्तमान समयानुसार नभएको अवस्था छ । त्यसैगरी आर्थिक अभावले गर्दा उनीहरूको समुचित खानपान, पढाईलेखाई, तथा अनुसाशन नभएको वर्तमान अवस्थामा एडवानको अगुवाईमा ती नानीहरूको बिहान र बेलुकाको पढाईका साथै खानपानको व्यवस्था रहने गरी जयमंगला रत्ननगरमा एउटा डे केयर सेन्टर खोलिएको छ । उनीहरूको नियमित स्कुल जाने, समयमा गृहकार्य गर्ने, गराउने आदि कुराको पनि अभावका कारण गुणत्मक पढाई हुन नसकेका कारण गर्ल्स फाउन्डेशन (युएस) को आर्थिक सहयोगमा एडवानले जयमंगला, रत्ननगरमा डे केयर सेन्टरको स्थापना गरी १३ जना नानी हरूलाई एउटा शिक्षिका राखेर बिहान बेलुका पढाउनुका साथै खाना र बेलुका खाजाको व्यवस्था गरेको छ । महिला सुरक्षा घेरा (टेवा, गैर सरकारी संस्थाले महिला हिंसा, महिला अधिकार तथा आकस्मिक विपद न्युनीकरण तथा प्रतिकृया संगै जलवायु परिवर्तन सम्बन्धि जनचेतनामुलक कार्यक्रम चलाउन बाग्लुगमा महिला सुरक्षा घेरा (Women Security Network) लागि सहयोग गऱ्यो ।

उक्त सुरक्षा घेरा बाग्लुङ्गको सीवाईडब्ल्युएल सामुदायिक युवा महिला नेतृ राधा किसानको नेतृत्व मा १६५ जना सामुदायिक महिलाहरूको घेरा बिस्तार भएको र संचालनमा रहेको छ । वाग्लुङ्गमा महिला अधिकार, जलवायु परिवर्तन, विपद हिंसा हुनबाट जोगिन सामुदायिक स्तरमै कार्यक्रमहरू गरिएको थियो साथै महिला सुरक्षा घेराका सदस्यहरूलाई मोबाईल, स्यानिटरी प्याड, ग्यास चुलो आदि वितरण गरिएको थियो । ग्लोबल फन्ड फर वोमनको दक्षिण एशियाली युवा महिला नेतृत्व विकास तथा परामर्श परियोजना मार्फत ग्लोबल फन्ड फर वोमनको दक्षिण एशियाली युवा महिला नेतृत्व विकास तथा परामर्श परियोजनाको दोश्रो चरणको कार्यक्रमको उदघाटन समारोह देखि सीवाईडब्ल्युएललाई दिईने तालिमहरू मध्ये सडक नाटक मात्र बाँकी रहेको भएको थियो । ती सामूदायिक युवा नेतृहरूले प्राप्त गरेका तालिमहरूबाट प्राप्त सिकाईहरू समुदायमा गएर प्रदर्शन गर्नेछन् । महिला हिंसा सम्बन्धि संवैधानिक कानूनी व्यवस्था, लैंगिक समानता तथा अन्य सामाजिक कुरितीहरूबारे आ-आफ्नो टोलमा गई समुदायका महिलाहरूलाई सचेत र जागरुक बनाउने काम गर्छन् ।

ग्लोबल फन्ड फर वुमनको दक्षिण एशियाली युवा महिला नेतृत्व विकास तथा परामर्श परियोजनाको दोश्रो चरणका कार्यक्रम को उदघाटन समारोह गत फेब्रुअरी महिनामा निपनीको थ्री स्टार होटलमा सम्पन्न भयो । सीवाईडब्ल्युएललाई दिईने तालिम हरू मध्ये सडक नाटक मात्र बाँकी रहेको छ । ती सामूदायिक युवा नेतृहरू प्राप्त तालिमको सिकाई समूदायमा गएर प्रदर्शन गर्नेछन् भन्ने जानकारी गराउन चाहन्छु । महिला हिंसा सम्बन्धि संवैधानिक कानूनी व्यवस्था, लैंगिक समानता तथा अन्य सामाजिक कुरितीहरू बारे आ आफ्नो टोलमा गई समुदायका महिलाहरूलाई जागरुक बनाउने काम गर्छन् ।

# न्यायको लागि एड्वानको पैरवी

**दण्डहीनताको अन्त्य, महिला हिंसाका दोषीहरूलाई कारवाही लगायतका माग राख्दै प्रधानमन्त्री निवास बालुवाटार नजिक वि.सं. २०६९ सालमा आयोजित 'अकुपाई बालुवाटार' मा एड्वानको सक्रिय सहभागिता रहेको थियो । आमाको नामबाट नागरिकता पाउनुपर्ने माग गर्दै विभिन्न चरणमा भएका संघर्षका कार्यक्रमहरूमा एड्वानको सहभागिता रहेको थियो ।**

नेपाल दलित महिला उत्थान संघ (एड्वान) ले आफ्नो स्थापनाकालदेखि नै दलित, महिला, उत्पीडित समुदाय लगायत समग्र सिमान्तकृत समुदायको अधिकारको निम्ति पैरवी गर्दै आएको छ । वि.सं. २०५५ सालमा स्थापना भएको संस्थाले दलित समुदायले सदियौंदेखि भोग्दै आएको जातीय भेदभाव तथा छुवाछूत अन्त्यको लागि पटक पटक संघर्षका कार्यक्रम गर्दै आएको छ । जातीय भेदभावको न्यूनिकरण तथा महिला नेतृत्वको विकास गर्ने उद्देश्यले वि.सं. २०७६ सालमा ग्लोबल फन्ट फर ओमनको सहयोगमा संस्थाले मदिरा तथा घरेलु हिंसा नियन्त्रण अन्तर्गत विद्यालय, बाल क्लव, युवा क्लवसँगै समुदायमा मदिरा सेवनको दुष्प्रभावबारे सडक नाटक प्रदर्शन गरेको थियो । एड्वानले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएको वि.सं. २०६२/०६३ सालको आन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाएको थियो । त्यसैगरी समयमै संविधान निर्माण र दलितमैत्री संविधान निर्माणका लागि पनि पटक पटक संघर्ष गरेको थियो । त्यसका लागि विभिन्न राजनीतिक पार्टीका शिर्ष नेताहरूसँग भेट गरी आफ्ना मागहरूसहित ज्ञापन पत्र बुझाउने काम गरेको थियो । त्यसैगरी संविधान निर्माणसँग जोडिएका सम्वन्धित निकाय समक्ष दलितमैत्री संविधानको निम्ति पैरवी गरेको थियो । बोक्सीको आरोपमा गाउँलेबाट कुटपिटमा परेकी ललितपुर जिल्ला प्यूटारकी कल्ली कुमारी विकको न्यायको निम्ति एड्वानले आफ्नो तर्फबाट संघर्ष गरेको थियो ।

वि.सं. २०६३ सालमा काठमाडौंमा आयोजना गरिएको 'दलित नागरिक सम्मेलन' का क्रममा यो संस्थाले अतुलनीय योगदान गरेको थियो । त्यसैगरी आत्मसम्मान र पुर्नस्थापनाको माग गर्दै ३१ साउन ०६४ मा पत्रकार सम्मेलन गरी सुरु भएको बादी आन्दोलनमा एड्वानको पनि सहभागिता रहेको गियो । ४८ दिनसम्म चलेको आन्दोलनमा ऐक्यबद्दतासहित एड्वान आफैं सहभागि भएको थियो । ५ भदौमा बादी समुदायका महिलाले सिंहदरबार गेटमा अर्धनग्न प्रदर्शन नै गरेका थिए । त्यसपछि सरकार र आन्दोलनकारीबीच २८ असोज ०६४ मा दुई बुंदे सम्झौता भएको थियो । सम्झौता अनुरूप २३ पुस ०६५ मा मन्त्रिपरिषद्को बैठकले बादी समुदायलाई 'यौनशोषणमुक्त समुदाय' घोषणा गरेको थियो । वि.सं. २०६० सालमा मैना सुनार र रीना रसाइलीको हत्यामा संलग्न व्यक्तिलाई कारवाहीको माग गर्दै संस्थाले संघर्षका कार्यक्रम गऱ्यो । द्वन्द्वकालमा सेनाद्वारा हत्या गरिएका मैना र रीनाका परिवारले अझैपनि न्याय पाउन सकेका छैन । काभ्रेको पाँचखालमा रहेको वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रमा वि.सं. २०६० फागुन ७ गते उनीहरूलाई यातना दिई हत्या गरिएको थियो ।

वि.सं. २०७३ मंसिर २० गते काभ्रेपलाञ्चोक सानो वाङथली ७ की वर्ष ३२ की लक्ष्मी परियारको स्थानीय सूर्योदय माध्यमिक विद्यालयका सामाजिक शिक्षा विषयका शिक्षक गोदामचौर निवासी हिरा लामा र निजकी आमा काइँलीमायाँ लामालगायतको कुटपिट तथा मलमूत्र खुवाउने कार्यबाट वि.सं. २०७३ मङसिर २४ गते मृत्यु भएको घटनालाई लिएर एड्वान लगायत दलित संघ/संस्थाले विरोध गरेका थिए । घटनापछि दलित नागरिक समाजको बैठक बसी घटनाको सत्यतथ्य पत्ता लगाई दोषीलाई कडा भन्दा कडा कानुनी कारवाही गर्नुपर्ने माग गरेका थिए । सो निर्णयअनुसार समता फाउण्डेशनको संयोजकत्वमा दलित गैरसरकारी संस्था महासंघ, जागरण मिडिया सेन्टर, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, दलित महिला केन्द्र नेपाल, लगायतका सङ्घसंसथाको सक्रियतामा पाँच सदसीय स्थलगत भ्रमण टोली घटनास्थलमा स्थलगत भ्रमण गरी सरोकारवाला निकाय, पीडित

**वि. सं. २०७७ सालमा रुकुमको सोती हत्या काण्डका पीडितलाई न्याय दिलाउन पटक-पटक माइतीघर मण्डलामा आन्दोलनका कार्यक्रमहरू गरेको थियो । अन्तरजातीय प्रेम सम्बन्धका कारण जाजरकोटका नवराज विक र उनका अन्य पाँच जना साथीहरूको समेत रुकुमको सोतीमा हत्या भएको थियो ।**

तथा पीडक परिवारका सदस्यहरू, प्रत्यक्षदर्शी, स्थानीय बासिन्दासँग छलफल तथा स्थलगत अवलोकनका आधारमा प्रतिवेदन तयार पारिएको हो । प्रतिवेदनमा उल्लेख छ, 'लक्ष्मी परियार हत्या सम्बन्धमा बोक्सीको आरोप लगाइएको भन्ने खालको कुरा बाहिर आएपनि प्रत्यक्षदर्शी, पीडित परिवार तथा स्थानीयको भनाइअनुसार त्यस्तो कुनै तथ्य भेटिएन लक्ष्मीको हत्या घटनामा बाहिरी रुपमा कुटपिट तथा मलमूत्र खुवाउने कार्य गरेको देखिएपनि घटनाको मुख्य कारणको रुपमा दलित समुदायमाथि हुने जातीय भेदभाव तथा छुवाछूत र सार्वजनिक जीवनमा उनीहरूको अस्तित्वलाई अस्वीकार गर्ने प्रवृत्तिले काम गरेको छ ।'

दण्डहीनताको अन्त्य, महिला हिंसाका दोषीहरूलाई कारवाहीलगायतका माग राख्दै प्रधानमन्त्री निवास बालुवाटार नजिक वि.सं. २०६९ सालमा आयोजित 'अकुपाई बालुवाटार' मा एड्वानको सक्रिय सहभागिता रहेको थियो । आमाको नामबाट नागरिकता पाउनुपर्ने माग गर्दै विभिन्न चरणमा भएका संघर्षका कार्यक्रममा एड्वानको सहभागिता रहेको छ । दलित, महिला पिछडिएको क्षेत्र लगायत सिमान्तकेत समुदायको अधिकार र सवालमा पैरवी गर्ने सन्दर्भमा एड्वानले वि.सं. २०७४ सालमा मनोरञ्जन क्षेत्रमा काम गर्ने महिला कामदारको सुरक्षाको निम्ति नीतिगत व्यवस्थाको माग गर्दै सम्वन्धित निकायमा ज्ञापन पत्र बुझाउने, अनुसन्धान गर्ने र सञ्जाल बनाएर काम गरेको थियो । त्यसैगरी बलात्कारको सवालमा पीडितमैत्री कानून बनाउनुपर्ने माग गर्दै यो संस्थाले वि.सं. २०७२ सालदेखि धर्ना, प्रदर्शनी, छलफललगायतका कार्यक्रम गर्दै आएको छ । संस्थाले ग्लोबल फन्ट फर ओमन परियोजना अन्तर्गत चितवन र बाग्लुङ जिल्लामा 'दक्षिण एसियाली युवा र महिला नेतृत्व विकास' अभियान सञ्चालन गरेको छ ।

अन्तराष्ट्रिय नारी दिवस (मार्च ८) को अवसरमा विभिन्न ऱ्यालीलगायतका कार्यक्रम गर्दै आएको छ । यो ८ मार्चमा विश्वभरी मनाइन्छ । राजनितिक तवरबाट शुरु भएको भएता पनि हाल महिला अधिकार, महिला सशक्तिकरण र लैङ्गिक समानता आदि सवालहरू अन्तराष्ट्रिय महिला दिवसका बिषयहरू हुने गरेका छन् । यो सर्वप्रथम् सन् १९०९ फेब्रअरी २८ मा मनाइएको थियो । सन् १९१० मा महिलाहरूलाई मत हाल्ने अधिकार सुनिश्चित गर्ने उद्देश्यको साथ यसलाई अन्तराष्ट्रिय मान्यता प्रदान गरिएको थियो । वि.सं. २०७३ सालमा पाँचखाल काभ्रेका अजित मिजारको हत्यामा संलग्न व्यक्तिलाई कारवाहीको माग गर्दै एड्वानसहित विभिन्न दलित संघ/संस्था, दलित नागरिक समाजद्धारा प्रदर्शन र धर्ना कार्यक्रम आयोजना गरियो । मिजारले नजिकै गाउँ ज्याम्दीकी पराजुली थरकी किशोरीसँग वि.सं. २०७३ साल असार २५ गते प्रेम विवाह गरेका थिए । केटी पक्षको व्यापक दबाबका कारण दुई दिनमै उनीहरूको विवाह टुट्यो । असार २९ गते अजित सम्पर्कविहीन भए । भोलिपल्ट धादिङ, परेवाटारको जंगलमा उनी झुन्डिएको अवस्थामा फेला परे । उनको शव अहिले पनि शिक्षण अस्पताल, महाराजगञ्जमा न्यायको पर्खाइमा छ । मानव अधिकार महाभेला ६७ औं अर्न्तराष्ट्रिय मानअभिकार दिवसको अवसरमा नेपाल मानव अधिकार महाभेलामा एड्वानले सचिवालय तथा विषयगत समितिमा रहेर आफ्नो भूमिका निर्वाह गर्नुको साथै बिभिन्न विषयहरूमा टिप्पणीकार तथा सञ्चालक समिति भित्र पनि मुख्य भूमिकामा रही काम गरेको थियो ।

वि.सं. २०७७ सालमा रुकुम हत्या काण्डका पीडितलाई न्याय दिलाउन पटक पटक माइतीघर मण्डला आन्दोलनका कार्यक्रम गरेको थियो । अन्तरजातीय प्रेम सम्बन्धका कारण जाजरकोटका नवराज विक र उनका अन्य पाँच जना साथीको रुकुमको सोतीमा हत्या भएको थियो । आफूभन्दा माथिल्लो जातकी युवतीसँग प्रेम गरेका भन्दै जाजरकोटका नवराज विक र उनका अन्य पाँच जना साथीहरूलाई लखेटी-लखेटी हत्या गरिएको थियो । हातखुट्टा बाँधेर भेरी नदीमा फालिएको थियो । जाजरकोटका नवराज विक आफ्नी प्रेमिकालाई लिन वि.सं. २०७७, १० जेठमा रुकुमको सोती पुगेका थिए । साथमा उनका साथीहरू जाजरकोटकै गणेश बुढा, लोकेन्द्र सुनार, सञ्जीव विक र गोविन्द शाही तथा रुकुम पश्चिमको चौरजहारी नगरपालिकाका टीकाराम नेपाली पनि थिए । अन्तरजातीय प्रेम सम्बन्धमा रहेका नवराज र उनका साथीहरूलाई त्यही आरोपमा सोती गाउँका कथित माथिल्लो जातका व्यक्तिहरूले कुटीकुटी हत्या गरेका थिए । उनीहरूलाई गाउँलेले घेरा हालेर

लखेटी-लखेटी घरेलु हतियारले प्रहार गरेका थिए । मृतक र घाइतेलाई हातखुट्टा बाँधेर भेरी नदीमा बगाइएको थियो । सो घटनामा संलग्न व्यक्तिहरूलाई कारवाही गर्नुपर्ने माग गर्दै एड्वानलगायतका संसस्थाले तत्कालित गृहमन्त्रीलाई ज्ञापन पत्र बुझाएका थिए ।

एड्वानले 'जातीय भेदभाव तथा (कसूर र सजाय ऐन, २०६८' कार्यान्वयनका लागि विभिन्न ससममा दबाव मूलक कार्यक्रम गर्दै आएको छ । ऐन जारी भएको आज १२ वर्ष भइसकेको छ । तर ऐनको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । ऐन लागू भएपनि पानी छोएको निँहुमा, चुलो छोएको निँहुमा र अन्तजातीय विवाह गरेका कारण मनविरे सुनार (कालिकोट), शिवशंकर दास (सप्तरी), सेते दमाई (दैलेख), झुमा विक (ताप्लेजुङ), संगीता परियार (तनहुँ), राजेश नेपाली (पर्वत), अस्मिता सार्की (झापा), लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालिकोट), रुपमति कुमारी दास (मोरङ), दितिया रेष्मा रसाइली (धनुषा), माया विक (कैलाली), टिकाराम नेपाली (रुकुम), अंगिरा पासी (रुपन्देही) र नवराज विक (जाजरकोट) लगायत करिव २० जना दलित सुमदायका व्यक्तिको मृत्यु भएको छ । यी घटनाका अधिकांश पिडितले अहिलेसम्म पनि न्याय पाउन सकेका छैनन । यी सबै घटनामा एड्वानले न्यायका लागि पैरवी गरेको थियो र अहिलेपनि पैरवी गरिरहेको छ ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्याको विरोधमा संस्था विभिन्न समयमा भएका आन्दोलनमा सहभागी भएर न्यायका लागि पहल गरेको थियो । पन्तको घटना भएको यतिका वर्षमा पनि अझै सो घटनाको टुङ्गो लाग्न सकेको छैन । वि.सं. २०७५ साउन १० गते साथीको घरमा विद्यालयको गृहकार्य गर्न गएकी बालिका पन्तको शव साउन ११ गते नजिकैको उखुबारीमा भेटिएको थियो । शव परीक्षणमा उनको बलात्कारपछि हत्या भएको पुष्टि भएको थियो ।

उक्त घटनापछि दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन माग गर्दै देशभर आन्दोलन हुनुका साथै उक्त मुद्दा अन्तर्राष्ट्रियस्तरमा पनि चर्चाको विषय बनेको थियो । यस प्रकरणमा सरकारले उच्चस्तरीय छानबिन समितिका साथै राष्ट्रिय मानव अधिकार आयोग र प्रहरीले विभिन्न छुट्टैछुट्टै छानबिन समिति गठन भए । तर हालसम्म पनि प्रहरी अपराधीसम्म प्रहरी पुग्नसकेको छैन । घटनाको दोषी पत्ता लगाउन प्रहरीले अहिलेसम्म एक सय २३ जनाको डीएनए परीक्षण गरिसकेको छ । निर्मलाको न्यायका लागि सडकदेखि सदनसम्म जोडतोडका साथ आवाज उठ्यो । न्यायको लडाईंका लागि निर्मलाका आमाबुवा महेन्द्रनगरदेखि काठमाडौंसम्म धाए पनि न्याय प्राप्त भएको छैन । यही असार १५ गते जुम्ला जिल्लाको तातोपानी गाउँपालिका-४ गिडीखोलका २१ वर्षीय मुकुन्द नेपाली र सोही स्थानकी बसन्ती गिरीबीचको प्रेम सम्वन्धलाई लिएर मुकुन्द नेपालीको घरमा आगजनी गरिएको घटनाप्रति नेपाल दलित महिला उत्थान संघ (एड्वान) ले भर्त्सना गर्दै विज्ञप्ती निकालेको छ । विज्ञप्तीमा भनिएको छ, 'यसरी जातीयताका आधारमा गरिएको अमानविय कार्यको (एड्वान) घोर भर्त्सना गर्दछ, आजको २१औं शताब्दीमा पनि जातीय भेदभाव तथा छुवाछूतका कारण दलित समुदायले अमानविय व्यवहार भोग्नुपर्ने अवस्था सिर्जना हुनु विडम्वनाको विषय हो, नेपालको संविधान, ऐन/कानून, नीति नियम विपरित गई घरमा आगजनी गर्नु अत्यन्त निन्दनीय छ ।' घटनामा संलग्न व्यक्तिलाई कडा कारवाही गर्नुपर्ने, पिडित परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने र स्थानीय २८ घरधुरी दलित समुदायलाई सुरक्षा दिनुपर्ने एड्वानको माग छ । कैलाली जिल्लाको गैरीगंगा नगरपालिका वडा नम्बर ७ की सरस्वती खड्का र गोदावरी नगरपालिका वडा नम्बर ९ का सुरेश विश्वकर्माको बीचमा वि.सं. २०७९ फागुन २९ गते अन्तरजातीय विवाह भएकोमा उहाँहरूलाई पछिल्लो समयमा काठमाडौंस्थित गौसाला प्रहरी वृत्त प्रहरी स्वंयले 'खड्काकी छोरी भएर कामीसँग विवाह गर्न लाज लाग्दैन' भन्दै दुर्व्यबहार गरेको घटनामा संस्थाले भर्त्सना गरेको छ । यस घटनाले निज सुरेश र सरस्वती दुवै मानसिक तनावमा छन भने सुरेश विश्वकर्माको आमा र भाई कैलालीमा सुरक्षाको माँग गरिरहेका छन् ।

> **कञ्चनपुरको भीमदत्त नगरपालिका उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्याको विरोधमा विभिन्न समयमा भएका आन्दोलनहरूमा सहभागी भएर एड्वानले न्यायका लागि पहल गरेको थियो । पन्तको घटना भएको यतिका वर्षमा पनि अझै सो घटनाको टुङ्गो लाग्न सकेको छैन ।**

पछिल्लो समयमा बझाङ जिल्लाको वित्थडचीर गाउँपालिका वडा नम्बर ७ स्यालढुङ्गास्थित बाहुनवस्ती नजिकै स्थानीय गैरदलितहरूले सोही स्थानका पुड्के ओखेडाको घर भत्काइदिएको भन्दै संस्थाले विरोध गरेको थियो । आजभन्दा २५ बर्ष पहिला जग्गा खरिद गरेर बनाउन सुरु गर्नुभएका ओखेडाको घर आधा बनाउँदै गर्दा स्थानीय गैरदलितहरूले आफ्नो घरको नजिक दलितले घर बनाएको भन्दै भत्काइदिएका थिए । आफ्नै जमिनमा घर निर्माण गर्न लाग्दा वि.सं. २०८० साउन १० गतेका दिन स्थानीय कृष्ण जोशी, भवानी जोशी, कित्थे जोशीलगायत ४० बढी व्यक्तिको समूहले दलित भएकै कारण 'हाम्रो घर नजिक किन घर बनाएको' भन्दै निज पुड्के ओखेडाको निर्माणाधिन घर भत्काउने काम गरेका हुन । यसरी २५ वर्षअघि खरिद गरेको आफ्नै लालपूर्जा भएको जमिनमा घर निर्माण गर्न खोज्दा भत्काउने मात्र होइन पिडित ओखेडाको बालीनाली समेत नष्ट गर्ने र कुटपिट तथा गाली गलौच पनि गरेका थिए ।

| सफलताको कथा |

# स्थापनाकालदेखि एड्वानको पैरवी

भारतका दलित समुदायका २१ वर्षीय किशोर र १८ वर्षीय किशोरीले सगरमाथाको सफल आरोहण गरेको अवसरमा नेपालका दलित नागरिक समाजले आयोजना गरेको अभिनन्दन समारोहमा यस संस्थाले सहभागिता जनाएको थियो ।

एड्वानले वि.सं. २०५९ सालमा लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान सञ्चालन गरेको थियो । महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय गठबन्धनमा एडवान एक अभिन्न अंग भई सक्रिय रुपमा काम गरेका थिए । उक्त अभियान कार्यक्रम अन्तरगत मानव अधिकार यलंघन भएका घटनाहरूलाई समेटी किताब प्रकाशन, राष्ट्रिय परामर्श सेमिनार (National Consultation Seminar) भोकको बिरुद्ध महिला (Women Against Hunger) आदि गरिएको थियो । त्यसैगरी १० डिसेम्बरमा अन्तरराष्ट्रिय मानवअधिकार दिवस मनाएको थियो । उक्त दिवस मनाउन एडवानले शान्ति रैली/मार्च र काठमाण्डौंको अन्तरकृयामा भाग लिएको थियो । त्यसैगरी राष्ट्रिय महिला सामाजिक मञ्चले ८ मार्च नारी दिवसको उपलक्ष्यमा ४ दिनसम्म क्रमिक रुपमा कार्यक्रमहरू गरेको थियो त्यसमा एडवान प्रमुख आयोजकको रुपमा रही जिम्मेवारी बहन गरेको थियो । यी कार्यक्रममा दलित महिलाको विषयवस्तु र नयाँ संविधानमा दलित महिलाको एजेन्डा बारे छलफल भएको थियो । एडवान अन्य महत्वपूर्ण कार्यक्रमहरू जस्तै मानव अधिकार, महिलाका मुद्दा, दलित महिलाका मूद्दा, मुख्य रुपले अभिकार । दलित महिला मूद्दा संग सम्बधित सभा, सेमिनार, अन्तरकृया, छलफलहरूमा भाग लिएको थियो । Durban Review Conferencve Partcipatory Meetings, Meetings of Representatives of Dalit NGOs with INGOS/ Donors आदिमा सहभागिता जनाएका थिए । ललितपुर प्युटार बस्ने दलित महिला कल्ली कुमारी बिकलाई बोक्सी को आरोपमा स्थानीयले दिशा खुवाई उठीवास गराएको लाई न्याय लिलाउन र पुनर्वासका लागि एड्वानले उल्लेखनीय भूमिका खेलेको थियो ।

वि.सं. २०६९ सालमा बालुवाटार सत्याग्रह कार्यक्रम गरिएको थियो । १०६ दिने यो अभियान महिलामाथि हुने हरेक प्रकारका हिंसाको बिरुद्धमा बिभिन्न संघसंस्थाकको सहभागितामा काठमान्डौमा भएको थियो । उक्त कार्यक्रममा एडवानको सहभागिता शूरुदेखि सकैिय सहभागिता रहेको थियो । त्यसैगरी बेलबारी घटना मिति वि.सं. २०७० सालमा मोरडंको बेलबारीमा माया सार्की माथि कथित उपल्लो जातको व्यक्ति बलजस्ती करणी गर्ने प्रयास गरेको तचर पिडक आफन्तले नै पिडितलाई जुताको माला लगाई गाली बेईज्जत गरेको घटनाको छानबिन र बिरोध कार्यक्रममा एडवानको महत्वपूर्ण भूमिका रहेको थियो । रौतहट घटना रौतहटको एक दलित केटाकेटी विवाह गरेर मन्दिरमा टिका लगाउन जाँदा त्यहाँका गैरदलित लार्य कुटपिट गर्ने र घर भत्काई दिने काम गरे । त्यसकमो बिरोधमा बिभिन्न संघसंस्था र एडवानले भर्ना बस्ने, प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाउने काम गरेको थियो । मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूको हक अधिकारका लागि बिभिन्न कार्यक्रममा सहभागी र आयोजकमा रहेर काम गरेको थियो । मानव अधिकार महाभेला ६४ औं अन्तरराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा मानव अधिकार महाभेला वि.सं. २०६९ मा संस्थाले सचिवालय तथा विषयगत समितिमा रहेर आफनो भूमिका निर्वाह गरेको थियो । महिला हिंसा बिरुद्धको जि. प्र. का. मा धर्ना कार्यक्रममा एड्वानको सहभागिता रहेको थियो ।

वि.सं. २०७० मा मानव अधिकार महाभेला ६५औं अन्तरराष्ट्रिय मानव

अधिकार दिवसको अवसरमा नेपालमा मानव अधिकार महाभेलामा यस संस्थाले सचिवालय तथा विषयगत समितिमा रही आफनो भूमिका निर्वाह गरेको थियो । २१ मार्च अन्तरराष्ट्रिय रंगभेद तथा जातिय बिभेद उन्मुलन दिवस पाश्चात्य मुलुकहरूबाट शुरु भएको अन्तरराष्ट्रिय रंगभेद तथा जातिय बिभेद उन्मुलन दिवस नेपालमा पनि मनाउने गरिएको हुनाले उक्त अवसरमा एडवानले विषयगत छलफलहरूमा टिप्पणीकार र कार्यक्रम सञ्चालकको भूमिका निर्वाह गर्दै आफनो सहभागिता जनायो । जेठ २१, नेपाललाई छुवाछुत मुक्त घोषणा गरिएको दिन नेपालमा लोकतन्त्र स्थापना पश्चात सरकारले नेपालमा जेष्ठ २१ गते छुवाछुत मुक्त घोषणा गरेको थियो । उक्त दिनलाई अवसरको रुपमा मनाउँदै र्‍याली तथा सभाको आयोजना गरी आएकोमा एडवान पनि स[किय सहभागिता रहेको थियो ।

बलात्कार बिरुद्धको अभियानमा ओरेक संस्थाको संयोजकत्वमा गरिएको फास्ट ट्रैक कोर्टको व्यवस्था र बलात्कार बिरुद्ध कडा कानूनको निर्माण गरियोस भन्ने अभियानमा एडवानले सहभागिता जनाएको थिया । सगरमाथा आरोहिलाई अभिनन्दन कार्यक्रममा भरतको दलित समूदायका एक २१ वर्षीय किशोर र १८ वर्षीय किशोरीले सगरमाथाको सफल आरोहन गरेको अवसरमा नेपालका दलित नागरिक समाजले आयोजना गरेको अभिनन्दन समारोहमा यस संस्थाले सहभागिता जनाएको थियो । ज्ञापन पत्र हस्तान्तरण कार्यक्रममा एडवान संस्था नागरिक समाजमा आबद्ध संस्था रहेको नेपालको संविधान निर्माणमा दलित समूदायको हक अधिकार, राष्ट्रिय सुशासन र दलित मैत्री कानूनलाई स्थान दिलाउन राष्ट्रपति, उपराष्ट्रपति प्रधानमंत्री, र राजनैतिक दलका प्रमुख व्यक्तिहरूलाई ज्ञापन पत्र बुझाउने कार्यक्रममा सहभागिता जनाएको थियो ।

वि.सं. २०७१ सालमा अर्न्तराष्ट्रिय रंगभेद तथा जातिय बिभेदको कार्यक्रममा भाग लिएको थियो । त्यस वर्षमा यस संस्थाले गोरखा जिल्लाको ताक्लुङ्ग गाबिसमा अवस्थित शाखा कार्यालयमा ईभा कैसेल र मटिल्डा तथा महिला सदस्यहरूको सहभागितामा २१ मार्चको कार्यक्रम सम्पन्न भयो । मानव अधिकार महाभेला ६७औं अर्न्तराष्ट्रिय मानअभिकार दिवसको अवसरमा नेपालमा मानव अधिकार महाभेलामा यस संस्थाले सचिवालय तथा विषयगत समितिमा रहेर आफनो भूमिका निर्वाह गर्नुको साथै बिभिन्न विषयहरूमा टिप्पणीकार तथा सञ्चालक समितिभित्र पनि मुख्य भूमिकामा रही काम गरेको थियो ।

वि.सं. २०७४ सालमा अर्न्तराष्ट्रिय

**वि. सं. २०७५ (३ मे २०१९) मा संस्थापक संरक्षक डा. विष्णुमाया परियारको उपस्थितिमा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सहभागीहरूले आ–आफ्‌ना अनुभव तथा उत्तम अभ्यासहरू व्यक्त गरे जसलाई हालका वर्षहरुमा लागू गरिएको छ ।**

नारी दिवसमा संस्थागत सकृय सहभागिता, छुवाछुत तथा जातिय भेदभाव बिरुद्धको दिवसमा सहभागिता, महिलाका सबै प्रकारका हिंसा बिरुद्धको अर्न्तराष्ट्रिय सम्मेलन (सिड)का लागि प्रतिवेदन तयारी वाग्लुङमा हस्ताक्षर अभियान चलाई सके र प्रधानमँत्री समक्ष बुझाउने, दिगो विकास लक्ष्य मंचको कार्यक्रममा सहभागिता, सन् २०१८ को नारी दिवसमा दलित महिलाहरूको उत्पीडन र समानुपातिक समाजिकीकरण बारे प्रस्तुती, लिड ईन्टरनेशनलद्वारा प्रायोजित कार्यक्रममा नीतिगत तहमा निर्वाचित दलित प्रतिनिधिहरूको निर्णायक अवस्था बारे संस्थाको तर्फबाट बिन्दु परियारद्वारा कार्यपत्र प्रस्तुत, जातिय छुवाछुत तथा रंगभेद दिवस मनाउने मूल आयोजक समिति सचिवाल सदस्य भएर काम गरेको थियो ।

वि.सं. २०७५ मा सार्वजनिक सुनुवाई ३ मे २०१९ मा संस्थापक संरक्षक डा. विष्णुमाया परियारको उपस्थितिमा सम्पन्न भएको थियो । सार्वजनिक सुनुवाईमा सहभागीहरूले अनुभव गरेका उत्तम अभ्यासहरू, अनुभवहरू व्यक्त गरे जसलाई हालका वर्षहरु लागू गरिएको छ । जनकपुरमा दलित (विक) बालिकाको बलात्कार अनि हत्या बारे अनुगमन टोलीका सदस्यहरूसँग छलफल गर्नुका साथै टेवा संस्थाव्दारा सुरक्षा घेरा कार्यक्रम अन्तरगत प्राप्त अनुदानबाट बाग्लुंगको बुर्तिबांगमा अधिकार तथा लैंगिक समानता बारे गत असार महिनामा जनचेतनामूलक कार्यक्रमको प्रारम्भ गरिएको थियो ।

बुर्तिबांगको ४ र ६ वडा नं. को २४८ जना अप्रत्यक्ष तथा ५० जना प्रत्यक्ष दलित तथा सीमान्तकृत महिला को सहभागिता, कार्यक्रमको पहिलो खुड्किला आवश्यकताको पहिचान सम्पन्न, अर्न्तराष्ट्रिय नारी दिवसमा संस्थागत सकृय सहभागिता, छुवाछुत तथा जातिय बिरुद्धको दिवसमा सहभागिता, मानव बेचबिखन रोकचाम बारे कार्यक्रममा सहभागि भएको थियो । वि.सं. २०७६ सालमा अर्न्तराष्ट्रिय नारी दिवसमा संस्थागत सकृय सहभागिता, छुवाछुत तथा जातिय बिरुद्धको दिवसमा सहभागिता, महिलाका सबै प्रकारका हिंसा बिरुद्धको अर्न्तराष्ट्रिय सम्मेलन (सिड)का वाग्लुडंमा हस्ताक्षर अभियान चलाई सके र प्रधानमंत्री समक्ष बुझाउने, दिगो विकास लक्ष्य मंचको कार्यक्रममा सहभागिता, सन् २०१८ को नारी दिवसमा दलित महिलाहरूको उत्पीडन र समानुपातिक समाजिकीकरण बारे प्रस्तुती र लिड ईन्टरनेशनलद्वारा प्रायोजित कार्यक्रममा नीतिगत तहमा निर्वाचित दलित प्रतिनिधिहरूको निर्णायक अवस्था बारे संस्थाको तर्फबाट बिन्दु परियारद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

# लेख / विचार

विचार

# एड्वानसँगका मेरा २५ वर्ष



पम्फा परियार

**हामी आफैँले पनि दलित, महिला तथा दलित महिला भएका कारण तेहोरो शोषण र विभेद भोग्दै आएका छौँ । दलित महिलाहरू जसरी विभिन्न क्षेत्रहरू: शैक्षिक, आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा विभेद र शोषणमा छन् त्यसरी नै थप सशक्त हुनुपर्छ र उनीहरूलाई हामीले नै सशक्त बनाउनुपर्छ भनेर हामीले यो संस्थाको स्थापना गरेका हौँ ।**

नेपाल दालित महिला उत्थान सङ्घ (एड्वान) वि.सं. २०५५ साल साउन २८ गते काठमाडौँ जिल्ला प्रसासन कार्यालयमा दर्ता भएको हो । यसको परिकल्पना यस संस्थाका सस्थापक अध्यक्ष डा. विष्णुमाया परियारले गर्नुभएको थियो । एड्वान स्थापनादेखि आजको अवस्थासम्म आउनुको मुख्य श्रेय डा. परियारलाई जान्छ । विभिन्न जिल्लाबाट उच्च शिक्षा हासिल गर्न काठमाडौँको पद्मकन्या क्याम्पसमा आएका दलित महिलालाई समेटेर यो सस्था स्थापना भएको हो । म यसको संस्थापक सदस्य पनि हो ।

हामी आफैँले पनि दलित, महिला तथा दलित महिला भएका कारण तेहोरो शोषण र विभेद भोग्दै आएका छौँ । दलित महिलाहरू जसरी विभिन्न क्षेत्रहरू शैक्षिक, आर्थिक, सामजिक र राजनैतिक रुपमा विभेद र शोषणमा छन् त्यसरी नै थपशसक्त हुनुपर्छ र उनीहरूलाई हामीले नै सशक्त बनाउनुपर्छ भनेर हामीले यो संस्थाको स्थापना गरेका हौँ । वि.सं. वि.सं.२०५५ सालमा दर्ता भएता पनि स्रोत र साधनको अभावले केही समय निश्क्रिय रह्यो । जब यसका सस्थापक अध्यक्ष आफ्नो शिक्षालाई निरन्तरता दिन अमेरिका जानुभयो, त्यसपछि विभिन्न च्यारिटी शोबाट स्रोत सङ्कलन गरी उहाँले संस्थामा पठाउन सुरु गर्नुभयो र संस्था सञ्चालन गर्न सहज भयो । गोरखा जिल्लाको ग्रामिण क्षेत्रमा बसोबास गर्ने दलित महिलाहरूलाई समूहमा आबद्ध गरी तिनका छोरा/छोरीलाई पढाउनुपर्छ भन्ने जनचेतना जगाउँदै ती बालबालिकाहरूलाई विभिन्न प्रकारका छात्रवृत्तिको कार्यक्रम सञ्चान गर्यौँ । साथै महिलाहरूलाई बीउ पुँजी उपलब्ध गराउँदै तथा बचत गराउने बानी बसाल्दै आय आर्जनमा सक्रिय बनाउने काम गरियो । हामीलाई तत्कालीन अवस्थामा काम गर्न साच्चै सजिलो थिएन । विभिन्न बाधा ब्यावधान, आरोह अबरोह अवश्य आइपरेको थियो । कसैले हामीलाई 'डलरको खेती गरे' भन्थे, कसैले धर्म प्रचार, कसैले राजनीतिको प्रचार त कसैले महिलाहरूलाई भाँडे, विगारे भन्थे । तर अन्ततः एड्वानले आफ्नो निरन्तरको जनमुखी कामहरूको कारण जनताको मन जित्दै आएको छ ।

**मुख्य गतिविधि**

स्थापना भएपछिका विगत २५ वर्षको अन्तरालमा एड्वानले धैरै गतिविधि गर्दै आएको छ । एड्वानले मुख्यगरी अधिकार, शिक्षा, पैरवी, र जीविकोपार्जनको क्षेत्रमा काम गर्दै आएको छ । एड्वानले देशैभरी भएका जातीय भेदभाव तथा छुवाछूतका घटनाका पीडितको पक्षमा वकालत गरी न्याय दिलाउनका लागि पैरवी गर्दै आएको छ भने घटनामा संलग्न अधिकांश दोषीलाई कारवाहीको दायरामा ल्याउन सम्बन्धित दायित्व बहनकर्ताहरू वा सरकारी अधिकारीसमक्ष पैरवी गरी न्याय दिलाउन केही हदसम्म भएपनि सफल भएको छ । एड्वानलगायत दलित समुदायका संघसंस्थाहरूले गरेको संयुक्त संघर्षबाट नेपालको संविधान (२०७२) को धारा २४ मा 'छुवाछूत तथा भेदभाव विरुद्धको हक' र धारा ४० मा 'दलितको हक' सुनिश्चित गर्न सफल भएको छ । एड्वानले आफ्नो स्थानपना कालदेखि नै संविधानसभाबाट संविधान निर्माणको निम्ति संघर्ष गरेको थियो । विभिन्न पार्टीमा आबद्ध दलित नेताहरू, भातृ संगठन, दलित नागरिक समाज, एड्वान लगायत दलित गैरसरकारी संघ/संस्थाको पहलमा 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८' जारी गरियो । सो ऐन जारी गर्नका लागि पनि एड्वानले विभिन्न चरणमा संघर्ष गरेको थियो । सो ऐन २०६८ मा जारी भएर कार्यान्वयनमा रहेको अहिले १२ वर्ष भएको छ ।

आमाको नामबाट नागरिकता पाउने सवालमा एड्वान लगायतका संघ/संस्थाले सुरुदेखि नै विभिन्न

तबरबाट पैरवी गर्दै आन्दोलनमा सहभागिता जनाएका थिए । अहिले आवश्यकता अनुसार आमाको नामबाट पनिनागरिकता प्राप्त गरेका छन् । समानुपातिक समावेशीकरणको निम्ति संस्थाले आफ्नो तर्फबाट सुरुदेखि नै संघर्ष गर्दै आएको हो । हाल आएर कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका हरेक संरचनामा दलित समुदायको केही मात्रामा भएपनि सहभागिता सुनिश्चित भएको छ । दलित समुदायको निरन्तरको आन्दोलन र पैरवीले गर्दा सम्वन्धित निकायमा दबाव सिर्जना भई प्रत्येक स्थानीय तहमा दलित र दलित समुदायभित्र पनि दलित महिलाको प्रतिनिधित्व सुनिश्चित हुनुका साथै प्रतिनिधित्व बढ्दै गएको छ ।

एड्वानले बलात्कारजन्य घटनाको सवालमा विगत लामो समयदेखि आन्दोलन र पैरवी गर्दै आएको छ । संस्थाले बलात्कारीलाई कडाभन्दा कडा कारवाही हुनुपर्ने, पीडितलाई न्याय दिनुपर्ने माग गर्दै विभिन्न समयमा संघर्षका कार्यक्रम गर्दै आएको छ । संस्थाले 'बलात्कारको सवालमा महिलाभन्दा पुरुष बढी दोषी हो' भन्ने अभियान नै सञ्चालन गरेको थियो । पैरवी र अभियानसँगै "बलात्कार सहनु हुँदैन" भन्ने जनचेतना अभिवृद्धि भएपछि पछिल्लो समयमा बलात्कारका घटनाहरू बाहिर थालेका छन् । एड्वानले देशका विभिन्न स्थानमा सञ्चालन गरेको नेतृत्व विकास तालिमका कारण अहिले स्थानीय तहका दलित महिलाहरू आफ्नो अधिकार स्थानीय तहसँग माग्न सक्ने भएका छन् ।

एड्वानले स्थापनाकाल देखि नै जीविकोपार्जन अन्तर्गत स्थानीय स्तरका महिलाहरूलाई आर्यआर्जमुखी सीप विकास तालिम सञ्चालन गर्दै आईरहेको छ । उक्त तालिमबाट आर्जन गरेका ज्ञान र सीपलाई आम्दानीको स्रोत बनाउँदै आएका छन् । तरकारी खेतीलाई व्यावसायिक रुपमा अगाडि नबढाएपनि आफ्नो लागि घरमै अर्गानिक तरकारी उत्पादन गर्न सक्ने भएका छन् । यो आफैमा उपलब्धी मूलक छ । छोरीलाई पढाउनु हुँदैन भन्ने भनाइसमाजमा अहिले पनि छ । तर एड्वानले महिलाहरूलाई नेतृत्व विकासको तालिमसँगै छोरीहरूलाई पढ्नका लागि छात्रवृत्तिको व्यवस्था गर्न थाल्यो त्यसपछि "छोरीलाई पनि पढाउनुपर्ने रहेछ" भन्ने चेतनाको विकास भएको छ । एड्वानले नेतृत्व विकासको तालिम सञ्चालन गरेको र छात्रवृत्ति प्रदान गरेका ठाउँहरूमा छोरीलाई पनि विद्यालय पठाउने गरेको पाइएको छ । संस्थाले नेतृत्व विकासको तालिम सञ्चालन गर्नुअघि अधिकांश महिलाहरूलाई महिला हिंसाको बारेमा जानकारी नै थिएन । तर अहिले हिंसा सहनु हुँदैन रहेछ भन्ने चेतनाको विकास भएपछि महिला हिंसाका घटनामा केही मात्रामा भएपनि कमि आएको छ । घरेलु हिंसामा पनि कमी आएको छ । महिलाहरू हिंसाको विरुद्धमा बोल्न सक्ने भएका छन् ।

**एड्वानको अवको पैरवी भनेको दलित समुदायमैत्री ऐन/कानूनको सुधार र संशोधनका लागि हुनेछ । त्यसैगरी, देशैभरी हुने सबै प्रकारका विभेद र महिला हिंसाका विरूद्धमा यो संस्थाको पैरवी हुनेछ । समग्रमा सीमान्तकृत समुदायको उत्थान तथा अधिकारको निम्ति पनि एड्वानले काम गर्दै जानेछ ।**

**आगामी बाटो**

एड्वानले सुरुदेखि नै अधिकार, शिक्षा, पैरवी र जीविकोपार्जनको क्षेत्रमा काम गर्दै आएको छ । खासगरी दलित, महिला र पिछडिएको समुदायलगायत समग्र सीमान्तकृत समुदायको निम्ति यो संस्थाले काम गर्दै आएको छ । स्थापनाको २५ वर्ष सीमान्तकृत समुदायको उत्थानको निम्ति संस्थाले विभिन्न कार्यक्रम गर्दै आएको छ । अब आगामी दिनमा पनि शिक्षामा समानताका लागि दलित समुदायका बालबालिकाको शिक्षालाई अगाडि बढाउन उनीहरूलाई छात्रवृत्ति र पोशाक प्रदान गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने देखिन्छ । दलित समुदायको शिक्षामा बलियो पहुँचको लागि छात्रवृत्ति कार्यक्रमलाई अझै सबै जिल्लासम्म पुऱ्याउने हाम्रो आगामी योजना रहेको छ । त्यसैगरी, जीविकोपार्जन कार्यक्रमलाई निश्चित जिल्लामा मात्रै भन्दापनि सबै जिल्लाका ग्रामिण क्षेत्रका सबै स्थानका महिलामा पुऱ्याउने योजना छ । ग्रामिण क्षेत्रका महिलाहरूलाई आय आर्जनका कार्यक्रममा आवद्ध गर्दै उनीहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले सञ्चालन गरिएको जीविकोपार्जन कार्यक्रमलाई अझै दुर्गम र ग्रामिण ठाउँसम्म पुऱ्याउने एड्वानको योजना रहने छ । संविधान लागू भएको आठ वर्ष वितिसकेको छ । तर संविधानमा भएका दलित समुदायको अधिकार लागू हुन सकेका छैनन् । अहिलेसम्म पनि संविधानको आधारमा दलित ऐन/कानून बन्न सकेको छैन । एड्वानको अवको पैरवी भनेको दलित समुदायमैत्री ऐन/कानूनको सुधार र संशोधनका लागि हुनेछ । त्यसैगरी, देशैभरी हुने सबै प्रकारका विभेद र महिला हिंसाका विरुद्धमा यो संस्थाको पैरवी हुनेछ । समग्रमा सीमान्तकृत समुदायको उत्थान तथा अधिकारको निम्ति पनि एड्वानले काम गर्दै जानेछ ।

*संस्थापक सदस्यमध्येकी एक पम्फा परियार हाल एड्वानकी महासचिव हुनुहुन्छ ।*

विचार

# मेरो लागि एड्वान : दोस्रो अभिभावक



पम्फा नेपाली

**मलाई पिसिएल अध्ययनका लागि एड्वानले छात्रवृत्ति प्रदान गरेको थियो, यस संस्थाले छात्रवृत्ति नदिएको भए मेरो पढाइलाई निरन्तर गर्ने धोको पुरा हुन्थेन होला सायद । त्यसअर्थमा एड्वान मेरो दोस्रो अभिभावक हो, जसले मलाई धेरै हदसम्म अगाडि बढ्न आर्थिक तथा मनोवैज्ञानिक साथ र सहयोग प्रदान गऱ्यो ।**

म बाल्यावस्थादेखि नै संघर्षशील थिएँ । मेरो जन्म एक गरिब परिवारमा छैठौं सन्तानको रुपमा भएको हो । मेरो परिवारमा साँझ विहान दुई छाक खान पनि गाह्रो थियो । विहान बेलुका हात मुख जोड्नको लागि पनि बनिबुतो र मेलापात गर्नुपर्थ्यो । दश जनाको मेरो परिवार टोल भरिको एक्लो दलित परिवार । अरुको नोकरी र चाकडी नगरी खान पुग्दैन थियो । चार छोरा र चार छोरी । छोरीहरू मध्येकी तेस्रो छोरी मेरो बाल्याकाल त्यत्तिकै बित्यो । जब उमेरले दशक नाघ्यो, गाउँ टोलमा रातिमा पढ्ने प्रौढ शिक्षा चालु भयो ।

आमाहरू पढ्ने प्रौढ कक्षामा मैले पनि जाने इच्छा व्यक्त गरेपछि मैलाई पनि सहभागी हुने मौका मिल्यो । त्यो मेरालागि भाग्य विधाता बन्यो । जहाँबाट मैले अ देखि ज्ञ र एकदेखि सयसम्मका अङ्कहरू अनि विभिन्न शब्दहरू चिन्ने मौका पाएँ । त्यसपछि मैले एकैचोटी कक्षा तीनमा पढ्ने अवसर पाएँ । कक्षामा प्रथम हुँदै गएपछि पढ्ने जाँगर स्वतः आउने रहेछ । यसै क्रममा नेपाल दलित महिला उत्थान संघ (एड्वान) र विष्णुमाया परियारको नाम सुनियो ।

यस संस्थाले त्यतिखेर विद्यालय ड्रेस प्रदान गर्ने गर्थ्यो । स्थापनाकालदेखि नै यसले विविध खालका सामाजिक कामहरू गर्दै आएको संस्थाहो । एक सामाजिक संस्थाको अभियानले ममा पनि “केही गर्नुपर्छ” भन्ने हौसला बढ्यो । पढेर केहि गर्ने इच्छा जागेर आयो । कक्षा दश पास गरी जब म काठमाडौं आएँ तब झनै एड्वानसँग प्रत्यक्ष रुपमा जोडिने अवसर मिल्यो । एड्वानबाट गरिने सहयोगहरूको बारेमा मलाई पनि राम्रो जानकारी भयो साथै सहयोगको अवसर पनि प्राप्त गरें ।

मलाई पिसिएल अध्ययनका लागि एड्वानले छात्रवृत्ति प्रदान गरेको थियो, यस संस्थाले छात्रवृत्ति नदिएको भए मेरो पढाइलाई निरन्तर गर्ने धोको पुरा हुन्थेन होला सायद । त्यसअर्थमा एड्वान मेरो दोस्रो अभिभावक हो, जसले मलाई धेरै हदसम्म अगाडि बढ्न आर्थिक तथा मनोवैज्ञानिक साथ र सहयोग प्रदान गऱ्यो । म जस्ता गरिब र असहायको अध्ययनका लागि सहयोग गर्ने, सशक्तिकरण गर्ने, जीविकोपार्जनका क्रियाकलापमा सहायता गर्ने यस सस्था स्थापना कालदेखि नै ड्रेस बोकेर विद्यालय विद्यालयमा गई वितरण गर्ने गर्दथ्यो जुन आजसम्म पनि निरन्तर नै छ । अहिले नेपालको विभिन्न जिल्लामा महिला र दलितको नेतृत्व विकासका साथै आर्थिक शसक्तिकरण, महिला हिंसा र दलित माथि हुने अमानवीय विभेदका घटनालाई मुख्य अभियानको रुपमा आफ्नो गतिविधिहरू सञ्चालन गर्न सफल भएको छ । म वि.सं. २०६६ सालतिर एड्वानको साधारण सदस्य भएकी मैले उपाध्यक्ष र सचिवको जिम्मेवारी सम्हाल्ने अवसर पनि प्राप्त गरिसकें, जुन मेरालागि गौरवको विषय हो ।

साधारण सदस्य हुँदाखेरी नै मैले एड्वानलाई अझै राम्रोसँग बुझ्ने अवसर पाएँ । नजिकबाट नियाल्ने अवसर पाएँ । एड्वानले गर्ने विभिन्न क्रियाकलापहरूमा भाग लिन पाएँ । म साधारण सदस्य भएपछि “एड्वानले अधिकार, पैरवी, शिक्षा र जीविकोपार्जनमा काम गर्दो रहेछ” भन्ने कुरा बोध भयो । त्यसपछि वि.सं. २०७१ सालमा म एड्वानको केन्द्रीय कार्यसमितिमा आएँ । कार्यसमिति सदस्य भएपछि मभा जिम्मेवारी थपियो । हिजो एड्वानले दिएको छात्रवृत्तिले अध्ययन गरेको मान्छे म, अब अरुलाई छात्रवृत्ति दिन सरसल्लाह र निर्णय गर्ने ठाउँमा पुगें भन्ने लाग्यो । त्यसपछि म एड्वानले गर्ने हरेक गतिविधिहरूमा सहभागी हुन थालें । एड्वान र अन्य संघ संस्थाले संयुक्त रुपमा आयोजना गरेका न्यायको पक्षमा हुने सबैजसो पैरवी तथा आन्दोलनका कार्यक्रममा सहभागी हुँदै आएँ ।

उदाहरणको लागिएड्वानलगायतका संघ संस्थाले संविधानमा दलित समुदायको अधिकार सुनिश्चित्ताका लागि पटक पटक गरेको संघर्षका कार्यक्रममा मँ स्वयं सहभागी हुने अवसर प्राप्त भएको थियो । दलित समुदायले संघर्ष गरे अनुसार नै संविधानमा दलित समुदायको केही अधिकार सुनिश्चित पनि भयो । समावेशी समानुपातिकको निम्ति संस्थाले आफ्नो तर्फबाट सुरुदेखि नै संघर्ष गर्दै आएको थियो । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका हरेक संरचनामा दलित समुदायको केही मात्रामा भएपनि सहभागिता सुनिश्चित भएको छ ।

त्यसैगरी, आमाको नामबाट नागरिकता पाउनुपर्ने सवालमा एड्वानलगायतका संघ/संस्थाले सुरु गरेको संघर्षमा पनि सहभागी हुने अवसर प्राप्त भयो । अहिले आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने भएको छ । एड्वानको आयोजनामा बलात्कारजन्य घटनाका दोषीलाई कारवाही गर्नुपर्ने माग राख्दै भएका विभिन्न प्रदर्शन र धर्ना आदि कार्यक्रमहरूमा मेरो पनि सक्रिय सहभागिता रह्यो । एड्वानले देशका विभिन्न स्थानमा सञ्चालन गरेको नेतृत्व विकास तालिम, जीविकोर्पान तालिम, अधिकारमुखी कार्यक्रममा हिड्दै गर्दा मैले धेरै कुरा सिक्ने र जान्ने अनि बुझ्ने अवसर पाएको छु ।` सचिवको भूमिकामा रहेपछि मलाई अहिले संस्थागत जिम्मेवारी थप अझै बढ्दै गएको छ । एड्वान अहिले २५ वर्षको जवान भएको छ । यो संस्था र यसकी संस्थापक डा. विष्णुमाया परियार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चर्चित साथै पुरस्कृत भैसकेका छन् । त्यसमा हामी गौरवान्वित छौं । स्थापनाकालको पच्चीस वर्ष पार गर्दा यो संस्था एक उत्कृष्ट संस्थाको रुपमा चिनिन पुगेकोमा ज्यादै खुसी र गौर्व लागेको छ । यस संस्थाको छात्रवृत्ति सहयोगलगायत अन्य योगदानले गर्दा कति असहाय बालबालिकाको उद्धार भएको छ भने कति दलितका मुद्दाहरू अगाडि बढाउन सकिएको छ । तसर्थ एड्वानले आफ्नो सफलतम र उत्कृष्ट प्रदर्शनका २५औं वसन्त पार गरी २६ औं वसन्त वर्ष पूरा गरेको उपलक्ष्यमा एड्वानसँग प्रत्यक्ष संलग्न तथा अप्रत्यक्ष रुपमा संलग्न र सुभेच्छआ राख्नुहुने तथा लाभान्वित वर्ग सम्पूर्णमा शुभकामना व्यक्त गर्नु चाहान्छु ।

## तस्वीरमा एड्वान











विचार

# एड्वानसँगको सहयात्रा



सपना सुनार

एड्वानले सुरूवातमा महिलालाई समूहमा आवद्ध गराई बचत गर्ने बानी बसाली सिपमूलक काम गर्नको लागि प्रेरणा दिइरहेको थियो । मलाई पनि त्यहि सोचले काठमाडौँ महानगरपालिका-१५ स्थित मेरो घर वरपरका महिलाहरूलाई समूहमा आवद्ध गरी मासिक बचत गराई केही व्यवसाय गर्नको लागि केही रकम ऋण लगानी गरी महिलाको व्यवसायलाई पनि बिशेष सहयोग पुग्ने वातावरण बन्यो

एड्वानको जन्म डा. विष्णुमाया परियारको जातीय छुवाछूतको अन्त्य र महिलाहरूको सशक्तिकरण तथा बालबालिकाको लागि शिक्षाको पहुँच पुऱ्याउने एउटा ठूलो सपना र अभिलाषासँगै भयो । यस पवित्र सँस्थामा विगत १२/१३ वर्षदेखि म पनि कार्यसमिति सदस्य हुँदै हाल कोषाध्यक्षमा रही क्रियाशील छु । मलाई पनि पहिलेदेखि नै महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने रुचि थियो । यही रुची र एड्वानको उद्देश्य दुबै मिलेकोले काम गर्न झनै उत्साह र उत्प्रेरणा मिलेको छ । एड्वानमा रहेदेखि झनै केही गर्नुपर्छ भन्ने मनोबल प्राप्त भयो ।

एड्वानले सुरुवातमा महिलालाई समूहमा आवद्ध गराई बचत गर्ने बानी बसाली पुँजी जम्मा गरी व्यवसाय वा सिपमूलक काम गर्नको लागि प्रेरणा दिइरहेको थियो । मलाई पनि त्यहि सोचले काठमाडौँ महानगरपालिका-१५ स्थित मेरो घर वरपरका महिलाहरूलाई समूहमा आवद्ध गरी मासिक बचत गराई केही व्यवसाय गर्नको लागि त्यही समूहमा जम्मा भएको रकम ऋण लगानी गरी महिलाको व्यवसायलाई पनि बिशेष सहयोग पुग्ने वातावरण बन्यो । र २/३ वर्षपछि मासिक बचतको रकम अलि बढी भएपछिसहकारी खोली महिलालाई रोजगार पनि बनाउन सकिन्छ भन्ने सोचले हामीले सहकारी पनि सुरु गऱ्यौं । यो प्रेरणा र आत्मबल मलाई एड्वानमा आबद्ध भएपछि आएको हो । सँस्थामा आबद्ध भएर गरेको विभिन्न आन्दोलन, कार्यक्रम, गोष्ठी तथा सेमिनारमा प्रत्यक्ष सहभागी भएर मैले धेरै कुराको ज्ञान हासिल गर्ने अवसर जुऱ्यो । बाहिरी जिल्ला जहाँ हाम्रो सँस्थाले काम गर्दै आइरहेको छ, त्यस ठाँउमा फिल्ड भेटघाटमा जाँदा त्यस ठाउँमा रहेका महिलाकासमस्या, गरिब, दलित समुदायका बालबालिकाहरूको दैनिक जीवनयापन प्रत्यक्ष देख्दा अझ आफूलाई पनि त्यस्ता व्यक्तिप्रति काम गर्ने इच्छा बढेर आएको महसुस हुन्छ ।

एड्वानले नेपालको विभिन्न जिल्लामा दलित तथा सीमान्तकृत महिलाको चौतर्फी विकासको लागि प्रकाश बनेर हिडिरहेको छ । यस संस्थाको सुन्दर गन्तव्यतर्फको यात्रा जारी छ । सुन्दर गन्तव्य त्यो हो, जहाँ दलित तथा सीमान्तकृत हरेक महिलाको शैक्षिक, आर्थिक, सामाजिक उन्नती, प्रगति र सशक्तिकरण भएको होस् । सुन्दर गन्तव्य त्यो हो जहाँ हरेक महिला हिंसामुक्त होऊन्, हरक्षेत्र महिलाका लागि सुरक्षित होस ।

सुन्दर गन्तव्य त्यो हो जहाँ हरेक महिलाको मुहारमा खुसीको रङ्ग भरिएको होस ।त्यसोतः संस्थाले काम गरेको ठाउँका महिलाको जीवनस्तरमा धेरै नै परिवर्तन भएको छ। सीपमूलक तालिम, आर्थिक उपार्जनको लागि विभिन्न योजना, भूगोल अनुसारको आवश्यक कार्यक्रम तथा तालिम र महिलालाई आत्मनिर्भर बनाउनको साथसाथै आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमासमेत पहुँच पुऱ्याउनको लागि प्रत्यक्ष सहयोग गरिरहेको छ । बालबालिकाको क्षेत्रमा,जो बिपन्न, गरिब, दलित जेहेन्दार छात्र छात्राहरू छन् उनीहरूलाई छात्रवृत्तिदेखि विद्यालय पोसाक दिई स्कुल जानको लागि विशेष प्रोत्साहन गर्दै आइरहेको छ ।

एड्वानले विभिन्न हिंसाविरुद्धको अभियानहरू पनि गर्दै काठमाडौँमा भएका जातीय हिंसा कार्यक्रम, आन्दोलनमा पनि सहभागी हुँदै आइरहेको छ । बाहिर जिल्लाहरूमा मद्यपान, धुम्रपान न्यूनीकरण अभियानहरू चलाई सभ्य र सुन्दर समाज निर्माणको लागि समेत एड्वान अगाडि बढीरहेको छ । संस्थाले जति प्रत्यक्ष रुपमा विभिन्न ठाउँहरूमा गएर काम गरेको छ,

तर त्यसअनुरुप हाम्रो सञ्जाल बढाउन तथा प्रचारप्रसारमा कमि भएको महसुस मलाई भइरहेको छ। अब भावी दिनहरूमा त्यसलाई पनि आ आफ्नो ठाउँबाट सक्ने सहयोग गरेर अगाडि बढनु पर्छ।

एड्वान सुरुमा सिमित क्षत्रभित्र काम गर्दै आएता पनि हाल फराकिलो दायरामा अगाडि बढीरहेको छ। संस्थाको तिब्र गतिमा प्रगति भइरहेको छ। र यसरी नै सधै गरिब, दलित तथासीमान्तकृत समुदायको लागि काम गरी अगाडि बढ्नै सँस्था सधैं तत्पर छ।

अन्त्यमा, एड्वानलाई यहाँसम्म ल्याउनको लागि प्रत्येक्ष अप्रत्यक्ष साथ सहयोग गर्नुहुने सबैमा हार्दिक आभार प्रकट गर्दछु। साथै, एड्वानकी संस्थापक अध्यक्ष डा. विष्णुमाया परियारप्रति सधै सम्मान तथा नमन र कार्यसमिती सदस्य तथा कर्मचारीप्रति बिशेष धन्यवाद दिँदै २५औं स्थापना दिबसको अबसरमा प्रकाशित यस स्मारिका सबै अधिकारकर्मी, सबै संघसंस्था र सबै सरकारी अधिकारी तथा अनुसन्धाता र विद्यार्थीको लागि महत्वपूर्ण र उपयुक्त रहनेछ। संस्था र दलित तथा सीमान्तकृत महिला आन्दोलनसँगै सुन्दर गन्तव्य तर्फको सहयात्रा जारी रहनेछ। सबैमा उत्तरोत्तर प्रगतिको कामना।

*सपना सुनार एड्वानको कोषाध्यक्ष हुनुहन्छ।*

## तस्वीरमा एड्वान















विचार

# एड्वानको संघर्षका दिनहरू



राम नेपाली

**आजको दिनमा एड्वान गैर-सरकारी संस्थाहरूको क्षेत्रमा एउटा परिचित र स्थापित संस्था बन्न पुगेको छ । दलित महिलाहरूको सवाल, दलित अधिकार अभियान, महिला अधिकार अभियान र मानव अधिकार अधियानमा एड्वानले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । फलस्वरूप एड्वानको पहिचान पनि सोही अनुसार बनेको छ**

नेपाल दलित महिला उत्थान संघ (एड्वान) स्थापना भएको २५ वर्ष पुगेछ । संस्था स्थापना गर्न जति कठिन छ त्यसलाई लक्ष्य अनुसार अघि बढाउन, अपेक्षा गरिए अनुसार परिणाम दिदै निरन्तर यति लामो अवधिसम्म क्रियाशील रहन झन चुनौतीपूर्ण हो । यस संस्थाको परिकल्पनाकारले जे जे परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यसहित एड्वानको स्थापना गर्नुभएको थियो त्यो मुलभूत रुपमा सफल नै भएको देखिन्छ । रजत कार्यावधि पुरा गर्न सक्नु संस्थाको लागि गौरवको विषय हो । यो ऐतिहासिक कालखण्ड पार गरेको सन्दर्भमा संस्थाको सबल पक्ष र दुर्बल पक्षहरूको मापन, समीक्षा र मूल्याङ्कन गर्न उपयुक्त हुन्छ । एड्वानको यस रजत अवधिको समीक्षा एवं मूल्याङ्कन संस्था आफै तथा सम्बन्धित निकायहरूले गर्दै आएको छ र गरिरहेको पनि होला । यो स्मारिका प्रकाशनको तयारी पनि यसैसँग सम्बन्धित विषय हो भन्ने ठानेको छु ।

व्यक्तिको जीवन जस्तै संस्थाको जीवन पनि उतारचढावपूर्ण नै हुन्छ । आर्थिक स्रोतको अभाव, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति, महाविपत्तिहरू, संस्थाको अन्तरसंघर्षहरू समेतलाई सामना गर्दै सम्हालिएर अघि बढ्न सक्नु नै पहिलो सफलता हो । संस्थाले लक्षित समूह र समुदायलाई लाभ महशुस हुने गरी सेवा प्रदान गर्नसक्नु सफलताको अर्को पक्ष हो । प्रभाव, परिणाम र उपलब्धीहरूको मापनमार्फत सफलताको लेखाजोखा गर्ने औपचारिक परिपाटी त आफ्नो ठाउँमा छदैछ ।

आजको दिनमा एड्वान गैर-सरकारी संस्थाहरूको क्षेत्रमा एउटा परिचित र स्थापित संस्था बन्न पुगेको छ । दलित महिलाहरूको सवाल, दलित अधिकार अभियान, महिला अधिकार अभियान र मानव अधिकार अधियानमा एड्वानले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । फलस्वरुप एड्वानको पहिचान पनि सोही अनुसार बनेको छ । यसको वर्तमान अध्यक्ष विन्दु परियार र कार्यसमिति सदस्यहरू महिला अधिकारकर्मी र सामाजिक अभियन्ताको हैसियतमा चिनिन्छन् । संस्थाले संगठित गरी प्रशिक्षित गरेका दलित महिला समूह र व्यक्तिहरू उद्यमी, अभियन्ता, जनप्रतिनिधि बनेका छन् । सजिता परियार, सुनिता परियार, दिपक बयलकोटी जस्ता संस्थाले विभिन्न छात्रवृत्ति कार्यक्रमहरूमार्फत सहयोग गरेको विद्यार्थीहरू आज सक्षम जनशक्ति बनेर सरकारी सेवा र जनसेवामार्फत समुदायलाई योगदान दिने तहमा पुगेका छन् । एड्वानको यो स्थापित र परिचित वर्तमान स्थिति निर्माणको विगतलाई मैले यस लेखमा स्मरण गराउने खोजेको छु ।

वि.सं. २०६० सालको कुरा हो । म काठमाडौमा स्नातक (बिएस्सी) अध्ययनरत थिएँ । म दलित आन्दोलन र विद्यार्थी आन्दोलनहरूमा सक्रिय हुन थालेको थिएँ । एक दिन यस्तै कुनै कार्यक्रममा बिष्णुमाया परियारसँग जम्काभेट भयो । उहाँ उच्च शिक्षा अध्ययनको लागि अमेरिका जानु भएको रहेछ र अमेरिकाबाट विदामा नेपाल आउनु भएको रहेछ । उहाँले दलित महिलाको उत्थानको लागि संस्था नै स्थापना गर्नुभएको रहेछ । विष्णुमाया दिदीसँगको उक्त पहिलो भेटमा परिचय र समसामयिक विषयमा भलाकुसारी भयो । साथै उहाँले सँगै मिलेर संस्था चलाउने प्रस्ताव पनि गर्नुभयो । विस्तृत छलफलको लागि अर्को दिन उहाँको लाजिम्पाट डेरामा खाना खाने गरी बैठक बस्ने सहमतिमा हामी त्यो दिन विदा भयौं ।

अमेरिका जानु अघि नै विष्णुमाया दिदीले आफ्नै नेतृत्वमा "नेपाल दलित महिला उत्थान संघ" (एड्वान) नामक गैरसरकारी संस्था दर्ता गरी सञ्चालनमा ल्याउनु भएको रहेछ । उहाँ अमेरिका गएपछि सिता परियार दिदीको अध्यक्षतामा कार्यसमिति निर्वाचित भई दलित महिला समूहहरू गठन, विद्यालयका विद्यार्थीहरूलाई पोषाक

> सुरूवातका दिनहरू निकै चुनौतीपूर्ण, कष्टकर र अपत्यारिला थिए । ती दिनहरू आज सम्झिदा रोमान्चक कथा जस्तो लाग्छ । ती कष्टकर दिनहरू नै एड्वानको ऐतिहासिक र स्मरणीय दिनहरू हुन् जसको जगमा आजको गौरवशाली एड्वान उभिएको छ ।

वितरण जस्ता कामहरू सुरुवात गरिएको रहेछ । संस्थालाई व्यवस्थित रुपले सञ्चालन गर्ने बारेमा दोस्रो भेटको बैठकमा महत्वपूर्ण छलफल भयो । मैले संस्थामा आवद्ध भएर काम गर्ने सहमति जनाएँ । विष्णुमाया दिदी अमेरिका फर्किनुभयो ।

दलित महिलाको उत्थानको लागि स्थापना भएको गैर-सरकारी संस्थामा काम गर्ने निर्णय त गरेँ । तर सामाजिक संस्था र विकास परियोजना सम्बन्धी शैक्षिक ज्ञान, तालिम वा अनुभव केही पनि थिएन । त्यसैले सर्वप्रथम आफैलाई गैर-सरकारी संस्थामा काम गर्न योग्य र सक्षम बनाउने तयारीमा लागेँ । केही अध्ययन र तालिम कोर्षहरू गर्ने योजना बनाए । १५ महिने सामाजिक परिचालक तालिम कोर्ष अध्ययन पुरा गरेँ । संघ-संस्थाहरूको अवलोकन भ्रमणहरू गरेँ । अनि नेपाल दलित महिला उत्थान संघको कार्यक्रमहरूमा स्वयम् सेवकको हैसियतमा काम गर्न थालेँ । अंग्रेजी भाषा र कम्प्युटर सम्बन्धी ज्ञान र सिपमा सक्षम नै थिएँ ।

एड्वानको कार्यसमिति पदाधिकारीहरूमा सिता परियार, गौरा नेपाली, पम्फा परियार, गोमा सुनार आदिसँग भेटघाट र छलफल हुन्थ्यो । पछि सिता दिदी पनि अमेरिका जानुभयो । बाँकी रहेका सदस्यहरूले संस्था सञ्चालन गर्नुपर्ने भयो । उहाँहरू पनि दक्ष र अनुभवी हुनुहुन्थेन । काम गर्दै सिक्दै जाने निर्णय सहित हामी अघि बढ्यौं । संस्थाको छुट्टै कार्यालय थिएन । दैनिक कामकाज गर्ने कर्मचारीहरू नियुक्त गरिएको थिएन । बैठक तथा भेटघाट सिता दिदी बस्ने डेरामा हुन्थ्यो । नियमित कामहरू हुदैन थियो । नयाँ महिला समूह गठन, समूह परिचालन र विद्यार्थीलाई पोषक वितरण जस्ता छिटपुट कामहरू मात्र हुदैआएको रहेछन् ।

यसरी आफुमा केही ज्ञान, सिप र अनुभव हासिल गर्दै संस्थाको अवस्थाको विश्लेषण गरेपछि संस्थालाई योजनावद्ध तथा संस्थागत विधि र पद्धति अनुसार अगाडि बढाउने बारेमा कार्यसमितिमा र बिष्णु दिदीसँग निम्न प्रारम्भिक योजना प्रस्ताव गरेँः १) कार्यालय स्थापना गरी दैनिक कामकाज सुरु गर्नुपर्ने; २) कर्मचारी नियुक्ति गर्नुपर्ने; ३) योजनावद्ध कार्यक्रम तर्जुमा तथा र कार्यान्वयन गर्नुपर्ने । अनि सुरुमा मेरो नियुक्ति मागेँ । वि.सं. २०६१ साल पुष १५ (जनावरी १, २००५) देखि लागु हुने गरी प्रोग्राम अफिसरको जिम्मेवारीमा विधिवत् नियुक्ति पाएँ र काम सुरु गरेँ । काम गर्दै जाँदा वि.सं. २०६६ फागुन १५ (मार्च १, २०१०) मा कार्यकारी निर्देशकको जिम्मेवारीमा पदोन्नति भएँ ।

विगतमा एड्वानसँग कुनै न कुनै किसिमले जोडिइसक्नुभएका कमलबाबु परियार पनि पुनः कर्मचारीकै रुपमा थपिनु भयो । लाजिम्पाटमा दुई कोठा भाडामा लियौँ र केही अत्यावश्यक कार्यालयसँग सम्बन्धित सामग्रीहरू व्यवस्थापन गर्यौ ।

संस्थाको विधान एवं संस्थाको परिकल्पना र उद्देश्य अनुसार वार्षिक योजनाहरू बनाउन थाल्यौं । अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमालाई अघि बढायौं । जातीय, वर्गीय र लैंगिक विभेदको तेहेरो उत्पीडनमा परेका नेपाली दलित महिलाहरूको उत्थानमा एउटा गैरसरकारी संस्थाले के के काम गर्न सक्छ भन्ने अध्ययन र परामर्श थाल्यौं । अशिक्षा, विपन्नता, हिंसा, ग्रामिण बसोबास, कुपोषण, स्वास्थ्य र हाइजिनको समस्या, सामाजिक विभेद, राजनीतिक बहिष्करण, स्रोत र सूचनामा पहुँच नभएको समुदायको उत्थानको काम कहाँबाट थालनी गर्ने ? यो जटिल सवाल थियो । छलफल र विमर्षहरू गर्दै जाँदा दलित महिलाहरूमा जागरण पैदा गर्नु तथा उनीहरूको चौतर्फी (साक्षरता, सचेतना, आर्थिक अवस्था, स्वास्थ्य अवस्था, आदिको) सशक्तिकरण गर्नुपर्ने आवश्यकताहरू पहिचान गरियो । आर्थिक स्रोतको उपलब्धता एवं समस्याहरूको प्राथमिकताको आधारमा दलित महिला सशक्तिकरणका रणनीतिक योजनाहरू निर्धारण गर्‍यौं । विषयगत हिसाबले निम्न उपायहरूका लागि योजना तथा कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्दै अघि बढ्ने संस्थागत निर्णयहरू भयोः

१) साक्षरता र शिक्षामार्फत सशक्तिकरण ।
२) समूह बचत, उद्यम तथा व्यवसायमार्फत आर्थिक सशक्तिकरण ।
३) सचेतना र मानव अधिकारको ज्ञानमार्फत सशक्तिकरण ।
४) संस्थाको सशक्तिकरणको लागि कार्यसमिति सदस्यहरू र कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रमहरू ।

ठोस कार्यक्रमका रुपमा महिला बचत समूह गठन पहिलो काम । त्यसपछि त्यसै महिला समूहहरूभित्र अन्य सबै योजनाहरू लागूगर्ने नीति बनायौं । सोही अनुसार

चरणबद्ध रुपमा निम्न कार्यक्रमहरू सञ्चालन सुरुवात भयो ।

१) महिला समूह गठनमा वृद्धि र कार्यक्षेत्र विस्तार ।
२) कार्यक्षेत्र विस्तारसँगै सामाजिक परिचालकको भूमिकामा फिल्डवर्कर हरूको नियुक्ति ।
३) निरक्षर प्रौढ महिलाहरूलाई साक्षरता कक्षा ।
४) साना बालबालिकालाई बालकक्षा ।
५) विद्यालय जाने बालबालिकालाई विद्यालय पोषाक, नगद छात्रवृत्ति हुदै विशेष छात्रवृत्ति (Sponsorship), उच्च शिक्षा अध्ययन गर्ने छात्राहरूलाई उच्चशिक्षा छात्रवृत्ति (Ambitious Girl Fund) कार्यक्रम ।
६) समूहलाई बीउपूँजी, उद्यमशीलता तथा व्यवसाय तालिम, व्यवसाय गर्न ऋण (Micro Loan) कार्यक्रम ।
७) मानव अधिकार तालिम, लैंगिक हिंसा तथा जातीय विभेद विरुद्ध तालिम, गोष्ठी, अन्तर्क्रिया कार्यक्रमहरू ।
८) कार्यसमिति सदस्य तथा कर्मचारीहरूलाई कम्प्युर तालिम, अंग्रेजी भाषा तालिम, नेतृत्व विकास तालिम, कार्यालय व्यवस्थापन सम्बन्धी तालिम, मानव अधिकार र महिला अधिकार तालिम, लैंगिक हिंसा विरुद्ध तालिम, आदि ।

पछि संयुक्त दलित अधिकार आन्दोलन, संयुक्त महिला अधिकार आन्दोलन र सबै प्रकारका मानव अधिकार अभियानमा पनि संस्थालाई जोड्दै लगियो । नेपालमा राजनीतिक परिवर्तनको निम्ति २०६२/०६३ को दोस्रो जनआन्दोलन चल्यो । नयाँ संविधान निर्माणका लागि संविधानसभा गठन भयो । नयाँ संविधान निर्माण कार्य देश तथा सबै तह र तप्काका नागरिकको सरोकारको विषय भएकोले दलित महिलाको राजनीतिक अधिकार स्थापनाको लागि एड्वानले पनि भूमिका निर्वाह गर्नु जरुरी थियो र गऱ्यो पनि ।

सुरुवातका दिनहरू निकै चुनौतीपूर्ण, कष्टकर र अपत्यारिला थिए । ती दिनहरू आज सम्झिदा रोमान्चक कथा जस्तो लाग्छ । ती कष्टकर दिनहरू नै एड्वानको ऐतिहासिक र स्मरणीय दिनहरू हुन् जसको जगमा आजको गौरवशाली एड्वान उभिएको छ । कार्यसमितिका पदाधिकारी र कर्मचारीहरू सबै आलाकाँचा देखिने । दातृ निकाय, सरकारी निकाय र समकालीन संघसंस्थाका नेतृत्वहरूले नपत्याउने । कार्यक्षेत्रमा कार्यक्रम लिएर गयो समुदायका स्थापित व्यक्तिहरूले नपत्याउने । केटाकेटीको खेल भनेर खिसिट्युरी गरे । फेरी हाम्रो आफ्नै गृह जिल्ला गोरखाका गाउँहरू ताक्लुङ्ग, फुजेल र ताङ्लीचोकबाट कार्यक्रम कार्यान्वयन सुरु गऱ्यौं । परिचित ठाउँमा हामीलाई गैरदलित समुदायले विभेद गर्ने र कार्यक्रममा असहयोग गर्ने । काम गर्दै जादा अमेरिका, डेनमार्क लगायतका दातृसंस्थाका प्रतिनिधि तथा व्यक्तिगत तहबाट सहयोग गर्ने व्यक्तिहरू एड्वानको कार्यक्षेत्रको भ्रमणमा आउन थाले । एकपटक डेनमार्कका राजदुत फिन थिल्स्टेड स्वयम् ताक्लुङ्ग गाउँको दलित र मगर महिला समुहहरूको बस्तीमा रात बस्ने गरी भ्रमणमा जानु भयो । यसरी विदेशी व्यक्तित्वहरू हाम्रो कार्यक्षेत्रको अवलोकन भ्रमण गर्न आउन थालेपछि समुदाय तथा अरु निकायहरूले हामीलाई पत्याउने, विश्वास गर्ने र हामीसँग समन्वय तथा सहकार्य गर्ने वातावरण बन्दै गयो ।

वि.सं. २०६१ ताका माओवादी जनयुद्ध उत्कर्षमा थियो । ग्रामिण बस्तीमा माआवादीको प्रभाव थियो । संघसंस्थाहरू माओवादी प्रभावित क्षेत्रमा काम गर्नसक्ने अवस्थामा थिएनन् । सरकार पक्षबाट पनि त्यतिकै निगरानी र हस्तक्षेप थियो । गाउँबस्तीमा पैदल यात्रा गर्नुपर्ने अवस्था थियो । यात्रा गर्दा होस् या बस्तीमा बैठक/सभा गर्दा होस, माओवादी र सरकार दुवै पक्षबाट निगरानी र हस्तक्षेप हुन्थ्यो । वि.सं. २०६२ साल चैत्रमा बागलुङ्गको देवीस्थान गाउँमा नयाँ कार्यक्षेत्र सुरु गर्ने योजना थियो । चन्द्र नेपालीलाई सहयोगी लिएर कमल परियार देवीस्थान जानु भयो । कतै गाडीमा त कतै पैदल यात्रा हिड्नु पर्ने ठाउँहरू । उहाँहरू देवीस्थान पुगेर कार्यक्रम गर्दै गर्दा जनआन्दोलन चर्कियो । अनिश्चितकालीन आम हड्ताल भयो । कमलजीहरू उतै रोकिनु भयो । नेपाल बन्द खुल्ने कुनै निश्चित नभएपछि उहाँहरू आन्दोलनकारी कै भेषमा बुटवलसम्म ३ दिन हिडेर आउनुभएछ । पछि त धेरै पटक म आफै पनि देवीस्थान जाँदा-आउँदा वर्षा, पहिरो र गर्मी छिचोल्दै ५ दिनसम्म पैदल हिडेको छु । इलाम र अर्घाखाँची कार्यक्षेत्रहरूमा जाँदा पनि थुप्रै कठिनाई र बाधाहरूको सामना गऱ्यौं ।

यसरी काम गर्दै जाने क्रममा एड्वान एउटा व्यवस्थित, सक्षम र प्रभावकारी संस्थाको रुपमा विकास हुदै गयो । गोरखाबाट सुरु भएको दलित महिला समूह गठनको काम इलाम, अर्घाखाँची, बागलुङ्ग र चितवनसम्म विस्तार भयो । झापा र मुगुमा गरिएको प्रयास सफल हुन सकेन । ७९ वटा महिला समूहहरू गठन भई क्रियाशील थियो । जसलाई ८ वटा कार्यक्षेत्रमा विभाजन गरी ८ जना फिल्डवर्कर नियुक्त भई परिचालन गरिएको थियो । ६ वटा क्षेत्रमा महिला भवनहरू निर्माण भयो । ५ ठाउँमा बालकक्षा र ९ ठाउँमा महिला साक्षरता कक्षा सञ्चालन भएको थियो । विद्यालय तहका छात्रछात्राहरू १२३ जनालाई लाई विशेष छात्रवृत्ति (Sponsorship) र ३५ जना छात्राहरूलाई उच्च शिक्षा छात्रवृत्ति (Ambitious Girls fund) प्रदान गर्ने कार्यक्रम सञ्चालनरत थियो । सबै समुहहरूमा Micro Loan परियोजना सञ्चालन गर्ने लक्ष्यसहित १८ वटा समुहहरूमा सञ्चालनरत थियो । यी बाहेक साधारण छात्रवृत्ति वितरण, सचेतनाका तालिमहरू, राहत सेवा, स्वास्थ्य र सरसफाई, सभा, गोष्ठी लगायका कार्यक्रमहरू सञ्चालन भएका थिए ।

एड्वानको मुख्य आर्थिक स्रोत अमेरिकामा दर्ता भएको साझेदार संस्था EDWON थियो । EDWON मार्फत विदेशी सहयोगी तथा स्वयंसेवकहरू एड्वानको कार्यक्षेत्र अवलोकल तथा भ्रमणमा आइरहन्थे । एड्वानका संस्थापक अध्यक्ष विष्णुमाया परियारको परिकल्पना र योजनामा स्थापना भएको नेपाल दलित महिला उत्थान संघमा उहाँको नेतृत्व र योगदान रहेको छ । एड्वानको कार्यकारी भूमिकामा आउनु अघिदेखि म राजनीतिक सेवामा बढी रुची राख्थे र म राजनीतिक सेवामा आवद्ध थिएँ । राजनीतिक क्षेत्रबाट देश, समुदाय र नागरिकको सेवा अझ फराकिलो तथा उच्च ढंगबाट गर्न सकिने महसुस भैरहेको थियो । सोही अनुसारको राजनीतिक जिम्मेवारी पाउने अवस्था बनेपछि वि.सं.वि.सं. २०७० चैत्रमा मैले मेरो पदबाट स्वेच्छिक राजीनामा दिएर विदा भएँ । त्यसपछि संस्थाले मलाई सल्लाहकार समितिमा मनोनयन गरेर सम्बन्ध कायम राखेको छ ।

*राम नेपाली एड्वानको पूर्व कार्यकारी निर्देशक र सल्लाहकार हुनुहुन्छ ।*

। विचार ।

# एड्वानसँगका बीस वर्ष



। कमलबाबु परियार

**म भारतको अध्ययनलाई सकाएर फरक सपना बोकी नेपाल फर्किएको थिएँ । जब म जन्मथलो गोरखा पुगेँ र समाजसेवी बाबासँग भलाकुसारी भयो, मैले मेरो नेपाल आउनुको वास्तविकता 'आर्थिक उपार्जनका लागि विदेश यात्राको तय गर्न आएको' सुनाएँ, तब उहाँले भन्नु भयो 'एउटा छोरा त समाजसेवातिर लागे पनि हुने हो ।' बाबाको आग्रहलाई मैले सहस्र स्वीकार गर्दै विदेशको सपनालाई तिलाञ्जली दिएँ । सौभाग्यबस, त्यसताका डा. विष्णुमाया परियारले जन्माउनु भएको नेपाल दलित महिला उत्थान संघ (एड्वान) गोरखामा सुरूवात भएको जानकारीमा आयो । यही संस्थामार्फत मेरो बाबाको ईच्छा पुरा गर्ने योजना बनाएँ**

दलित महिला उत्थान संघ (एड्वान) २५ वर्ष पुरागरी २६ वर्षमा प्रवेश गरेको छ । जुन गौरवको कुरा हो । यस स्मारिका एड्वान जन्मनुभन्दा पहिलादेखि पच्चीस वर्षे जवान हुंदासम्म प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न व्यक्ति तथा संस्थाका प्रतिनिधि पात्रहरूको व्यक्तिगत अनुभव, भोगाइ, रमाइला र उत्साहप्रद क्षणहरू, एड्वानप्रतिको आत्मीय भावना र अपनत्वका बारेमा कहीँ कतै भनिएका तर नलेखिएका कथाहरूको सँगालो हो भन्ने मैले बुझेको छु । यसमा कतिपय प्राविधिक, प्रशासनिक, व्यवस्थापकीय र सफल साझेदारीका परिदृश्यहरू सँगालिने छन् भने कतिपय मनको अन्तरकुन्तरमा लुकेर बसेका तर कहिल्यै बाहिर नआएका सुन्दर भावनाहरू छचल्किएर बाहिर आउने छन् ।

स्मारिकामा एड्वानको नयाँ पुस्तालाई थाहै नभएको एड्वान जन्मँदाको प्रसवपीडा र वामे सर्दाका बयानहरू समिटिने छन् र यी अवस्था सफल बनाउन सदैव संघर्षरत पात्रहरूको स्मरण गरिने छ । एडवान्को बाल्यकालका रमाइला अनुभूतिहरूको सँगालो र कतिपय युवावस्थाका जोश र भोगाइहरू तथा सबैभन्दा महत्वपूर्ण कुरा एड्वानका संस्थापक डा. विष्णुमाया परियार लगायतका सदस्यहरू र अग्रजहरूप्रति सम्मानभाव व्यक्त गरिने छ । वास्तवमा यो पच्चीस वर्षमा एड्वान परिवारले संस्थाको छुट्टै संस्कारको विकास गरेको छ । एड्वान व्यवस्थापनले रजत जयन्तीको एक हिस्साका रुपमा स्मारिका प्रकाशन गर्ने निर्णय गर्नु आफैंमा ऐतिहासिक निर्णय र एड्वानको ऐतिहासिक दस्तावेजमा मेरो कलमबाट अनुभूतिहरू समावेश गराउने अवसरको लागि एड्वानप्रति आभारी छु ।

**एड्वानसँगको २० वर्षीय सहयात्रा**

मसँग एउटा मीठो स्मरण छ, संस्थामा मेरो प्रवेश विक्रम सम्वत २०६० सालमा स्वयंसेवक (विना तलव) बालकक्षा शिक्षकको रुपमा भएको थियो । म भारतको अध्ययनलाई सकाएर फरक सपना बोकी नेपाल फर्किएको थिएँ । जब म मेरो जन्मथलो गोरखा पुगेँ र समाजसेवी शिक्षाविद् बाबा सफे परियारसँग भलाकुसारी भयो र मैले मेरो नेपाल आउनुको वास्तविकता आर्थिक उपार्जनका लागि विदेश यात्राको तय गर्न आएको कुरा उहाँलाई सुनाएँ, तब उहाँले भन्नु भयो 'एउटा छोरा त समाजसेवा तिर लागे पनि हुने हो', मैले थपेँ बाबा समाजसेवाले जीवन कसरी चल्ला र ? उहाँले भन्नु भयो 'परोपकाराय पुण्याय पापाय पर पीडनम्' अर्थात 'परोपकार गर्नु संसारको सबैभन्दा ठूलो पुण्य हो ।' बाबाको आशावादी अनुरोधलाई मैले सहस्र स्वीकार गर्दै, विदेशको सपनालाई तिलाञ्जली दिएँ । सौभाग्यबस, त्यसताका डा. विष्णुमाया परियारले जन्माउनु भएको नेपाल दलित महिला उत्थान संघ (एड्वान) गोरखामा सुरुवात भएको जानकारीमा आयो र म मनमनै पुलोकित भएँ । यही संस्थामार्फत मेरो बाबाको ईच्छा पुरागर्ने योजना बनाएँ । फलस्वरुप वि.सं. २०६० सालको सुरुवातमा संस्थाले विद्यालय जानबाट वञ्चित बालबालिकाहरूका लागि बालकक्षा शिक्षा कार्यक्रम सुरु गऱ्यो, सोही समयमा बालकक्षा शिक्षकको भूमिकामा मैले यस संस्थामा प्रवेश गर्ने मौका पाएको दिन आजपनि मानसपटलमा ताजा अनि जीवितै छ । करिव २ वर्षसम्मको गोरखा बसाइमा बालकक्षा शिक्षक रहँदै विभिन्न स्थानहरूमा महिला समूह गठन कार्यमा सहभागी भएँ र वि.सं. २०६१ सालको अन्त्यताका एड्वानको केन्द्रीय कार्यालय काडमाडौंमा काम गर्ने मौका प्राप्त भयो जसको लागि संस्थापक अध्यक्ष डा. विष्णुमाया परियार र अमेरिकी शुभचिन्तक ईभा कसेलप्रति आभारी छु जसका कारण मेरो जीवनको पाटो र बाटो नै फरक बन्यो ।

वि.सं. २०५४ मा पिसकोरबाट प्राप्त सानो सहयोगमा गोरखाबाट समूह गठन कार्य सुरु गरेको यस संस्थाले वि.सं. २०५५ सालमा विधिवत रुपमा जन्म लियो र संस्थाले वि.स. २०६० सालबाट दलित तथा अति विपन्न समुदायका छात्र/छात्रालाई विद्यालय पोषाक वितरण कार्यक्रम सञ्चालनमा ल्याएको थियो। स्थानीय स्तर अनुगमन, समूह गठन, विद्यालय पोषाक वितरण कार्यक्रम वार्षिक कार्यक्रमकै अनुरुप चलिरहेको थियो । वि.सं. २०६१ सालमा जब म काठमाडौ आएको थिएँ त्यतिबेला संस्थाको जग बसिसकेको थियो तर हुर्काउन, बढाउन र एक सक्षम दीगो संस्थागत विकासमा भने थुप्रै चुनौतीहरू थिए । संस्थागत विकास र सञ्चालनका लागि नियम, व्यवस्थापकीय प्रणालीहरू आपसी छलफल र केही अन्य संस्थाको नीति नियमलाई समेत सन्दर्भ सामग्री बनाई आफ्नो परिवेश र संस्थालाई उपयुक्त हुने विभिन्न नियम तयार पार्ने र आवश्यकता अनुसार परिमार्जन गर्दै जाने र नयाँ बनाउने कार्य वि.सं. २०६१ ताका भयो र बृहत्तर रुपमा नयाँ समूह गठनको प्रक्रिया सुरु भयो । नयाँ समूह गठन, समूह परिचालन शिक्षा, महिला अधिकार सम्बन्धी सभा, सेमिनार, गोष्टी र समूहमा आवद्ध बालबालिकालाई छात्रवृत्ति वितरण जस्ता कार्यक्रमबाट एड्वानको नाम र कामको पहिचानको जग बस्यो र निरन्तर रुपमा काम गर्ने हौसला र प्रेरणा प्राप्त भयो ।

**सम्झनामा बाग्लुङ यात्रा**

समूह विस्तारको क्रममा वि.सं.२०६२ साल चैत्र १९ गते बाग्लुङ्गका स्थानीय चन्द्र नेपाली र म काठमाडौबाट बाग्लङ्ग देवीस्थानको यात्रामा निस्किएका थियौं । मलेखु, मुग्लिङ, नारायणढ, बुटवल, पाल्पा, रिडी, बामी टक्सार, भिमगिठे, बुर्तिवांग हुदै ३०-३२ घण्टाको लगातारको यात्रा पछि हामी देवीस्थान पुगेका थियौं । मलाई अनौठो अनुभुति भईरहेको थियो, नेपालको भूभाग अनेत्र जस्तै भान हुन्थ्यो, नेपाली मानिसहरू हामी भन्दा भिन्न देखिएको जस्तो आभास हुन्थ्यो र वोली नेपाली भाषा भएपनि अधुरो र नबुझिने सुनिन्थ्यो । सिडीबिनाको उकालो बाटो हिड्दै कहिले उभिदै र कहिले ट्टुसुक्क बस्दै हामी जब गाउँ प्रवेश गऱ्यौं, दृष्य अचम्मको बन्दै गयो । पिठ्यूँमा झोला अनि हातमा लट्ठी बोकेका हामीलाई देख्नासाथ मान्छेहरू दौडँदं भित्र पस्ने र अलि मन दरिलो भएको मान्छे झ्यालबाट नियालेर 'को हुन्टनी ?' भनेर सोध्ने दृष्यले मलाई अचम्मित गरायो । हामी हुम्टनी, घामथरे माईलाका छोरा माईला भनेपछी मात्र बाहिर आउने र गफ गर्ने व्यवहारले मलाई कौतुहलता भयो । हामी साँझ चन्द्रसरको घर (छाप) मा पुग्यौं । रातिको खाना खाईवरी भलाकुसारीको क्रममा मैले

> **एड्वानसँग मेरो भावनात्मक सम्बन्ध यस मानेमा छ कि एड्वान मेरो दोश्रो घर रह्यो । एड्वानको संस्थागत विकासका लागि मेरो जीवनको अधिकांश समय अन्य सहकर्मीसँगै नै बित्यो । संस्थाको विकासका लागि कार्यसमिति, सहकर्मी साथीहरूसँग कैयौं पहाडहरू चढियो, कयौं ओरालीहरू झरियो, खोलानाला, कन्दराहरूका हप्तौं यात्राहरू गरियो ।**

त्यो गाउँमा भएको व्यवहारको वारेमा बुझ्नको लागि चन्द्र सरको बुबासँग सोधेँ । उहाँले बास्तविता बताउनु भएपछि हामी अचम्मित भयौं । देवीस्थानको वडा नं. ६ को घटना, नयाँ मान्छे देख्नासाथ भित्र पस्नुको कारण त तत्कालीन नेकपा (माओवादी) आयो भन्ने उहाँहरूमा भान हुँदो रहेछ भन्ने हामीले बुझ्यौं । अर्को दिन बिहानै चिया खाजा खाएपछि हामी ३ जना (म, चन्द्र सर र उहाँको बाबा) गाउँको मुखियाको घरमा पुग्यौं । नमस्कारबाट कुरा सुरु हुँदै परिचय गऱ्यौं र हामी देवीस्थान आउनुको कारण प्रष्ट्यायौं । पछि मुखियाबाले भन्नु भयो, 'संकटकालको समयमा त्यती परबाट किन आउनु परेको ? हामीले यस गाउँमा माओवादी पस्न दिएका छैनौं । त्येसैले संस्थाको रुपमा माओवादीले प्रवेश गर्न खोजेको त हैन ? ए घामथरे माईला हुँदैन है यहाँ, समूह गठन गर्न दिन हुदैन ।' चन्द्रको बुबाले त्यसको म जिम्मेवारी लिन्छु, तल माथि भयो भने मलाई कारवाही गर्नुस् भने पछि मात्र समूह गठनको अनुमति प्राप्त भएको त्यो क्षेण अहिले जस्तो लाग्छ । अनुमति लिएपछि हामी खाना खाईवरी दलित बस्तितिर लाग्यौं । बाटोमा अचम्मको कुरा भयो, उताबाट बराजु (ब्राह्मण) आउनुभएको देख्नासाथ चन्द्र सरको बाबाले हामीलाई बाटोमुनि झर्न भन्नुभयो । हामी झऱ्यौं । पछि मैले सोधेँ, किन हामी तल झरेका हौं ? अचम्मको परम्परा (त्यहाँ उपल्ला जातका मानिसहरू बाटामा भेटिए दलित जातिका मानिसहरू बाटो मुनि लाग्नु पर्ने रहेछ। कुरा बुझ्दै गयौं। दलितको अवस्था विकराल पाउँदै गयौं । विद्यालयमा बेन्चमा बसेर पढ्न नपाउने, १०/११ वर्षका दलित बालबालिकाहरू विद्यालय जानबाट बञ्चित भएको पाईयो । एड्वानको नीति अनुसार त्यस स्थानमा कार्यक्रम गर्न अत्यावश्यक थियो र वि.सं. २०६२ साल चैत्र २१ गते बीऊपुँजी सहित ४ ओटा महिला समूह गठन प्रक्रिया पुरा गऱ्यौं । त्यस रात विश्राम लियौं । भोलिपल्ट अर्थात चैत्र २२ गते विहानै रेडियोले खवर सुनायो 'राजतन्त्रको विरुद्धमा जनआन्दोनलको घोषणा र सुरुवात भएको' विषय । हामी एकअर्काको मुखातिर गऱ्यौं र निर्णय लियौं अब जसोतसो फर्कने । अनि झोला बोकी जुग्जाखोला तीर ओरालो लाग्यौं धन्न त्यहाँ जीप रहेछ र हामी बुर्तिवाङ्गको लागि त्याहाँबाट हिड्यौं तर दुर्भाग्य भिमगिठेको आर्मी क्याम्पले गाडी अघि बढ्न दिएन । त्यसपछि हामीलाई वित्यास पऱ्यो, फर्किएर जाउँ या अघि बढौं । अन्ततः हामीले अघि बढ्ने निर्णय गऱ्यौं अनि सुरुवात भयो परिवर्तनका लागि लम्किएका कदमहरूका कहाली लाग्दो यात्रा । भिमगिठेबाट सुरु भएको उकाली-ओराली, भञ्ज्याङ्ग अनि

चौतारी, खोलानाला कन्दराहरू छिचोल्दै, घामको ताप र रापमा तथा हावाको सुसेलीसँगै कहिले पहाड त कहिले नदिको किनारा हुँदै ७ दिनको अविस्मरणीय पैदल यात्रा बुटवलमा आएर टुंगिएको थियो । उक्त यात्राले अझैपनि त्यस ठाँउको स्मरण र कठिन यात्राको सम्झना दिलाई रहन्छ । एड्वानले त्यस ठाउँमा सञ्चालन गरेका कार्यक्रमहरू, महिला समूह गठन, छात्रवृत्ति, महिला अधिकार, घरेलु हिंसा सम्बन्धी गोष्ठी, महिला स्वास्थ्य, बालकक्षा र सीप विकास कार्यक्रमले साँच्चिकै परिवर्तन ल्याएको घटनाहरू उदाहरणीय छन् । एघार बर्षका बालबालिका १ वा २ वर्ष बालकक्षामा अध्ययन पछि सिधै विद्यालयमा ४ वा ५ कक्षामा भर्ना भई उत्तम अंक सहित पास भएका उदाहरणहरू थुप्रै छन् । कार्यक्रमको लाभले गैरदलित महिलाहरू पनि समूहमा समावेश हुन थालेपछि चरम अवस्थामा रहेको जातीय विभेदमा कमी आउन थाल्यो । एड्वानले त्यहाँका दलित महिलाहरूको अगुवाइमा पिकनिकको आयोजना गऱ्यो जसमा विद्यालयका विद्यार्थी, शिक्षक, भद्र-भलादमीहरूलाई निमन्त्रणा गरिएको थियो । एड्वानको उक्त कार्यक्रमलाई विद्यार्थी र शिक्षकहरूले पूर्णरुपमा सहयोग गर्नुभएको थियो र त्यस ठाउँमा एड्वानले शिक्षा, चेतना तथा जातीय विभेदविरुद्ध परिवर्तनको सुरुवात गरेको थियो ।

**सामाजिक पहिचान**

एड्वानसँग मेरो भावनात्मक सम्बन्ध यस मानेमा छ कि एड्वान मेरो दोश्रो घर रहयो । एड्वानको संस्थागत विकासका लागि मेरो जीवनको अधिकांश समय अन्य सहकर्मीसँगै नै बित्यो । संस्थाको विकासका लागि कार्यसमिति, सहकर्मी साथीहरूसँग कैयौं पहाडहरू चढियो, कयौं ओरालीहरू झरियो, खोलानाला, कन्दराहरूका हप्तौं यात्राहरू गरियो । अनेकौं बिदाका दिनहरू एड्वानका लागि बिते किन कि मेरा लागि यो एक 'जागिर' थिएन, एक गहिरो लगाव थियो, अपनत्व थियो, एक परिवार थियो, कटिबद्धता थियो, नौलो कार्यद्वारा दलित तथा सीमान्तकृत वर्गका हितका लागि उद्देश्य प्राप्तिको सफलताको शिखर चुम्ने सपना थियो । यसरी कहिले गोरखा त कहिले अर्घाखाँची, कहिले बाग्लुङ्ग त कहिले चितवन र कहिले काठमाडौ गरिरह्यौं । संस्थाको उद्देश्य हासिल गर्न सदासर्वदा तदारुकता र स्वतस्फूर्तता प्रदर्शन गरिरह्यौं । एड्वानमा म सन् २००१ देखि स्वयम् सेवक हुँदै विभिन्न पदमा रही तत्कालीन कार्यकारी निर्देशक राम नेपालीसँगको सहकार्यमा कार्यरत रहँदै सन् २०१५ देखि २०२२ सम्म अविछिन्न कार्यकारी निर्देशकको हैसियतमा कार्य गर्ने अवसर पाएँ । एडवान्‌बाट मैले धेरै कुरा सिक्ने अवसर पाएँ । मलाई समाजसेवीको रुपमा समाजमा चिनायो, स्थापित गरायो र छुट्टै पहिचान दिलायो । मैले संस्थाको लागि के गरें ? संस्थालाई कति योगदानहरू गरें, ती तपशीलका विषय रहे । कुनै व्यक्ति वा संस्था आफैंमा पूर्ण हुँदैन, सबैको साथ, विश्वास र अपनत्व महत्वपूर्ण रहेछ भन्ने विषय मैले एड्वानबाट नै सिकें । एडवान्‌को २५ वर्षीय सफलताको कथामा मेरो पनि निरन्तर हातेमालो रहयो, यसमा गौरवान्वित छु र संस्थाले मलाई दिएको अवसर र दिलाएको सामाजिक पहिचान मेरो जीवनको उच्चतम उपहार हो र रहने छ जसका लागि म संस्था प्रति कृतज्ञ छु ।

**केही समयपछि जब एड्वानले इड्वन र एजेडब्लुएससँग अस्थायी टहरो निर्माण, सुधारिएको जुठेल्नो, शौचालय निर्माण तथा मर्मत, सुधारिएको चुलो निर्माणको सम्झौता गरी समुदायका प्रभावित मानिसहरूका लागि छानाको व्यवस्था गऱ्यो तब ती त्रिपाल कसै-कसैका घरमा बाख्राको खोरको छानो बन्यो भने कसैको बस्ने टहरो बारिएको देखिन्थ्यो ।**

**सफलताको मीठो उडान**

एड्वानका परिकल्पनाकार डा. विष्णुमाया परियार र उहाँका मित्रहरू अनिता परियार, रुपा बराईली, सुष्मा परियार, सीता परियार, पम्फा परियार र राममाया परियार मध्ये सबै एडवान्‌सँग सम्पर्कमा त हुनुहुन्न तथापी एडवान्‌को २५ वर्षे रजत जयन्तीको अवसरमा उहाँहरूप्रति सद्भाव र सम्मान प्रकट गर्दै, सुरुवाती समयको उद्देश्यमा विचलित नभइकन बदलिँदो परिवेश र आवश्यकता अनुसार ठोस कार्य गर्न सकियो भने एड्वानले दीर्घकालीन सफलताको उडान उडी रहने छ ।

सन् १९९८ मा जन्मिएर सन् २००० बाट सक्रियतापूर्वक काम गर्न सुरु गरेको एड्वान सन् २०२३ सम्म आईपुग्दा सफलताको मीठो उडान भर्न सफल भएको छ । अमेरिकी नागरिक श्रद्धेय ईभा क्यासेलको अध्यक्षतामा अमेरिकामा रहेको संस्था इडवनको फण्डबाट (सन् २०००-२०१६) साना ठूला कार्यक्रम सञ्चालन गर्दै आएको एड्वानले सन् २०१४ मा ब्रिटिस काउन्सीलका कार्यक्रम अधिकृत सगुन श्रेष्ठसँग मिलेर युरोपेली संघको लागि परियोजना लेखन कार्यमा सहभागी हुने मौका प्राप्त भयो र लेखन कार्य सम्पन्न गरी परियोजना समयसीमा भित्रै बुझायौं । सन् २०१४ सेप्टेम्बरमा हाम्रो परियोजना छनोट भएको पत्र आयो । ईयुबाट पहलो पटक ३६ महिने परियोजना 'Ensuring Rights through Skills and Voice' प्राप्त भएको त्यो क्षण मेरालागि अपार खुशीको क्षण थियो भने एड्वानको लागि अविस्मरणीय तथा सफलताको मीठो उडानको शुभारम्भ थियो । जनवरी २०१५ बाट सुरु भएको परियोजनाको कर्मचारी नियुक्ति, कार्यालय सेटअप, आधार अध्ययन, एफजिडी र अन्य आन्तरिक विषयहरू सम्पन्न भएका थिए । परियोजनाको खुशी गाउँस्तरमा स्थापित गर्नु अघि नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै हलचल मचाउने गरी सन् २०१५ अप्रिल २५ मा गएको महाभुकम्पले हरेकका परियोजनालाई असर पाऱ्यो । त्यसबाट एड्वानको परियोजना पनि अछूत रहन सकेन ।

गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाई

गएको ७.८ म्याग्निच्यूडको महाभूकम्प सन् २०१५ को अत्यन्त पीडादायी घटना रह्यो तथापी यस घटना र एड्वानको कामले समाजमा संस्थाको भिन्न खालको छाप स्थापित गरायो । समुदायका मानिसहरू अहिले पनि सम्झन्छन्, 'आपतको बेला टाउको लुकाउने छाना र भोको पेटको लागि खानाको व्यवस्था गरिदिने संस्था एड्वान हो' भनेर । भूकम्पको समयमा ईभा कसेल र डा. विष्णु माया परियारको विशेष पहलमा, ईड्वन, डा. ट्रेसी, प्रकाश परियार, वुमन फर कज, क्लार्क युनिभर्सिटी, जोन गोल्डम्यान, गेरी फ्रैंक जस्ता संस्था तथा व्यक्तिहरूको सहयोगमा एडवानूले वितरण गरेका पहेंला, काला, निला, हरिया र सेता रङ्का त्रिपालले पूरै गाउँ नै रंगीचंगी देखिन्थ्यो भने त्रिपाल भित्र कम्मल, म्याट, सोलार लाईट, खाद्यान्नहरू देखिन्थ्यो । त्यति बेलाका कामले गाउँमा, गाविसमा र जिल्लामा एड्वानको इज्जत, सम्मान र संस्थागत मर्यादा नै बेग्लै बनायो ! सबैले चिन्ने, सबैले राम्रो मान्ने संस्था बन्यो एड्वान । त्यो सकारात्मक प्रभावले मलाई गोरखामा काम गर्न सहज बनायो र जिल्ला विपद व्यवस्थापन समितिमा समेत सहभागिता गरायो । केही समयपछि जब एड्वानले इड्वन र एजेडब्लुएससँग अस्थायी टहरो निर्माण, सुधारिएको जुठेल्नो, शौचालय निर्माण तथा मर्मत, सुधारिएको चुलो निर्माणको सम्झौता गरी समुदायका प्रभावित मानिसहरूका लागि छानाको व्यवस्था गऱ्यो तब ती त्रिपाल कसै-कसैका घरमा बाख्राको खोरको छानो बन्यो भने कसैको बस्ने टहरो बारिएको देखिन्थ्यो । भूकम्पका बेला राहत सामग्रीहरू ढुवानी र वितरण गर्दाका कथा बेग्लै छन् । विभिन्न दाताहरूको सहयोगमा एड्वानमार्फत् खरिद गरिएका राहत सामग्री र त्रिपाल खरिद गरी पठाउनुभएको एड्वानको टोलीमा अविच्छिन्न रुपमा सहभागी भएर गोरखाका स्थानीय नेताहरूसँग सहकार्य गर्दै त्रिपाल र राहत वितरणको काम सम्पन्न गरिएको क्षण स्मरण योग्य थिए । जिल्ला प्रशासन कार्यालयको अनुमतिमा तत्कालीन सम्बन्धित गाविससँगको समन्वयमा सामग्रीहरू सम्बन्धित स्थानमा पुऱ्याउन हामीलाई निकै हम्मे-हम्मे परेको थियो । भूकम्पपीडित राहत वितरण कार्यमा गाविस स्तरमा स्थानीय समाजसेवी र सुरक्षाकर्मीहरूको सहयोगलाई पनि धन्यवादसहित सम्झनै पर्छ । म गोरखामा नै भएको हुनाले, भूकम्पले घरबार बिहीन भएका गोरखाबासीको दुःखमा साथदिने मौका मलाई एड्वानले नै जुरायो । त्यो संकटको घडीमा एड्वानको सहयोग पाएका गोरखाबासीका मस्तिष्कमा परेको छाप र मेरो व्यक्तिगत मस्तिष्कमा परेको छाप अमिट रुपमा आज पनि ताजै छ ।

गोरखाको ७ ओटा गाविसहरू बक्रांग, मनकामना, ताक्लुंग, घैरुंग, मकैसिंग, तांडलीचोक र फूजेलमा संचानल हुने ईयुको "सुनिश्चित आवाजका लागि सीप विकास परियोजना"को मर्मले अब झनै महत्व पाएको थियो । किनकी धेरै मानिसहरूले जीविकोपार्जनको बाटो गुमाएको त्यस क्षणमा सीप विकासले त्यहाँको जनताको लागि जीविकोपार्जनको नयाँ आयाम थपिदिएको थियो । अमेरिकामा एड्वानको सहयात्री साथीहरूले फ्रेण्ड्स अफ एड्वान शुरु गरे र सहयोग प्राप्त हुन थाल्यो । त्यसपछिका दिनहरूमा परियोजना लेखन कार्यलाई तिव्रता दिन संस्थाले परियोजना लेखन अफिसरको रुपमा रमेश सुनामलाई नियुक्त गरी परियोजना लेखनको कार्यलाई अघि बढायो ।

सन् २०१६ मा  करुणा ट्रष्ट यूकेमा सानो परियोजना लेखन जिम्मेवारी सम्हाल्ने मौका पाएँ । र सन् २०१७ जनवरी देखि सुरु हुनेगरी 'भूकम्पपीडित महिलाको लागि सुधारिएको जीविकोपार्जन' परियोजना सफल भयो र उक्त परियोजना सन् २०२३ को मे महिनासम्म सञ्चालनमा रह्यो । सन् २०१८ सम्म पुग्दा एड्वानले अर्को सफलताको उडान भऱ्यो एड्वानसँग भरपर्दो बजेटसहित लामो समयसम्मका लागि करुणा ट्रष्ट (२०१८-२०२३), ग्लोवल फण्ड फर वुमन (२०१८-२०२३), ग्लोवल गिभिङ्ग जस्ता २/३ वटा परियोजना थिए । डा. विष्णुमाया परियारको पथप्रदर्शनमा कार्यसमिति र कर्मचारीहरूको एउटा दक्ष र लगनशील समूह कटिवद्ध भई खटेको आधारमा आफ्नो छुट्टै पहिचान बनाउन पनि सफल भईसकेको थियो ।

**कोभिड-१९ र एड्वान**

मानिसहरू भुकम्पको पीडाबाट मुक्तिको स्वास लिदै थिए, फेरी सन् २०१९ डिसेम्वरमा चाईनाको वुहान शहरबाट सुरु भएको कोभिड-१९ भाईरसको चपेटाले विश्व आक्रान्त बन्यो । सन् २०२० को मध्येबाट अवस्था कहाली लाग्दो बन्न पुग्यो । कोभिड-१९ बाट विश्वमा लाखौँले ज्यान गुमाए । महिनौँ सम्मको देशव्यापी बन्दाबन्दी (Nationwide Lockdown) लाखौंले रोजगारी गुमाए, लाखौंको स्वरोजगारी गुम्यो । सबैतिर सन्नाटा छायो । बन्दाबन्दीले सबै घरभित्र कैद भए तर एड्वानले आफ्नो पखेटा खोल्न थाल्यो, घर बाहिर निस्कियो र घरभित्र रहेकालाई सहयोग गर्न थाल्यो । भोका जनताको घरघरमा रासनको प्याकेज लिएर पुग्यो । एड्वान समुदाय र स्वास्थ्य चौकीहरूमा स्वास्थ्य सामग्री लिएर पुग्यो । निस्सासिएका मानिसहरूको अक्सिजन बन्यो, भोको पेटको भोजन बन्न पुग्यो र स्वास्थ्य कार्यकर्ताहरूको लागि सुरक्षा कवज बन्न पुग्यो । यस मानवीय कार्यले एड्वानको पहिचानमा अर्को एक आयाम जोडीदियो । एड्वानको यस मानवीय कार्यले जनजनको मस्तिष्कमा पारेको छाप अमिट रुपमा अनन्तकालसम्म ताजा नै रहने छ ।

**सफलताको अर्को आयाम**

काभिड-१९ को भयंकर कहरले जनजीवन कष्टकर र तहसनहस पारेको थियो, जागिर र व्यवसाय गुमाएका हजारौं मानिसहरूले आत्महत्याको बाटो रोजेका थिए । गरिबहरू झनझन गरिबीको दुष्चक्रमा फस्दै गएका थिए र निम्न वर्गका जनता भोक, शोक र रोगले ग्रस्त भएका थिए । आर्थिक अभाव र खाद्यान्नको कमिले निम्न वर्गका मानिसहरू ठूलो आपद-विपदमा परेका थिए । जसको सहायताका लागि युएसएआईडी नेपाल (USAID/Nepal) ले अध्ययन गरी निम्न वर्गका जनतालाई सहयोग गर्नका निम्ति परियोजना आह्वान गऱ्यो, जसको लिङ्क डा. विष्णुमाया परियारले हामीलाई उपलब्ध गराईदिनुभयो र उक्त परियोजना लेखनको जिम्मेवारी आदरणीय राजकुमार त्रिखत्री र ममा आयो । हामी निकै खट्यौं, कोभिडको समय, घरमै बसेर परियोजना लेखन कार्यमा जुट्न थाल्यौं । अन्ततः अति मेहनत र समय लगाएर परियोजना लेख्ने काम सक्यौं । समय धेरै लाग्यो तर नतिजा एडवानको पक्षमा आएको त्यस क्षण सायदै भुल्न सकिएला किनकी युएसएआईडीसँग सिधै जोडिएर काम गर्ने मौका प्राप्त गर्ने

दलित तथा महिलाद्वारा नेतृत्व गरिएको पहिलो संस्था एड्वान हुन सफल भएको थियो । यस ऐतिहासिक २४ महिने परियोजनाले स्थानीय सरकारसँग एड्वानको झनै प्रगाढ सम्बन्ध विस्तार गर्‍यो । जसले १००० जना विपन्न महिला तथा किशोरीहरूलाई सीप विकास, आर्थिक उपार्जन तथा नेतृत्व क्षमता विकास गर्ने लक्ष्य लिएको छ । यस चालु परियोजना जुन २०२४ सम्म चल्ने छ ।

**सन् २०२२ मा प्राप्त अर्को सफलता**

जर्मन सरकार अन्तर्गत बीएमजेडद्वारा माग गरिएको परियोजनामा पनि एड्वानको तर्फबाट मैले सहभागी हुने मौका प्राप्त गरेँ । ३ ओटा संस्थाको साझेदारी रहने उक्त परियोजनाको सुधारिएको जीविकोपार्जनको पाटो एड्वानले गर्ने, शिक्षाको पाटो रीड नेपालले गर्ने र डिगनीटि सेन्टर ? तथा स्वास्थ्यको पाटो ग्रीन तारा नेपालले हेर्नेगरीद्विपक्षीय सम्झौता गरी परियोजना लेखियो र अगष्ट २०२२ बाट सुरु हुनेगरी परियोजना सफल पनि भयो । उक्त परियोजनाले एड्वानको कार्यक्षेत्र विस्तार गर्‍यो । यस परियोजना अन्तर्गत एड्वान रुपन्देही र पाल्पामा विस्तारित हुन सफल भयो भने केन्द्रीयस्तरमा २ ओटा चर्चित र प्रभावशाली संस्था रीड नेपाल र ग्रीनतारा नेपालसँग साँझेदारी विस्तार भयो । यस परियोजनाले पाल्पा र रुपन्देहीका स्थानीय सरकार तथा महिलाहरूसँगको सम्बन्ध पनि विस्तार गर्‍यो । यस ४ वर्षीय परियोजनाले ६०० महिला तथा किशोरीहरूलाई उद्यमी बनाउने छ ।

**मेरो अनुभवमा एड्वान**

सन् २०२२ को पूर्वाधमा पुग्दासम्म एड्वानले गर्व गर्न लायक धेरै सफलता हासिल गरेको छ । एड्वानको कार्यक्षेत्रका वडा कार्यालयहरूमा पुग्दा एड्वानले सहयोग गरेका महिलाहरू निर्वाचित वडा सदस्यको रुपमा देख्दा, अधिकांश विद्यालयहरूमा पुग्दा हातमा पुस्तक लिई विद्यार्थी भाइबहिनीहरूको भविष्य निर्माणमा तल्लीन शिक्षिकाहरूलाई देख्दा, अधिकांस स्वास्थ्य चौकीहरूमा सेता ड्रेसमा सजिदै विमारीहरूको सेवा गर्दै गरेका अहेव, अनमी, सीएमएहरूलाई देख्दा, थोरै संख्यामा भएपनि हस्पिटलमा नर्सिंग केयर, ल्याव टेक्निसिएन, रेडिएसन असिस्टेन्टमा देख्दा, न्यूनतम भएपनि कालो कोट लगाएर वकालत गर्दैगरेको देख्दा, अधिकांस पालिका वा वडाहरूमा भेटनरी तथा कृषि जेटिएको रुपमा देख्दा, वडाहरूमा प्राविधिकको रुपमा देख्दा तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयमा कालो ह्याट हावामा उडाउँदै गरेका छात्राहरूलाई देख्दा यस्तो लाग्छ, एड्वानको कार्यक्रम, सहयोग र त्यसको प्रतिफल अनि ती छात्राहरूमा आएको परिवर्तन अवश्य पनि गौरबमय छ । सबैका लागि अनुकरणीय तथा अविस्मरणीय छ ।

> **सन् २०२३ सम्मको २५ वर्षीय यात्रामा एड्वानले निकै सुधारहरू गरेको छ । तथापी समयको मागअनुसार अझै परिमार्जित हुनुपर्ने देखिन्छ । एड्वानले हालसालै ५ वर्षीय रणनीतिक योजना बनाएको छ जुन वर्तमान समयसापेक्ष रहेको छ जसमा एड्वानले अबका ५ वर्षमा गर्नुपर्ने विषयलाई समावेश गरिएको छ भने मुख्य कार्यक्रममा नयाँ आयामहरू थपिएको छ ।**

आजसम्म एड्वानले साना ठूलागरी १७ ओटा विकास साँझेदार संस्थाहरूको साझेदारीमा करिव २३ हजारभन्दा धेरै महिलाहरूको सीप विकास गरी उनीहरूलाई आत्मनिर्भरताको बाटो देखाएको छ । करुणा ट्रष्ट युके, जिएफडब्लु, बिएमजेड, युएसएआईडी जस्ता ठूला विकास साझेदार तथा द्विपक्षीय दातृ निकायहरूको सहयोग र सद्भावमा सञ्चालित परियोजनाहरूले थप १६४० महिलाहरूको सीप विकास तथा सामाजिक परिचालन तालिममार्फत सशक्तिकरण गर्दै आएको छ । शिक्षा तथा आर्थिक विकासका लागि सञ्चालित उक्त परियोजनाले गोरखा र चितवनका १,६४० भन्दा धेरै महिला तथा किशोरीहरूको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनैतिक विकासका लागि काम गर्दै आईरहेको छ भने सोह्र हजारभन्दा धेरै महिला तथा बालिकाहरूलाई स्वरोजगार बनाएको छ । एड्वानको यी सफलनाहरूमा विभिन्न समयमा अनवरत रुपमा क्रियाशील डा. विष्णुमाया परियार, कार्यरत सम्पूर्ण कर्मचारीहरू, विभिन्न समयका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको महत्वपूर्ण योगदान रहेको छ । उहाँहरू सबैजना विशेष धन्यवाद र प्रशंसा अनि सम्मानका पात्र बन्नुभएको छ ।

**एड्वान र अवको बाटो**

सन् २०२३ सम्मको २५ वर्षीय यात्रामा एड्वानले निकै सुधारहरू गरेको छ । तथापी समयको मागअनुसार अझै परिमार्जित हुनुपर्ने देखिन्छ । एड्वानले हालसालै ५ वर्षीय रणनीतिक योजना बनाएको छ जुन वर्तमान समयसापेक्ष रहेको छ जसमा एड्वानले अबका ५ वर्षमा गर्नुपर्ने विषयलाई समावेश गरिएको छ भने मुख्य कार्यक्रममा नयाँ आयामहरू थपिएको छ । यस ५ वर्षीय रणनीतिक योजनाले समेटेका विषयहरूलाई परिपूर्ति गर्नका लागि एड्वानले नयाँ कार्ययोजना तयार गर्नुपर्ने देखिन्छ जसमा सशक्त कार्यसमिति, अनुभवी कार्यकारी निर्देशक, अनुभवी तथा क्रियाशील कर्मचारी, परियोजना लेखन टीम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा जोड दिनुपर्ने देखिन्छ ।

अन्तमा, एड्वान २५ वर्षको गंगासागर सफलतापुर्वक तरेको यस शुभ अवसरमा संस्थाका परिकल्पनाकारहरूलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दै सुरुवातको उद्देश्यमा विचलित नभईकन बदलिँदो परिवेश र आवश्यकता अनुसार परिमार्जित गर्दै एड्वान र यससँग सम्बन्धित सबैले ठोस कार्य गर्न सकौं,सबैलाई शुभकामना ।

*एड्वानमा कार्यकारी निर्देशकसमेत रहीसकेका परियार बीस वर्षदेखि निरन्तर कार्यरत हुनुहुन्छ ।*

विचार

# एड्वानः दलित तथा महिलाको आशाको दियो



धनबहादुर मिजार

**एड्वानले स्थापनाकालदेखि दलित, दलित महिला र सीमान्तकृत तथा जोखिममा परेका महिला तथा किशोरीहरूलाई गरेको कामका आधारमा यस संस्थालाई "दलित तथा महिलाको आशाको दियो" को संज्ञा दिन सकिन्छ । यसले ग्रामिण, गरिबी र अशिक्षा तथा विभेदै विभेदले कुरूप भएको समाजमा थोरै भएपनि आशाको किरण भरेको छ, अँधेरी रातमा दियोको प्रकाशझै उज्यालो छरेको छ ।**

एड्वान भनेको "नेपाल दलित महिला उत्थान संघ" हो, जसको अंग्रेजी नाम Association for Dalit Women's Advancement of Nepal (ADWAN) रहेको छ । वि.सं. २०५५ (इ.सं. १९९८) मा डा. विष्णुमाया परियारको सक्रियता र अगुवाइमा युवा तथा ऊर्जाशील महिलाहरूको सहभागितामा स्थापना भएको एड्वानले आफ्नो स्थापनाकालदेखि नै दलित, दलित महिला तथा अन्य सीमान्तकृत एवं जोखिममा रहेका महिला तथा किशोरीहरूको शैक्षिक तथा आर्थिक उन्नयन र जनचेतना अभिवृद्धिको लागि विविध क्रियाकलापहरू गर्दै आएको छ । एड्वानले धेरथोर राष्ट्रियस्तरमा नीतिगत तथा कानूनी पैरवी समेत गर्दै आएको छ भने भएका कानून तथा नीतिहरूको कार्यान्वयन कमजोर हुँदासमेत सोको प्रभावकारी कार्यान्वयनको लागि राज्यपक्ष वा सरकारलाई झकझक्याउँदै आएको छ । एड्वानले स्थापनाकालदेखि दलित, दलित महिला र सीमान्तकृत तथा जोखिममा परेका महिला तथा किशोरीहरूलाई गरेको भलाइको कामका आधारमा यस संस्थालाई "दलित तथा महिलाको आशाको दियो" को संज्ञा दिन सकिन्छ । यसले ग्रामिण, गरिबी र अशिक्षा तथा विभेदै विभेदले कुरुप भएको समाजमा थोरै भएपनि आशाको किरण भरेको छ, अँधेरी रातमा दियोको प्रकाशझै उज्यालो प्रकाश छरेको छ, महत्वपूर्ण योगदान यसले गरेको छ ।

**दार्शनिकहरूको नजरमा समाज परिवर्तनको प्रक्रिया**

'आजसम्मको मानव समाजको इतिहास भनेको वर्ग संघर्षको इतिहास हो' जर्मन दार्शनिक कार्ल मार्क्स भन्छन्, 'समाजमा वर्गहरू छन्-हुने खाने र हुँदा खाने ।' उनको तर्क छ, हुने खाने (सामन्त) वर्गले हुँदा खाने (सर्वहारा) वर्ग जो निर्धन, गरिव, निमुखा छन्, जो श्रमिक वर्ग छ, उसलाई सधैं थिचोमिचो, शोषण र दमन गरिरहन्छ । त्यसकै जगमा हुनेखानेहरूका विरुद्ध हुँदाखानेहरू एकजुट भई संघर्ष गर्छन् र त्यसले उनीहरूको वर्चश्वलाई खत्तम पारिदिन्छ । औद्योगिक पुँजीवादी समाजमा सत्ता उसकै सेरोफेरोमा घुम्छ र नियम कानूनहरू उनीहरूकै अनुकुल बन्छन् । श्रमिक वा हुँदा खाने वर्गलाई सामन्ती पुजीँपती सत्ताले झनै शोषण, उत्पीडन र दमन गर्छ । त्यही उत्पीडनको पीडामा छट्पटिँदै श्रमिकहरूको एकता हुने र उक्त एकतावद्ध संघर्षले समाज रुपान्तरणमा टेवा दिने मार्क्सको ठम्याइ छ । वास्तवमा विपरितहरूको एकता, संघर्ष र रुपान्तरणको प्रक्रियाले पुँजीवादी सत्ताको जग हल्लाईदिन्छ, उखेलिदिन्छ र हुँदा खानेहरूको शासन सत्ता हातमा आउँछ भन्ने मार्क्सको मूल तर्क छ ।

त्यस्तै इटालीका दार्शनिक एन्टोनियो ग्राम्स्कीले पहिलोचोटी 'सबाल्टर्न' शब्दको प्रतिपादन गर्दै औपनिवेशिकताको चंगुलमा परेका सीमान्तकृत तथा वञ्चितिमा परेका मानिसहरूलाई समेट्न खोजे । उनले प्रभुत्व र सांस्कृतिक प्रभुत्व (कल्चरल हेजीमोनी) को अवधारणालाई जवरजस्त स्थापित गरिदिए जसले जुन संस्थाहरू आर्थिक, राजनीतिक र सामाजिक रुपमा प्रभुत्वशाली छन्, तिनले आफ्नो प्रभुत्वको बलमा केही विशिष्टिकृत खास कमजोर समूहको मानिसहरूलाई समाजका प्रभावशाली अवएवहरूको पहुँचबाट बहिष्कृत गरिदिन्छ, विस्थापित गरिदिन्छ । जो सीमान्तकृत तथा उत्पीडित समुदाय छ, उनीहरूको निकाय (एजेन्सी) लाई अस्वीकार गर्दै प्रभुत्वशाली वर्गले आफ्नो प्रभुत्वमा अरुलाई राखीराख्न चाहन्छन्, अन्ततः तिनको विरुद्ध पनि बहस र छलफलका माध्यमबाट शान्तिपूर्ण चिरफार

हुने र आवश्यकता परे विद्रोह समेत भई समाज परिवर्तन हुने उनको तर्क छ ।

त्यस्तै भारतीय संविधान निर्माता डा. भीमराव अम्बेडकरले दलित समुदायलाई 'शिक्षित बन, संगठित होऊ र संघर्ष गर' भनेका छन् । ऐतिहासिक रुपमा उत्पीडन, विभेद र छुवाछूतको अमानवीय भुङ्ग्रोमा पारिएका दलितहरूले शिक्षा आर्जन गर्दै संगठित भई एकीकृत संघर्ष अघि बढाएमात्र दलित समुदाको मुक्ति हुने उनको तर्क छ । संविधान निर्माणका क्रममा महात्मा गान्धीसँग धेरैचोटी वार्ता र अन्तरवार्ता गरेपनि भारतीय संविधानमा दलित शब्द उल्लेख गर्न असमर्थ भएको अनुभव बटुलेका उनले पछि हिन्दू धर्मको परित्याग गरी सामूहिक रुपमा बुद्ध धर्ममा प्रवेश गरे । केहीले उनको यो कर्मको पक्षमा र केहीले विपक्षमा धारणाहरू राखीरहेका छन् । तर धर्म परिवर्तन उनको त्यो शान्तिपूर्ण विद्रोह थियो भन्न करै लाग्छ ।

माथि उल्लेख गरिएका दार्शनिकहरूको समाज परिवर्तनको लागि आ-आफ्नो क्रान्तिकारी र केही नरम विचार र कर्महरू होलान् । नेपालको हकमा भन्दा, संविधानमा दलित र महिलाको हक क्रमशः धारा ४० र ३८ मा राखिएपनि, छुवाछूतविरुद्धको हक धारा २४ मा मौलिक हकमा राखिएपनि दलित र महिलामाथिको विभेद र बञ्चितिकरण निमिट्यान्न भइसकेको छैन । सबैभन्दा पीँधमा पारिएका वर्ग समुदाय कोही छ भने त्यो, मधेशी दलित महिला हुन्, त्यसपछि दलित महिला अनि दलित । त्यसपछि आदिवासी जनजाति महिला र आदिवासी जनजाति, पछि खसआर्य महिला अनि खसआर्य पुरुष । समाजको सबैभन्दा माथि रहेको सेवा, सुविधा, पहुँच सबै भएको खस आर्य पुरुष र सबैभन्दा पिँधमा पारिएका मधेशी दलित महिलाको पीडा आकासपातालको फरक छ । त्यस्तै खसआर्य पुरुषको पीडाभन्दा दलित पुरुषको पीडा गम्भीर छ ।

वर्णवादी समाजको विभेदकारी संरचनाको जाँतोमा पिल्साइएका दलित समुदाय जो ऐतिहासिक कालखण्डदेखि विभेद र बहिष्करणमा पारिएका छन्, तिनको पनि मुहारमा मुस्कान ल्याउने काम गर्नुपर्नेछ । हजारौं वर्षदेखि पितृसत्ताको जाँतोमा पिल्सिएका महिलाहरूको दुःखको घाउमा मल्हमपट्टी लगाउनुपर्नेछ । माथिका दार्शनिकहरूकै समाज विज्ञानको व्याख्यान अनुसार क्रान्तिकारी परिवर्तन गर्नेगरी अभियान तथा गतिविधिहरू गर्न नसकेता पनि धिमा गतिमा भएपनि यो देशका दलित महिला, दलित तथा सीमान्तकृत महिला एवं किशोरीहरूको मुहारमा थोरै भएपनि मुस्कान ल्याउने कार्यमा एड्वान तल्लीन छ । खासमा एड्वान आम उत्पीडित महिला, दुःखी, विपन्न दलित तथा सीमान्तकृत समुदायको पीडामा, चर्याइरेहेको घाउमा थोरै भएपनि मल्हमपट्टी लगाउनको लागि एड्वानको स्थापना भएको बुझ्न कुनै कठिनाइ छैन ।

**(क) एड्वान र जनसांख्यिकिक पृष्ठभूमी**

एड्वानले अरु संघसंस्थाले जस्तै जनसंख्याको सबै हिस्सालाई समेट्न सक्दैन । तर यति भन्न सकिन्छ कि एड्वान त्यस्तो संस्था हो, जसले प्राप्त स्रोतहरूको अधिकतम उपयोग गरी उच्च प्रभावकारी र पारदर्शी ढंगबाट काम गरेको छ । वि.सं. २०७८ सालको जनगणना अनुसार नेपालमा दलितको जनसंख्या न्यूनतम रुपमा पनि ४१ लाख ३४ हजार ५ सय ८४ जना अर्थात कूल जनसंख्याको १४.१८ प्रतिशत रहेकोमा महिलाको जनसंख्या झण्डै ५१ प्रतिशत छ । वि.सं. २०६८ सालको जनगणनाले देखाएको १३.८ प्रतिशतमा २०७८ को जनगणनामा दलितको जनसंख्या ०.३८ प्रतिशतले वृद्धि भएको छ । कूल २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ मध्ये ५१.१ प्रतिशत महिला छन् । यो तथ्याङ्कले पनि दलित समुदायमा थर ढाँट्न नहुने चेतना आएको देखिन्छ, यसमा एड्वानको समेत महत्वपूर्ण भूमिका रहेको छ भन्नुमा अतिसयोक्ति नहोला । त्यस्तै आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक, राजनीतिकलगायत समाजको हरेक क्षेत्रबाट पछाडि पारिएका दलित तथा सीमान्तकृत एवं जोखिममा रहेका महिलाहरूको उत्थानका लागि अभियान र क्रियाकलापहरू सञ्चालन गर्नु सामान्य कुरा छैन । यही असामान्य कामकुरोलाई सामान्य बनाउनको लागि एड्वान अहोरात्र खटिरहेको छ । यसमा साथ दिएका छन् एड्वानले गठन गरी परिचालन गरेको सयौं महिला समूहहरूले ।

**(ख) मुख्य गतिविधि तथा हस्तक्षेप**

एड्वानले स्थापनाकालदेखि हालसम्म शिक्षा, जीविकोपार्जन, स्वास्थ्य, अधिकारको पैरवीलगायत कार्यहरू स्थानीयदेखि राष्ट्रिय स्तरसम्म गर्दै आएको छ । मूलतः एड्वानले फ्रेन्ड्स अफ एड्वान (फ्यान) अमेरिकासँगको, करुना ट्रष्ट बेलायत आदि विकास साझेदार तथा दातृ निकायको सहयोग तथा सहकार्यमा शिक्षाको क्षेत्रमा विभिन्न किशोरीहरूलाई छात्रवृत्ति प्रदान गर्ने, विद्यालय पोशाक वितरण गर्ने, पुस्तक तथा स्टेशनरी सहयोग गर्ने जस्ता कार्यहरू गर्दै आएको छ । त्यसबाट हजारौं छात्राहरू लाभान्वित भएका छन् । त्यसैगरी, जीविकोपार्जनको क्षेत्रमा पनि सीमान्तकृत तथा जोखिमपूर्ण जीवनयापन गरिरहेका दलित, महिला तथा किशोरीहरूलाई समूहमा संगठित गरी विभिन्न प्रकारका मौसमी तथा बेमौसमी तरकारी खेती, कोषेबाली, मसलाजन्य बाली, पशुपन्छी पालन सम्बन्धी तालिम, च्याउखेती तालिम आदि प्रदान गर्दै आएको छ । हालसम्म विभिन्न परियोजनामा गरी १० हजारभन्दा बढि दलित, महिला तथा किशोरीहरूले कृषि र पशुपन्छी पालन सम्बन्धी प्राविधिक तालिम प्राप्त गरिसकेका छन् भने २ हजार जनाभन्दा बढिको नेतृत्व विकास पनि भइसकेको छ । जसले गर्दा एड्वानले तालिम दिएका सीमान्तकृत महिलाहरू सहकारीमा आवद्ध भई व्यावसाय गर्दै आएका छन् ।

त्यसैगरी, पैरवीको क्षेत्रमा एकातिर दलित तथा महिलाको लागि बनेका नीति नियम तथा कानूनको प्रभावकारी कार्यान्वयनमा यसले जोड दिँदै आएको छ अर्कातिर कतिपय नीति तथा संवैधानिक कानूनी प्रावधानहरूलाई दलित तथा महिला मैत्री बनाउने भूमिकामा समेत आफूलाई अग्रसर गराउँदै आएको छ । त्यसैगरी जातीय भेदभाव र छुवाछूतजन्य अपराधका घटनाहरूमा समेत एड्वानले सक्दो प्रतिवाद गर्दै दलित तथा महिलाका विभिन्न समान उद्देश्य राखेका संस्थाहरूसँगको समन्वय र सहकार्यमा पीडितलाई न्याय र पीडकलाई हदैसम्मको कानूनी कारबाहीको लागि जोड गर्दै आएको छ । त्यस्तै एड्वानले शिक्षाको क्षेत्रमा पनि महत्वपूर्ण योगदान गर्दै आएको छ । दलित, महिला तथा विपन्न समुदायका बालिका तथा किशोरीहरूको शिक्षाको ज्योतिबाट वञ्चित हुन नपरोस भन्ने हेतुले विभिन्न प्रकारका छात्रवृत्ति समेत प्रदान गर्ने गरेको छ । जसबाट सयौं विद्यार्थीहरू लाभान्वित भएका छन् ।

नेपाल दलित महिला उत्थान संघ भनेर नाममा दलित महिला मात्रैको लागि हो कि भन्ने भएपनि यसले आफ्ना लाभान्वित

वर्गमा गैरदलित महिलाहरूः जस्तो आदिवासी जनजाति, सोभित्रका चेपाङ, बराम, चौधरी, कुमाल तथा खसआर्य सबैलाई समेटेको छ । 'जातीय विभेदको अन्त्यका दलित र गैरदलित दुबै' र 'लैंगिक हिंसाको अन्त्य गर्न पनि महिला र पुरुष दुबै' लाई सँगै लानुपर्छ भन्ने कुरामा एड्वान सचेत मात्र छैन, विश्वस्त पनि छ। अतः एड्वानले गर्ने गतिविधिहरूमा अधिकांश महिला तथा किशोरीहरू गैरदलित समुदायका खासगरी आदिवासी जनजाति र खसआर्य समुदायका छन् । यसले गर्दा 'एड्वान दलित र दलित महिलाको मात्र संस्था होइन रहेछ' भन्ने आभाष दिलाउन सफल छ, त्यो इतिहास पनि एड्वानको एउटा सशक्त पुँजी हो ।

### (ग) २५ वर्षका मूलभूत घटना तथा उपलब्धिहरू

**अ) उपलब्धि**

एड्वानले आफ्नो स्थापनाकालदेखि राजधानी र गोरखालगायत जिल्लाहरूमा काम गर्ने शिलशिलामा शिक्षा, पुनरुत्थान, जीविकोपार्जन आदिमा सेवामुखी कामहरू गर्दै आएको छ । एड्वानले हालसम्म २३ हजारभन्दा बढि दलित तथा विपन्न एवं सीमान्तकृत महिलाहरूको आर्यआर्जनको वातावरण बनाई जीविकोपार्जनलाई दीगो बनाउन पहलकदमी लिएको छ । त्यस्तै २ हजारभन्दा बढि बालिका तथा किशोरी एवं उच्च शिक्षा लिने महिलाहरूलाई छात्रावृत्ति प्रदान गरेको छ। जसबाट प्राथमिकदेखि उच्च शिक्षासम्म अध्ययन गर्ने वातावरणको सृजना भएको छ । जसलाई संस्थाको एकल उपलब्धिको रुपमा लिन सकिन्छ । एड्वानले भूकम्पपछि गोरखामा दर्जनौं घरहरू बनाइदिएर विपन्न तथा सीमान्तकृत घरपरिवारको बासस्थानको व्यवस्था गरिदिएको छ । साथै पछिल्लो चरण अर्थात सन् २०२२ देखि यता अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) सँग प्रत्यक्ष साझेदारी गरी 'युएसएआईडी स्थानीय कार्यः गोरखा र चितवन' परियोजना कार्यान्वयनमा ल्याएको छ।

नेपालको विकासे संघसंस्थाहरूः खासगरी दलित संघसंस्थाहरू मध्ये युएसएआईडीको प्रत्यक्ष साझेदारीमा सहायता पाई कार्यक्रम/परियोजना कार्यान्वयन गर्ने एड्वान पहिलो संस्था बनेको छ । यसबाट गोरखा र चितवनको क्रमशः शहिद लखन, गण्डकी गाउँपलिका र भरतपुर महानगरपालिका तथा रत्ननगर नगरपालिकाको कूल २८ वटा वडाका १ हजार सीमान्तकृत तथा जोखिममा रहेका महिलाहरूलाई कृषि र गैर-कृषि सम्बन्धी प्राविधिक तथा व्यावसायिक सीपसहितको तालिम प्रदान गरी उनीहरूको जीविकोपार्जन उत्थानशील बनाउने र उनीहरूलाई नेतृत्व विकास तालिम समेत दिई स्थानीय स्रोत साधनमा सीमान्तकृत तथा जोखिममा रहेका महिलाको समेत पहुँच स्थापित गर्ने; उनीहरूमा स्थानीय स्रोत, साधनप्रतिको चासो जागृत गर्नुका साथै भविष्यमा मूलतः जनप्रतिनिधिको रुपमा वा समाजका विभिन्न अवएवहरूः विद्यालय व्यवस्थापन समिति, टोल विकास समिति, खानेपानी उपभोक्ता समिति, वन समितिलगायतका विविध समितिहरूमा नेतृत्वमा स्थापित हुने वातावरण बनाउने ध्येय राखेको छ।

यसबाट हालसम्म ८ सय ३८ जनाले जीविकोपार्जन सम्बन्धी तालिम लिइ सीप हासिल गरिसकेका छन् भने ४ सय जनाले रुपान्तरणकारी सामाजिक परिचालन अर्थात नेतृत्व विकास तालिम लिई कूल ४१ समूहले तालिममा लिएको प्राविधिक ज्ञान, सीपको आधारमा सम्बन्धित वा केही मात्रामा वैकल्पिक खेतीपाती वा पशुपन्छीपालन समेत गरी लाखौं आम्दानी गरिरहेका छन् । विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका महिलाहरूको लागि प्रदान गरिएका तालिमहरू सारभूत रुपमा असाध्यै फलदायी भएका छन्, उनीहरूका लागि एड्वान नयाँ आशा र भरोषाको दियो बनेको छ। यस उपलब्धिलाई साझेदार संस्थाबाहेक नेपालको नागरिक समाज संस्थाहरू मध्येको एड्वानको एकल उपलब्धि हो ।

**आ) अधिकारमुखी र साझा उपलब्धि**

पच्चीस वर्षमा अन्य संघसंस्थाहरूले जस्तै एड्वानले पनि राज्यपक्ष र विद्रोही जनयुद्धरत माओवादी पक्षबीचको सशस्त्र द्वन्द्वको केही बाछिटाहरू सामना गर्नुपऱ्यो । सोही अवधिमा वि.सं. २०५८ साल जेष्ठ १८ गते राति राजा वीरेन्द्रको परिवारको वंशनास भएको हृदयविदारक घटनाको बोध गर्नुपऱ्यो । त्यसपछि राजा भएका ज्ञानेन्द्रको संसद विघटन, मन्त्रीपरिषदको अध्यक्ष भएर कार्यकारी शासन आफ्नो हातमा लिएको इतिहासको साक्षी पनि भयो । तत्कालिन सात राजनीतिक दल र माओवादीबीच दिल्लीमा भएको १२ बुँदे सम्झौताको साक्षी हुँदै २०६२/६३ को उन्नाइस दिने ऐतिहासिक दोस्रो जनआन्दोलनसम्म आइपुग्दा उत्पीडन र राजाको निरंकुशताविरुद्ध आफैं आन्दोलनमा होमिने स्थिति बन्यो ।

त्यसपछि मंसिर ५, २०६३ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भएको परिघटनाको साक्षात्कार गरेको एड्वानले वि.सं. २०६३ मा लक्ष्मण अर्याल नेतृत्वको आयोगमार्फत ल्याइएको नेपालको अन्तरिम संविधानको स्वागत गऱ्यो, जसमा धारा २१ मा छुवाछूत र भेदभावविरुद्धको हक मौलिक हकको रुपमा संवैधानिक इतिहासमै पहिलोपटक राख्ने उपलब्धिको पनि थेरथोर हिस्सेदारी ग्रहण गर्नेस्तरमा पुग्यो । यसरी हेर्दा एड्वानले छुवाछूत र जातीय भेदभाव (कसूर र सजायँ) ऐन, २०६८ (संशोधितः सबैखाले छुवाछूत उन्मूलन सम्बन्धी ऐन, २०७४) जारी गर्न, नेपालको संविधान (२०७२) निर्माण गर्न एड्वानको समेत झिनै भएपनि योगदान रहेको छ । ३०८ धारा, तीमध्ये ३१ वटा मौलिक हक, त्यसमा पनि धारा १८ समानताको हक, धारा २४ छुवाछूतविरुद्धको हक, धारा ३८ महिलाको हक, धारा ४० दलितको हकलगायत समेटिएको संविधानको ३५ भाग, ९ अनुसूची रहेका छन् ।

उक्त संविधान भनेजस्तो दलित तथा महिलामैत्री नभएपनि विगतका ६ वटा अन्य संविधानहरूभन्दा प्रगतिशील छ । संविधानकै व्यवस्थाअनुसार राष्ट्रिय सभामा ५९ मध्ये ७ जना दलित, २७५ मध्ये समानुपातिक ११० मा १५ जना दलित प्रतिनिधिसभा सदस्य, कूल ५५० सदस्यीय सातवटा प्रदेशसभाको ४० प्रतिशतले २२० मा पनि सम्बन्धित प्रदेशमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु र स्थानीय तहमा ७५३ वटै स्थानीय तहमा एउटै पार्टीबाट उम्मेद्वार बनाउँदा अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुखमा फरक लिङ्गको बनाउनुपर्ने व्यवस्था र ६७४३ वडाहरूमा ४० प्रतिशत महिला सहभागिता र २० प्रतिशत दलित महिला सहभागिताको सुनिश्चितता हुनुलाई पनि एड्वानले दलित तथा महिलाका सवालमा भएको उपलब्धिको रुपमा लिएको छ । यी उपलब्धिलाई कसैले वा कुनै एक व्यक्ति वा संस्थाले एकल रुपमा भएको उपलब्धि भन्दा पनि सामूहिक प्रयास र

पहलमा भएको उपलब्धिको रुपमा लिन सकिन्छ । यसलाई यड्वानले अन्य दलित नागरिक समाजसँगको सहकार्यमा सरकार, संविधानसभा तथा सदनका विभिन्न संयन्त्र र पदाधिकारीहरू समक्ष राखिएका मागहरू, पेश गरिएका सुझाव, अवधारणापत्र तथा संयुक्त ज्ञापन-पत्र, सक्रिय रुपमा गरिएका तथा सरिक भएका जुलुस-धर्ना तथा विविध दवावमूलक अभियान तथा आन्दोलन मार्फत समेत हासिल भएको उपलब्धिको रुपमा लिएको छ ।

**इ) संरचनागत उपलब्धि/अवनति**

संरचनागत उन्नति अवनतिको रुपमा नेपालमा वि.सं. २०५८ सालमा उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति गठन भएको थियो भने वि.सं. २०६८ मा बादी समुदाय उत्थान विकास समिति गठन भएको थियो । त्यसैगरी, वि.सं. २०५८ सालमा मन्त्रिपरिषदको गठन आदेशका आधारमा राष्ट्रिय दलित आयोगको गठन भएकोमा वि.सं. २०७२ को नेपालको संविधानले यसलाई अन्य आयोगको रुपमा संवैधानिक आयोग बनाएको छ । जसलाई संविधानको धारा २५५ र २५६ अन्तर्गत व्यवस्थित गरिएको छ । यी उपलब्धि पनि एड्वानसहित दलित नागरिक समाज संस्थाहरूको साझा उपलब्धि हुन् । तर जुन उद्देश्य लिएर दलित विकास समिति, वादी विकास समिति गठन भएको थियो, त्यसलाई अहिले खारेज नगरिए पनि बजेट पुरै कटौती गरी कोमामा पुर्‍याएको स्थिति छ । जुन दुःखद् छ । दलितको शिक्षा र सीप विकास, जनचेतनासमेतको विशिष्टिकृत कार्यका लागि केन्द्रीय स्तरको एक विशेष समिति यसलाई यथेष्ट बजेट विनियोजन गरी दलित विकास परिषद वा प्राधिकरण बनाउनुपर्ने एड्वानलगायत दलित संघसंस्थाहरूको माग रहीआएकोमा झनै विकास समितिलाई समेत निकम्मा बनाउने नियत कुनैपनि अर्थमा जायज मान्न सकिँदैन । यस्ता निकायहरूमा यथेष्ट बजेट विनियोजन गरी चलायमान गराउँदा राज्यप्रति दलित समुदायको अपनत्व बोध भई भविष्यमा द्वन्द्व निवारणका लागि समेत टेवा पुग्दछ ।

**(घ) दलित र महिलाको एड्वानप्रतिको आशा**

एड्वान दलित महिलाको नामबाट भएपनि यसले दलित र दलित महिलाको लागि मात्र काम गर्दैन । बरु यसले सीमान्तकृत तथा जोखिममा रहेका आम महिलाको भलाई, शैक्षिक तथा आर्थिक सशक्तिकरणमा समेत काम गर्दै आएको छ । यसले गर्दा दलित तथा आम महिलाहरूको एड्वानप्रति ठूलो आशा र भरोषा रहेको छ । एड्वानले जीविकोपार्जनमार्फत आफ्नो कार्य क्षेत्रको सयौं महिला समूहहरू र तिनका सदस्यहरूको आर्थिक सशक्तिकरण, बालिका, किशोरी तथा युवा छात्राहरूको शैक्षिक सशक्तिकरण समेत गर्दै आएको छ । एड्वानलाई महिला तथा दलितले अहिलेको कामहरूलाई निरन्तर र विस्तार गर्नुका साथै केन्द्रीय, प्रदेश र स्थानीय तहको सरकारसमक्ष पैरवी गरी अधिकार र नीति निर्माणको क्षेत्रमा थप योगदान गरोस् भन्ने आशा र अपेक्षा गरेका छन् । यसै आशा र अपेक्षा पुरा गर्नेगरी एड्वान क्रियाशिल छ ।

**(ङ) आगामी कार्यदिशा**

अ) समन्वय, सहकार्य र निरन्तर डिस्कोर्ष

नेपालको दलित तथा महिला वा भनौं मार्क्सको भाषामा हुँदा खाने सर्वहारा वर्गका सीमान्तकृत समुदायको आन्दोलनको मूल प्रश्न समन्वय, सहकार्य अनि निरन्तर डिस्कोर्षको हो । अहिलेपनि हुँदै नभएको होइन, तर जति हुनुपर्ने हो, पर्याप्त छैन भन्ने नै निष्कर्ष छ । अतः नेपालका मूलधारका दलित तथा गैरदलित नागरिक समाजका संस्थाहरूले दलित, महिला तथा सीमान्तकृत समुदायको थप अधिकार प्राप्तिका लागि गर्नुपर्ने नीतिगत तथा कानूनी सुधारका सवालमा एकीकृत बहस (डिस्कोर्ष), पैरवी र दवावमूलक क्रियाकलाप, अभियान आदि गर्न जरुरी छ, सोका लागि नागरिक समाज संस्थाहरूबीच पर्याप्त समन्वय र सहकार्य गर्न जरुरी छ । त्यस्तो समन्वय र सहकार्यको लागि अवको दिनमा एड्वानले सहजीकरण र नेतृत्व गर्न आवश्यक छ । समन्वय र सहकार्यको संस्कार र संस्कृतिको विकास गर्दै अव थप अधिकारको लागि उत्पीडित र सीमान्तकृत समुदायको हकाधिकारको लागि काम गर्ने भन्ने संस्थाहरूले एकढिक्का भई अभियानात्मक गतिविधिहरू सञ्चालन गर्नु आवश्यक छ ।

**आ) गुणस्तरीय तथा समावेशी शिक्षा एवं स्व/रोजगारीको प्रवर्द्धन**

दलित, महिला तथा सीमान्तकृत समुदायको समग्र विकासका लागि शिक्षा प्रमुख अवयब हो । त्यसका लागि एड्वानले गुणस्तरीय तथा समावेशी शिक्षाको सुदृढिकरणमा अभियानात्मक क्रियाकलापहरू गर्नुपर्ने आवश्यकता छ । जसले गर्दा वर्षेनी लाखौंको संख्यामा विदेशिन बाध्य युवा जनशक्तिलाई रोजगार र स्वरोजगार बनाउन मद्धत पुग्नेछ । सोका लागि एड्वानले नागरिक संस्थाहरूसँगको समन्वय र सहकार्यलाई बढावा गर्दै शिक्षा सम्बन्धी विभिन्न निकायहरू, स्थानीय तह, संघीय तथा प्रादेशिक शिक्षा सम्बन्धी नीति तथा कानूनहरूको परीमार्जनको लागि समेत पहल गर्न जरुरी देखिन्छ ।

**इ) दलित तथा महिलामैत्री संविधान र कानूनको प्रभावकारी कार्यान्वयन**

एड्वानले आगामी दिनमा दलित तथा महिलामैत्री संविधान र कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध पक्ष, संयन्त्र र निकायहरूलाई थप जिम्मेवार बनाउन पहल गर्नुपर्नेछ । विशेषगरी संविधानको मौलिक हकहरू धारा १८, धारा २४, धारा ३८ र धारा ४० को प्रभावकारी रुपमा कार्यान्वयनको लागि पहल गर्नुपर्दछ । साथै संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन, संघीय शिक्षा ऐन, सबै खाले छुवाछूत र जातीय भेदभाव उन्मूलन सम्बन्धी ऐन, आवासको हकलाई कार्यान्वयन गर्ने ऐनलगायत ऐनहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्नेछ । साथै दलित विकास समिति र वादी विकास समितिलाई पर्याप्त बजेट विनियोजन गर्न यथोचित वातावरण सृजनाको लागि श्रृङ्खलावद्ध अन्तरक्रिया, पूर्व बजेट छलफल चलाउनुपर्नेछ । संघीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, प्रधानमन्त्री कार्यालयमा भेटघाट बढाउनु राम्रो हुन्छ । त्यसैगरी राष्ट्रिय दलित आयोगलाई प्रत्येक वर्ष यथेष्ट बजेट विनियोजन गराई दलितको सवालमा देशव्यापी अध्ययन, अनुसन्धान; र विभेदविरुद्ध अनुगमन र सत्यतथ्य पहिचान गरी पीडकलाई यथोचित कानूनी दायरामा ल्याउने कार्य गर्ने वातावरण सृजना गर्नुपर्दछ ।

**ई) दलित तथा महिला युवालाई निजी क्षेत्रमा समेत समावेशीता**

एड्वानले समान उद्देश्य भएका अन्य संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी कम्तिमा २० जना वा सोभन्दा बढि कर्मचारी नियुक्त गर्ने कुनै पनि कम्पनि, विद्यालय,

कलेज, विश्वविद्यालय, सहकारी, बैंक तथा वित्तीय संस्था, होटलहरू, अस्पताल, मिडिया हाउस-टेलीभिजन, छापाखाना, प्रकाशन गृह, कृषि फर्म, औषधि व्यवसायी कम्पनि, निर्माण कम्पनि, विद्युत कम्पनि, गार्मेन्ट उद्योग, मार्ट तथा सुपरमार्केटहरू, सामाजिक तथा निजी क्षेत्रका संघसंस्था, यातायात तथा पर्यटन सँग सम्बन्धित समिति, हवाई कम्पनि, सुरक्षा प्रदायक कम्पनि लगायत कुनैपनि निजी क्षेत्रका कम्पनि तथा निजी एवं सामाजिक संघसंस्थामा रोजगारीका अवसरमा समावेशीता अपनाउनको लागि एड्वानले पहलकदमी लिई नेपाल कानून आयोग, उद्योग तथा वाणिज्य मन्त्रालय, यातायात व्यवस्था मन्त्रालय, पर्यटन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा ज्ञापन-पत्र, ध्यानाकर्षण-पत्र, दबाव-पत्र पेश गर्न सक्छ । जसले गर्दा नीतिगत र कानूनी रुपमै समावेशीता लागू भई दलित तथा सीमान्त महिलाको रोजगारीको हक सुरक्षित भई विभेद न्यूनीकरणमा समेत टेवा पुग्छ । त्यसैगरी यहाँ कुनै न कुनै काम गर्न पाएपछि २/४ वर्षमा दक्ष भई विदेशै जाँदा पनि केही न केही राम्रो गर्न सक्छ, प्रगति हुन सक्छ । जसले गर्दा एड्वानलाई अहिले दलित तथा महिलाहरूले आशाको दियोको रुपमा लिएकोमा थप भरोषाको केन्द्रको रुप ग्रहण गर्नेछन् । जसले अन्ततः संस्था र समुदाय सबैको भलाई गर्नेछ ।

*पत्रकारिता पृष्ठभूमीका लेखक मिजार एड्वानले अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको सहयोगमा सञ्चालन गर्दै आएको (२०२२-२४) युएसएआईडी स्थानीय कार्यः गोरखा र चितवन परियोजनाको परियोजना प्रबन्धक हुनुहन्छ ।*

## तस्वीरमा एड्वान










THOUGHT

# Emergence of ADWAN for Women Empowerment



Bimala K. Das

**What's Empowerment?**

Women's empowerment refers to the process of enabling women to have greater control over their lives and to be able to make their own decisions. This can include empowering women to participate fully in the economy and in the political process, as well as empowering them to make decisions about their own health and well-being.

**Feminist movement and empowerment**

The concept of empowerment was embedded in many historic struggles for social justice. Broadly, it came up with early capitalism and movements against caste and gender oppression--called the redistribution of power and access to knowledge in this structured forms of social stratification. "Women's empowerment" explicitly emerged by the women's movement throughout the world during the 1980s when the feminists, particularly the Third World in prevailing development models were growing discontent with the largely apolitical, economistic paradigm shift of 'WID' (Women in Development), WAD (Women and Development) GAD ( Gender and Development) models in prevailing development interventions. Another, a grounded reality was that community development approach in the realm of top down, paternalistic framework of society, ignored gender and the subordination of women.

Feminists in the later years interacted in terms of women's empowerment owing to the popular education, liberation theology based on conscientization approach of Paulo Frère, a philosopher and educator of 20th century who hashighlighted learning through dialogue, reflection and action. It was the period of growing interaction between feminism and the concept and practice of social education, based on 'Conscientization" approach developed by Paulo Freire with the ground of Marxist Critical Theory aimed at interrogating the structural oppression and discrimination. Later, the rediscovery of Antonio Gramsci's "Subaltern" and the hegemonic role of dominant ideologies, the emergence of social construction theory, and post-colonial theory were also important influences on emerging social movements and activists at that time. The interplay of these powerful new discourses led by the mid-eighties, to the spread of "Women's empowerment" as a more political and transformative idea for struggles that challenged not only patriarchy, but the mediating structures of class, race, ethnicity, caste and religion which determined the nature of women's position and condition in developing societies. In addition, Antonio Gramsci, an Italian thinker, linguist and Marxist theorist of 20th century used the terms proletariat and subaltern for slaves, peasants, religious groups, women, and different races of inferior ranks and the communities' voices against cultural and political domination. Thus, the theoretical strategy of empowerment focuses on addressing the multiple and intersecting forms of deprivation, disadvantage, and discrimination.

Women's empowerment is important because it can lead to a range

of positive outcomes, including increased economic growth of the country. Simplistically, it means giving opportunities to women to enable them to be socially and financially independent. It is about their freedom, having the power to make decisions in the family, achieving financial stability, being recognized as equal as men, getting chances to put forward their opinions on several issues, especially those concerning their wellbeing such as education and health. When women are educated and empowered in a family, then their future as well as nation's future would become well. When women become aware about essential health care through education and various awareness programs, it would have positive influence on their children as well. Educated and economically empowered women are capable as well as aware of lifting their children from the status quo. Women's access to credit facilities and management of household finance makes her more empowered. Also, when they are allowed to manage their own earning or the income of their husband means that they are equally treated in family and are independent (Banerjee & Roy, 2015).

A pioneer study on The Status of Women (Dr. Meena Acharya, 1983) brought the fact that women are powerless, docile, and considered as lower, weaker sex psychologically, physically and emotionally on the biological basis. As the time passes, women activists rather than seeking rights, and identity in homogenous group, were divided between the two modes of handling development; self-presentation and representation. (Under Western Eye, Chandra Talpade Mohanthy). The problems, and needs of rural, particularly of Dalit and marginalized women are different than the women of so-called upper class by caste, ethnicity, and gender in religious multiplicity. They are at the bottom of the caste and gender hierarchy in Nepal. In the social realm of unequal society rooted on the pillar of caste hierarchy, Association for Dalit Women's Advancement of Nepal (ADWAN) was established with a vision to work for making an equitable society; free of caste, class and gender discrimination through empowerment. "Empowerment" has multi- dimensional social processes. It is defined as three components- multi dimensional, social and a process. It is multi-dimensional in the sense that it occurs within sociological, psychological, economic and other dimensions (World Bank, 2004). Women's economic empowerment is a process whereby women's and girls' lives are transformed from a situation where they have limited power and access to economic assets to a situation, where they experience economic advancement (Taylor and Pereznieto, 2014). It links personal and social arena to establish a dignified place in society. It brings changes within individuals in capability, knowledge and self-esteem. It covers self- strength, control, self-power, self-reliance, own choice, life of dignity in accordance with one's values, capable of fighting for one's rights, independence, own decision making, being free, awakening and capability. It is associated to the capacity of women and men to participate in, contribute to and benefit from growth processes in ways that recognize the value of their contributions, respect their dignity and make it possible to negotiate a fairer distribution of the benefits of growth. An individual's personal life and community are fundamentally interrelated in human society.

**To sum up, ADWAN and marginalized women's empowerment are known in its working areas as two facets of a coin. It is seen as a backbone of Dalit, marginalized, disadvantaged non Dalits and vulnerable women of rural community of Nepal.**

In the caste hierarchy system of Nepal, Dalit is defined as the caste or group of people who are socially, culturally, economically, religiously, and politically exploited or discriminated and disadvantaged in the society due to the unequal social system (Rycroft, 2017). In other words, Dalits are considered as being politically voiceless, socially excluded and discriminated. Being the artisan and occupational group, the Dalits, in general, are the poor, marginalized, and excluded people who are practically denied their civil and human rights in society (Kumar, 2009).

**Emergence of ADWAN**

ADWAN, standing on the core agenda of human rights as dignity, freedom, equality, justice, peace and prosperity, it has been working to make diverse society a place of equality in a justifiable manner. Accordingly, it believes Dalit, marginalized and vulnerable women can knock on the door of destiny in living society through economic empowerment and education- well accepted foundation making tools for leaving no one behind. ADWAN embracing the fact that ending poverty requires a major shift in economic thinking and a radical reconfiguration of

economic power relations that has been continuing relentlessly contributing to women's economic empowerment, employment through entrepreneurial activities, and access to resources, with a particular focus on women in the informal economy. Not only this, ADWAN has also been working with its mission to bring Dalit & other marginalized women into the mainstream of state governing mechanism by empowering and sensitizing them to establish human rights, democracy, sustainable peace and equitable society.

The humanitarian value of "equal respect and dignity to ALL" has decade long history bringing into pragmatic line. Articles 24 and 40 of the Constitution of Nepal guarantees the right against untouchability and discrimination; and Dalit rights. The constitution also envisions special provisions for empowerment, representation and participation of Dalits in the public service sector, even though Dalit and marginalized women are being discriminated, exploited and oppressed. Always pushed to the fringes of society, deprived of opportunities to make their way out of caste based hierarchy, they have always been among the lower rungs of society. Dalit women's suffering is triple-fold – society discriminates against them because they are women, then they are discriminated against being from Dalit community, and within their own community they suffer all over again for being Dalit women." They are poorest of the poor in the society as a whole. Still some of the challenges facing women are discrimination, lack of access to education and employment, gender based violence (GBV) and poverty, and disparities between rural and urban women. The discrimination, and violence against women and girls deeply rooted in the fabric of societies is persistent and systematic under the garb of religion, mainstream culture, caste, ethnicity and social vs economic practices. It is noteworthy to pinpoint that Dalit women constitutes 14.38% or more than male population (CBS 2021) who are majoritively depended on daily wage and unequal wage laborers. In this social milieu, economic empowerment and education as powerful assets for disadvantaged women through which they are step forward to lead a life with full potentials in society. They bring change in their private and public sphere as well.

ADWAN's relentless efforts for Dalit and marginalized women's enhancement through empowerment (economic, political, social, educational and legal) as a process which is directly affecting their individual and collective life experiences with the factors like education, skills development training, entrepreneurship development trainings, access to quality, decent paid work, etc. Apart from this, the collective journey of agenda 2030 declaring its slogan of Leave No One Behind (LNOB) which also carries ADWAN's goal as its works contribute to achieving Sustainable Development, especially on goals 1, 2, 3, 4 and 5 in line with the agenda 2030's reaching the furthest first in Nepal.




Furthermore, Women's empowerment can have a range of positive impacts on women's lives, including improved economic opportunities, greater control. . Empowering women can also give them more control over their own lives, allowing them to make decisions about their own health, well-being, and future, which can lead to increased self-esteem and confidence, as well as improved mental and physical health. When women are empowered to participate in the political process, they can have a greater say in the decisions that affect their lives and their communities, leading to more inclusive and representative decision-making and policies and programs that better address the needs of women and girls.

Women's empowerment can also help to reduce gender inequality and promote greater gender equality, leading to more balanced relationships between men and women and positive impacts on women's health, well-being, and overall quality of life. Women empowerment leads to reduction in domestic violence and better child education (Dutta, 2014). Access to credit is a major determinant of self-employment for women, having property in their own name, increase of legal and political awareness as well as purchasing power, and all these have a positive impact on women empowerment

ADWAN has been working throughout to shift the underlying power structures that undermine Dalit and marginalized women. Women's economic empowerment is the foundation for gender equality and fulfill all dimension of empowerment. In this regard, ADWAN has been serving as a convener and advocates as much as through the educational program for children like sponsorship, scholarship and The Day Care Center in the one hand and skill development, entrepreneurship development making them aware on humanitarian values on the other.

A study conducted by Nepal Rastra Bank on national economy (Acharya & Bennet, 1983), it was found that bringing women to activities of market economy through Production Credit For Rural Women (PCRW) influences domestic decision-making and empowers women. In this context, the participation in the SHG are important determinants of women's empowerment. Women working actively in SHG's have made positive contribution to employment, income, expenditure, and saving at the household level. An increase in the demand for SHG products can improve productivity of women and enhance their economic contribution. Following the essence of SHG (Self Help Group), Following the fact, ADWAN's foremost activity is women group formation for raising collective effort for production work and sisterhood appearance from feminist lens.

**How empowered women are changing their lives?**

ADWAN's has been standing at forefront to empower Dalit and marginalized women economically, socially, politically and children educationally which can only eliminate pervasive, indignant caste discrimination and bring equality through awareness. Its programmatic activities involve excluded groups of women specifically in livelihood. It has profound belief on the fact of human society that women are the active agents, not passive recipient of the society (Easter Bose Rup; Women's role in Economic Development, 1970). It has been providing capacity building, skill oriented trainings related to their indigenous knowledge based on local resources to make them sustainable. By and large it will pave the way for gender equality to create an egalitarian family, community, society and the state as a whole.

Half of the world's population has been covered by women in general. The same range of women's population goes in Dalit and marginalized communities too. Undoubtedly, it is seen pragmatically that when women are empowered to participate in the political process, they can have a greater say in the decisions that affect their lives and their communities, leading to more inclusive and representative decision-making and policies and programs that better address the needs of women and girls. Women's empowerment can also help to reduce gender inequality and promote greater gender equality, leading to more balanced relationships between men and women and positive impacts on women's health, well-being, and overall quality of life.

Behind every fact and figures of development procedural activities, ADWAN has been standing with empowerment related programs for women and children – achieving the Millennium Development Goals in the beginning and Sustainable Development Goals in later years. ADWAN the organization is very much aware of the fact that child is the father of man. Children are the future of older generation as well as to the nation. Education brings empowerment and strength through which they build the future of nation. Besides that, the government of Nepal has shown its commitment to achieve MDGS and SDGs to fulfill global, universal requirements for human development. In goal 2 of MDGs (to achieve universal primary education) and Goal 3 (to promote gender equality and empower women), reflect the better prospects of Nepal. Following the national policies and the actual need of the community, ADWAN has been providing educational supports from helping hands to ir enrolment, In this course, the organization has focused on providing scholarship (uniform) and sponsorship for the poorest, who are unable to pay school expenses but interested to study in school. The goal-4 of SDGs covers education sector as of its integral part that supports to achieve all other its targets. Viewing this, the organization has conducted this integral theme to empower children (female/male) who belong to the most vulnerable marginalized group of community due to poverty, social exclusion, lower caste discrimination etc.

ADWAN covers districts, which have pervasive caste discrimination, exploitation due to unawareness, lack of education, and poverty. They are Sarlahi, Chitwan, Gorkha, Baglung, Tanahu, and Arghakhachi, Gulmi, Palpa, Kailali and Kathamndu. To sum up, ADWAN and marginalized women's empowerment are known in its working areas as two facets of a coin. It is seen as a backbone of Dalit, marginalized, disadvantaged non Dalits and vulnerable women of rural community of Nepal.

*Bimala K. Das works as a GESI Officer at ADWAN*

विचार

# एड्वानको पैरवी र दलित समुदायको प्रतिनिधित्व



सुशील दर्नाल

**एड्वान लगायत विभिन्न संघसंस्थाहरूको पटक-पटकको एकल तथा संयुक्त संघर्षबाट संविधानको प्रस्तावनामा नै 'सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने' भनिएको छ**

नेपाली जनताको सङ्घर्षपूर्ण योगदान स्वरुप नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको १४ बर्ष भएको छ । वि.सं. २००७ सालको राजनीतिक परिर्वतन हुँदै वि.सं. २०४६ सालको आन्दोलन, माओवादी जनयुद्ध र वि.सं. २०६२/०६३ को जनआन्दोलनपछि संविधान सभाको पहिलो बैठकले वि.सं. २०६५ साल जेठ १५ गते राजतन्त्र उन्मूलन गरी नेपालमा गणतन्त्र स्थापना गऱ्यो । त्यसपछिको यो १४ वर्ष हेर्दा देशमा व्यवस्था फेरियो तर जनताको अवस्था फेरिएन । व्यवस्था फेरिएपनि बञ्चितिकरणमा पारिएको दलित समुदायको अवस्था ज्यूका त्यू छ। देशमा आएको राजनीतिक परिवर्तनसँगै दलित समुदायमा पनि चेतनाको स्तर भने वृद्धि हुँदै गयो ।

वि.सं. २००४ सालदेखि दलित समुदायले संगठित रुपमा विभेदका विरुद्ध आन्दोलन गर्दै आए । दलित समुदाय सक्रिय रुपमा राजनीतिक पार्टीमा आबद्ध भए । तर आर्थिक, सामाजिक र राजनीतिक लगायत राज्यको मूलधारबाट किनारमै छन् । सदियौँदेखि जातीय भेदभाव तथा छुवाछूतको पिडा भोग्दै आएको यो समुदायको सरकार (कार्यापालिका) र संसद् (व्यवस्थापिका) मा सहभागिता नगन्ने मात्रामा छ। राज्यको मूलधारमा दलित समुदायको प्रतिनिधित्वको लागि पटक पटक संघर्ष नभएका होइनन । नेपाल दलित महिला उत्थान संघ (एड्वान) लगायतका संघ संस्था, दलित नागरिक समाज र दलित भातृ संगठनले संविधानमा दलित समुदायको अधिकार सुनिश्चित गर्न पटक पटक संघर्ष गर्नु परेको थियो। त्यही पटक पटक दलित समुदायले गरेको संयुक्त संघर्षबाट संविधानको प्रस्तावनामा 'सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने' भनिएको छ। नेपालको संविधान (२०७२) को धारा २४ मा 'छुवाछूत तथा भेदभाव विरुद्धको हक' र धारा ४० मा 'दलितको हक' सुनिश्चित भएको छ । तर त्यसको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । तर त्यसको आधारमा अहिलेसम्म पनि कानून बन्न सकेको छैन । एड्वानसहित दलित समुदायको निरन्तरको आन्दोलन र पैरवी हुँदा सम्वन्धित निकायमा दबाब सिर्जना भई गाउँपालिका, नगरपालिका, उपहानगरपालिका र महानगरपालिमा दलित र दलित समुदायभित्र पनि दलित महिलाको प्रतिनिधित्व सुनिश्चित त भएको छ तर त्यो पनि पूर्ण छैन। समावेशी समानुपालिकको निम्ति एड्वाले आफ्नो तर्फबाट सुरुदेखि नै संघर्ष गर्दै आएको छ । फलस्वरुप कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका लगायत राज्यका हरेक संरचनामा दलित समुदायको केही मात्रामा भएपनि सहभागिता सुनिश्चित भएको छ ।

अहिले प्रतिनिधि सभामा समानुपातिकबाट निर्वाचित १५ जना र प्रत्यक्षमा १ जना गरी जम्मा १६ जना सांसद दलित समुदायबाट हुनुहुन्छ । जुन ५.८१ प्रतिशत हो । संविधान जारी भएपछिको पहिलो प्रतिनिधि सभाको निर्वाचन, वि.सं. २०७४ मा १९ जना (६ प्रतिशत) को प्रतिनिधित्व थियो । जसमध्ये एमालेबाट दुई जना र माओवादी केन्द्रबाट एक जना प्रत्यक्ष निर्वाचित भएका थिए । संविधान सभा-२०७० मा दलित प्रतिनिधित्व ५१ बाट घटेर ४१ जना (६.८२ प्रतिशत) मा झऱ्यो । जसमध्ये दुई जना नेकपा (एमाले) बाट प्रत्यक्ष निर्वाचित भएका थिए । संविधान सभा-२०६४ मा ६०१ जनामा ५१ जना (८.४८ प्रतिशत) दलितको प्रतिनिधित्व थियो । तीमध्ये तत्कालीन नेकपा (माओवादी) बाट सात

जना प्रत्यक्ष निर्वाचित भएका थिए । दलित आन्दोलनका अगुवा पदम सुन्दासले तथ्यलाई हेर्ने मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र पश्चात् दलित समुदायको प्रतिनिधित्व बढ्नुको सट्टा क्रमशः झन झन घट्दै गएको बताउनुभयो । उहाँले भन्नुभयो, 'नीति निर्माण तहमै दलित समुदायप्रति उपेक्षा गरिएको छ, दलितहरूको न संसदमा बलियो सहभागिता छ, न सरकारमा ।' निर्वाचनमा प्रमुख दलहरूले दलित समुदायबाट पार्टीमा प्रतिनिधित्व गर्ने नेताहरूलाई टिकटमै विभेद गर्ने गरेको उहाँको भनाइ छ । प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्षतर्फ नेपाली कांग्रेसबाट दलित उम्मेदवारी शून्य रहेको थियो ।

राज्य सत्तामा दलित समुदायको सहभागिता हेर्दा पञ्चायत कालबाट सुरु भएको देखिन्छ । इतिहासमा पहिलो पटक दलित समुदायबाट वि.सं. २०३१ सालमा हिरालाल विश्वकर्मा सहायक शिक्षामन्त्री बन्नुभएको थियो । वि.सं. २०३१ सालदेखि वि.सं. २०४१ सालसम्म हिरालाल विशवकर्मा चार पटकसम्म शिक्षा र आपूर्ति सहायक र राज्यमन्त्री बन्नुभएको थियो । वि.सं. २०३१ सालदेखि ०६३ सालसम्म हिरालाल विश्वकर्मा, प्रकाश चित्रकार, लालबहादुर विश्वकर्मा, हरिशंकर परियार, गोल्छे सार्की, प्रतापराम लोहार र मानबहादुर विश्वकर्मालाई सहायक र राज्यमन्त्री मै सिमित गरिएको थियो । वि.सं. २०६२/६३ को जनआन्दोलनपछि वि.सं. २०६३ साल वैशाख १२ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित अन्तरिम सरकारमा पहिलो पटक खड्कबहादुर विश्वकर्मा महिला, बालबालिका तथा समाकल्याणमन्त्री र छविलाल विश्वकर्मा कृषि तथा सहकारीमन्त्री भन्नुभएको थियो । त्यसपछि दलितलाई मन्त्रीमण्डलमा समावेश गर्दै लगेको देखिन्छ ।

त्यसपछि पटक पटकका सरकारमा छविलाल विश्वकर्मा, महेन्द्र पासवान, खड्कबहादुर विश्वकर्मा, विशेन्द्र पासवान, दलजीत श्रीपाइली, मीनबहादुर विश्वकर्मा, जगतबहादुर सुनार विश्वकर्मा र महेश्वरजंग गहतराज मन्त्री भन्नुभएको छ । त्यसैगरी, वि.सं. २०६३ सालपछि नविनकुमार विश्वकर्मा, जीतबहादुर दर्जी (गौतम), खड्कबहादुर बस्याल, कलावती पासवान, दलबहादुर सुनार, गोपी अछामी, रमनी राम, धनमाया विक, कर्णबहादुर विक, विमला विक र आशा विक राज्यमन्त्री बन्नुभएको छ । वर्तमान सरकारमा दलित समुदायबाट एकजना राज्यमन्त्री हुनुहुन्छ । यसअघि दलितलाई क्याबिनेट मन्त्री बनाएपनि यसपटक भने राज्यमन्त्रीमा सिमित गरिएको छ । यो तथ्यबाट पनि प्रस्ट हुन्छ कि राज्यसत्तामा दलित समुदायको उपस्थिति बढाउनुको सट्टा साँघुरो पारिँदैछ ।

धारा ४० (१) मा 'राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागि हुने हक हुनेछ' भनिएको छ । धारा ४२ (१) र राज्यको निर्देशक सिद्धान्तमा समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गर्ने भनिएको छ। तर संविधानको यो मूल भावना पछिल्लो पटकको प्रतिनिधि सभाको निर्वाचन र सरकार निर्माणका क्रममा लागू हुन सकेन । मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरेको छ । सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडी बढाउने भनिएको छ । तर कूल जनसंख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि उपेक्षामा छ । सदियौँदेखि आर्थिक, सामाजिक र राजनीतिक रुपमा पछाडी पारिएको दलित समुदायको सहभागिता कानून निर्माण गर्ने थलो संसद प्रतिनिधि सभामा न्यून छ । निर्वाचको समयमा राजनीति दलले घोषणा पत्रमा 'दलित समुदायलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समानुपातिकका साथै अन्य अधिकार थप गरी क्षतिपूर्तिको सिद्धान्तअनुरुप विशेषाधिकारको व्यवस्था गरिने छ' भनेका छन् । तर घोषणा पत्र, घोषणा पत्रमै सिमित छन् ।

प्रदेशतर्फ सात प्रदेशको कुल ५५० सदस्यमा दलित समुदायको प्रतिनिधित्व ३१ जनाको छ । जुन ५.६३ प्रतिशत हो । ३१ जनामध्ये दुई जना प्रदेश सभाको प्रत्यक्ष निर्वाचित छन् । कोशी को ५६ सदस्यीय प्रदेश सभामा जम्मा चार जना दलितको प्रतिनिधित्व छ । जुन ७.१४ प्रतिशत हो । मधेश प्रदेशमा दलित समुदायको प्रतिनिधित्व १०.९३ प्रतिशत छ । कुल ६४ सदस्यीय मधेश प्रदेश सभामा सातजना दलित समानुपातिकबाट निर्वाचित भएका छन् ।

बागमती प्रदेशमा दलित समुदायको सबैभन्दा कम प्रतिनिधित्व छ । कुल ६६ सदस्यीय बागमती प्रदेश सभामा जम्मा दुई जना (३.०३ प्रतिशत) प्रतिनिधित्व भएको छ । गण्डकी प्रदेशमा सबैभन्दा बढी १६.६६ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ । कुल ३६ सदस्यीय गण्डकी प्रदेश सभामा छ जना दलितको प्रतिनिधित्व छ । लुम्बिनी प्रदेश सभामा ९.६१ प्रतिशत दलित समुदायको प्रतिनिधित्व भएको छ । कुल ५२ सदस्यीय लुम्बिनी प्रदेश सभामा पाँच जना दलितको प्रतिनिधित्व छ । कर्णाली प्रदेश सभामा पनि गण्डकीमा जस्तै १६.६६ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ । कुल २४ सदस्यीय कर्णाली प्रदेश सभामा चार जना दलितको प्रतिनिधित्व भएको छ । जसमा एक जना प्रत्यक्ष निर्वाचित भएका हुन् । सुदूरपश्चिम प्रदेशमा ९.३७ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ । कुल ३२ सदस्यीय प्रदेश सभामा तीन जना दलितको प्रतिनिधित्व छ ।

खासगरी पिछडिएका, उत्पीडित र सीमान्तकृत समुदायको निम्ति समानुपातिक निर्वाचन प्रणाली आएको थियो । समानुपातिक प्रणाली प्रतिस्पर्धामा अगााडी आउन नसक्ने समुदायको निम्ति विशेष व्यवस्था हो । तर प्रतिनिधि सभामा समानुपातिकका लागि पैसा र पहुँचवाला, पार्टीका शिर्ष नेताहरू नै बसेका देखिन्छ । राष्ट्रिय सभामा पनि दलित समुदायको उपस्थिति सामान्य छ । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट एक जना दलित समुदायको प्रतिनिधित्व हुने व्यवस्थाअनुसार सात जना दलित सांसद रहेका छन् । कोटाबाहेकको प्रतिनिधित्व राष्ट्रिय सभामा हुन सकेको छैन ।दलित आन्दोलन कमजोर हुनु, राजनीतिक पार्टीभित्र दलित नेताहरूले पैरवी गर्न नसक्नु, सिमान्तकृतहरूको कमजोर आन्दोलन, समावेशिताको मुद्दामा राजनीतिक दलहरू उदासिन देखिनु नै संसद र सदनमा दलित समुदायको न्यून उपस्थिति हुनु दलित नेताहरूको विश्लेषण छ । दलित समुदायको जनसङ्ख्याको आधारमा संसद र सरकारमा सहभागिता हुनुपर्ने माग पनि गरिँदै आएको छ । संविधानको प्रस्तावनामा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने भनिएको छ । तर प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । समानुपातिक निर्वाचन प्रणाली खासगरी पिछडिएका, उत्पीडित र सीमान्तकृत समुदायको निम्ति हो ।

समानुपातिक प्रणाली प्रतिस्पर्धामा अगााडी आउन नसक्ने समुदायको निम्ति विशेष व्यवस्था हो । तर संसद्मा

समानुपातिकका लागि पैसा र पहुँचवाला, पार्टीका शिर्ष नेताहरू नै सिफारिस हुने गरका छन् । हरेक पटकका सङ्घ प्रदेश र स्थानीय तहको निर्वाचनको समयमा सबैजसो राजनीतिक पार्टीले आफ्नो घोषणा-पत्रमा दलित समुदायलाई समावेश गरिएपनि घोषणा-पत्र अनुसार ती पर्टीहरूलेसंसद् र सरकारमा दलित समुदायको सहभागितााई प्राथमिकता दिन नसकेको सभासद् कमला विश्वकर्माको बुझाइ छ । दलित समुदायले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका लगायत राज्यका हरेक संरचनामा आफूहरूको समान सहभागिताको माग गरिरहेको सन्दर्भमा संसद् र सरकारमा नगन्ने उपस्थिति हुनु समावेशी सिद्धान्त विपरित देखिन्छ । लोकतान्त्रिक पद्धति अपनाएका राजनीतिक दलहरू नै दलितको प्रतिनिधित्वको सबालमा कठोर देखिएपछि समावेशिताको मुद्दा झन झन ओझेलमा पर्दै गएको छ । जनप्रतिनिहरूको थलो नेपालको सङ्घीय संसद सङ्घीय गणतन्त्र नेपालको सर्वोच्च व्यवस्थापकिय निकायलाई समावेशी बनाउन जरुरी छ । समावेशिताको सवालमा राजनीतिक दलहरू जिम्मेवार र गम्भीर हुनुपर्ने देखिन्छ । लोकतन्त्रको सुन्दर पक्ष समावेशीतालाई बलियो बनाउन महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको क्षेत्र लगायत एड्वान जस्ता संघ संस्थाले अझै संघर्ष गर्नुपर्ने देखिन्छ ।

## तस्वीरमा एड्वान










विचार

# जातको समाजशास्त्र



सञ्जीव कार्की

**कसैको थर स्पष्ट बुझिएन भने मान्छे उसको थर खोज्न लाग्छ । नाम मात्रै भनियो भने तपाईको थर के हो भनेर मान्छे जिज्ञासु भएको देखिन्छ । यसको मतलव हो उसले उसको कथित जात जान्न चाहन्छ । यसले हाम्रो समाजको जात व्यवस्थाको समाजशास्त्रको प्रारम्भिक झलक दिन्छ । समाजको मानसिकतामा फिंजारिएर बसेको समाज मनोविज्ञानको उजागर गर्छ ।**

सैद्धान्तिक र संवैधानिक रूपमा नमानिए पनि व्यावहारिक रूपमा हाम्रो समाजमा धेरै कुरा जातमा गएर अड्कन्छ र जात व्यवस्थाले थुप्रै कुरा निर्धारण गर्छ । मान्छेको परिचयमा नामपश्चात बोलिने थरमा जात व्यवस्थाको नमीठो हरक पाइन्छ । कुनै सभा समारोह गोष्ठी तालिम र सेमिनारहरूमा उच्च जातको भनिनेले निर्धक्क आफ्नो जात र थर भनेको पाइन्छ भने निम्न जातको मानिने थरले आफ्नो नाम पछाडिको थर भन्न हीनतावोध गरेको र हिच्किचाएको देखिन्छ । सामाजिक मनोविज्ञानमा सहजै देखिन्छ जात व्यवस्था । जात व्यवस्था भित्रको छ्वाछुतको व्यहारले घाइते नभएको देशको कुनै भूभाग छैन ।

कसैको थर स्पष्ट बुझिएन भने मान्छे उसको थर खोज्न लाग्छ । नाम मात्रै भनियो भने तपाईको थर के हो भनेर मान्छे जिज्ञासु भएको देखिन्छ । यसको मतलव हो उसले उसको कथित जात जान्न चाहन्छ । उसको मस्तिष्कमा जरा गाडेर बसेको उँचनीचको चेतना सल्बलाएको हो । यसले हाम्रो समाजको जात व्यवस्थाको समाजशास्त्रको प्रारम्भिक झलक दिन्छ । समाजको मानसिकतामा फिंजारिएर बसेको समाजमनोविज्ञानको उजागर गर्छ ।

कथित उपल्लो जातले (तल्लो भनिने) विशेष गरी अछुत जातको बारेमा जानकारी पाएपछि उसलाई सामाजिक भेदभावको नीति बमोजिम ग्रामीण भेगमा खुलमखुला विभेद गरिन्छ (केही अपवाद छोडेर) भने सहरी इलाकामा अलि नदेखिने गरी, घुमाउरो तवरमा विभेद गरिन्छ । यो मनोविज्ञान जात र धर्म संस्कृति र संस्कारमा आधारित छ । मान्छेले पछि विकास गरेको यो संस्कारभन्दा अघि मानवको कुनै जाति थिएन त्यो विशुद्द मानव जाति मात्रै थियो । जँहा भेदभावको कुनै गुन्जायस थिएन ।

विकासवादी सिद्धान्तकार चार्ल्स डार्विनका अनुसारः पहिलो एक कोशीका युक्त जीवका रूपमा प्रोटिन अस्तित्वमा आएदेखि जीवविकासको इतिहासभित्र करिव ६ करोड वर्षपूर्व बादर जातिबाट विकास भएका गिब्बन स्यामङ्ग, ओराङ ओटाङ, गोरिल्ला, चिम्पाञ्जी, अफ्रिकी जस्ता अधिक चेत भएका बानरहरूबाट विकसित भई उभिएर हिंडने दुईखुट्टे अर्धमानवमा रूपान्तरण भएको पाइन्छ । नरबादरबाट विकसित भएको मानवजाति आजको मान्छे हो ।

नरबानरहरूले मान्छेको रूप लिएपछि आठ थरिका मानवजातिले आफूलाई विकास गरेको पाइन्छ । विभिन्न युगको अन्तरालमा अनेकथरि प्राणी, भीमकाय डाइनोसरसमेत लोप भए जसरी मानव जातिको पनि नास भएको मानिन्छ । अहिले अस्तित्वमा रहेको मानव जाति कपिएन जातिको भएको मानवशास्त्री हरूको तर्क छ, (बराली, २०७२, पृ.१२३) ।

मानव उत्पत्तिमा हाम्रा धर्मग्रन्थहरूमा आआफ्नो दावी, हिन्दु धर्ममा इन्दुर्पुरी (इरान) इस्लामी धर्मले मक्का मदिना (साउदी अरेविया), क्रिश्चियन धर्ममा इजरायल भनेर वर्णन गरे पनि रहे पनि ती आफ्ना धर्म प्रवर्त्तकलाई महान बनाउने र प्रमुख धार्मिक स्थलको मान्यता दिने उदेश्यले प्रेरित रहेको भन्न सकिन्छ । मानव जातिकोउत्तपत्ति दक्षिण पश्चिम एशिया तथा पूर्वी युरोप, उत्तरी अफ्रिका वरपर मेसोपोटिमिया वरपर भएको वैज्ञानिक देखिन्छ ।

अरेवियन सागरको तटीय क्षेत्र साउदी अरेबिया क्षेत्र इराक, इरान,अफगानिस्थान,पाकिस्तान हुँदै भारत भएर अरेवियनहरू आर्यजातिको रूपमा विकसित भएर नेपाल आइपुगेको इतिहासमा उल्लेख छ । यस्तै अर्को मानव हिस्सा स्पीयन चाँहि कस्पीयन सागरको तटीय क्षेत्र हुँदै एशिया र युरोपको सीमा युराल पर्वतबाट युराल नदीको किनारैकिनार झरेर केही हिस्सा पूर्वी भेक ब्रम्हपुत्र को किनारैकिनार झरेर त्यही वरपरको पाखा, पर्वत हिमालयखण्डमा समेत बसोबास गरे, जसलाई मङ्गोलियन जाति भनिन्छ ।

उत्पत्ति कालमा मानव एउटा सग्लो जाति थियो, जहाँ स्त्री पुरुषको रूपमा शारीरिक भिन्नता बाहेक अन्य भिन्नता र ठूलो सानोको भेद थिएन । इशापूर्व करिव १५०० तिर पेशाको आधारमा समाजमा वर्ण विभाजन भयो । ऋग्वेदको दशौ मण्डलको १०, ७, ६० मा ईश्वर (ब्रम्हा) का चार अङ्गमा ब्राम्हण, क्षेत्री, वैश्य र शूद्रहरूको उल्लेख गरिएको पाइन्छ । बौद्दिक काम गर्ने ब्राम्हण, सैन्य वा सुरक्षाको काम गर्ने क्षेत्री, कृषि तथा व्यापार गर्ने वैश्य र सेवा तथा कठिन श्रम गर्ने शूद्रको रूपमा बुझियो,बुझाइयो (प्रश्रित, २०५८,पृ.७)' यसरी प्रारम्भमा जात जन्मका आधारमा नभएर कर्मका आधारमा छुट्टयाइएको थियो । त्यसैले दक्षिण एशियाको जात व्यवस्थालाई संसारमा गरिने श्रम विभाजन हो जात होइन पनि भनिन्छ । प्रारम्भमा यो श्रम विभाजन भए पनि पछि आएर यो जात व्यवस्थामा परिणत भयो ।

कामका आधारमा छुट्याएको एकै समाजका यी चार जातहरूलाई छुट्टाछुट्टै नीति, कर्म, संस्कार मान्नुपर्ने, अनि एकापसमा एकता हुनै नसक्ने गरि विभक्त गरियो । हाम्रा धर्मग्रन्थहरू रामायणमा शम्बुक ऋषिको टाउको रामले गिंडेको, महाभारतमा द्रोणाचार्यले एकलव्यको औंला काटेको, लवणासुरमा महिशासुर आदि असुर म्लेच्छ तथा गैर आर्य एवम् शूद्रहरूलाई हत्या गरेको प्रसङ्ग पाइन्छ । यी यावत प्रसङ्ग र दक्षिण एशियाको जात व्यवस्थाका फरक र गलत विशेषता छन् : श्रम वर्गीकरण कसरी जात जात व्यवस्था र अछुत समेत बन्ने स्थितिमा पुग्यो यस बारे राजनीतिक चिन्तक आहुतिको तर्क हेरौ : 'शूद्रहरूले पढन नपाउने, ब्राम्हणको छोरोले हलो जोत्न नहुने, जसलाई जे तोकिएको छ त्यसबाट दायाँबायाँ गर्न नमिल्ने त्यसले त्यही गर्नु पर्ने अनुलंघनीय श्रम विभाजन बन्यो । बंशानुगत रूपमा जे गरियो त्यो पछिल्लो पुस्ताले पनि गर्ने पर्ने नियम बन्यो । तसर्थ शुद्र र वैश्यलाई धैरै मर्का पर्यो भने शुद्र सबैभन्दा पिंधमा रहन पुगे । लामो समयसम्म एकै काम गर्ने क्रममा नयाँ काम पहिले कहिल्यै नगरेको काम गर्न खोज्दा,एउटा विद्रोह जन्मियो । ब्राम्हण र क्षेत्रीय समुहको लागि त्यो सह्य भएन र दमनको नीति अख्तियार गर्यो विद्रोह कसरी भयो भन्ने प्रमाण बिष्णु पुराण र विशेषतः मनुस्मृतिमा वर्णित शूद्रलाई गर्ने सजायले प्रष्ट पार्छ । अति क्रुर सजाय शूद्रको लागि बनाइयो । जहाँ विद्रोह हुन्छ त्यहाँ दमन गर्ने कानुन बन्छन् । मनुस्मृतिकालीन कानुन यसैको प्रमाण हो । शुद्रको विद्रोहलाई दमन गर्ने क्रममा सजाय स्वरूप बहिस्करण गर्ने प्रक्रिया शुरू भयो बहिस्करण गर्दा एकै धारा कुवाको पानी नखाने,सुगम ठाउँमा सँगै नराख्ने, हुँदा

हुँदा छोएको खान नमिल्ने पानी नचल्ने अवस्थामा रूपान्तरण गरियो । नेपालमा छुवाछुत बुद्द जन्मनु भन्दा अघि नै भएको अर्थात २६ सय वर्ष अघि नै लागू भैसकेको बुझ्न बुद्दकलीन जातक कथा र बुद्दले सबैलाई समान व्यवहार गर्नुबाट प्रष्ट हुन्छ ।' त्यही समयदेखि जातको उचता र नीचताको छुवाछुत र भेदभावको समाजशास्त्र समाजमा मान्छेको मनोविज्ञानमा रहेको छ । छुवाछुत धर्म, संस्कृति, परम्परा र अभ्यासमा देखिन्छ । शासन व्यवस्थामा दलितको पहुँच छैन । दलित सीमान्तकृत समुदायको रूपमा आज पनि छोइछिटो अमर्यादा, अपमान, चोट बोकेर बाँच्न बाध्य छन् । समाजमा जातको मनोविज्ञान र समाजशास्त्र यति बलियोसँग रहेको छ । संविधानको धारमा उल्लेख गरेर समानता स्वतन्त्रता सबैको हकमा बराबरी भने पनि, थुप्रै ऐन, नियम कानुन, सरकारी अनेक घोषणा भए पनि व्यवहारमा त्यो छैन । जातको नाममा बारम्बार मान्छे मारिएका छन्, निर्मम यातना पाएका छन् । अपमान भोलेका छन् । छुवाछुतको राजनीतिक सार (सत्व ) यो यस्तो प्रणाली हो जसले हरेक मान्छेका बीच फूट पार्छ । अन्नत फूट पारेपछि शासन गर्न सहज हुन्छ । जुन फुट स्वयं पानी नचल्नेहरूका बीच एकार्कालाई सानो सम्झने र छोएको पानी नचल्ने बनाएर फुटाएको छ । विशेषत श्रमजीवी वर्गमा फुटको अनन्त शृंखला तयार गरिएको छ । पानी अचल समुदाय बिच नै फुट, पानी अचल समुदाय बिच नै फुट, पानी अचल समुदाय र चल समुदाय बिच फुट आदि ।

जात विशेष योग्यता र अयोग्यता बनेको छ । जातको नाममा समाजमा विभिन्न उखान टुक्का र भनाईहरू बनेका छन् । सबैभन्दा बढी भनाई र तिनको हेयको सार अछुत भनिएको वर्गलाई अपमान गर्न प्रताडित गर्न बनाइएको छ । जसको फलस्वरूप कतिपय ठुला नेताको बोलीमा त्यो नचाहेर पनि फुत्किरहेको पाइन्छ । जसको उदाहरण माधव नेपालले एक कार्यक्रममा र कोमल ओलीले राष्ट्रिय सभाको मन्चबाट नै छुवाछुत र भेदभाव जन्य वाक्य बोलेर नेपाली समाजको मनोविज्ञान र जात व्यवस्थाको समाजशास्त्र बारे बुझ्न मद्दत पुर्याएका छन् । यी प्रतिनिधि घटना हुन् भने जात व्यवस्था हर मान्छेको मनमा गहिरो गरी जरा गाढेर बसेको छ । मान्छे मर्दा, प्रेम गर्दा, बिहे गर्दा धार्मिक अनुष्ठान गर्दा, चुनावमा टिकट लिंदा, चुनावमा उठ्दा देखि मन्त्री बन्ने बेलासम्म जात र भेदभाव देखिन्छ ।

दलित समुदाय प्रति हाम्रो समाज आज पर्यन्त अनुदार मात्र होइन कठोर र निषेधमा नै छ । यी सब किन भयो ? राज्यले कानुन नै बनाएर जात व्यवस्थाको संरक्षण गरेको कारण, मनुस्मृतिका थुप्रै अमानवीय कानुन धर्मको नियम भनेर अभ्यास गरिएको कारण, आम मान्छेको धार्मिक र साँस्कृतिक अनि पारम्परिक चेनातामा जात व्यवस्थाको विष हजारौं वर्षदेखि घोलिएको कारण हामी विभेदकारी जातीय मानसिकताको समाजशास्त्र लिएर बसेका छौ ।

जात व्यवस्था सानो घटना र थोरै समयमा विकसित भएको होइन । शताब्दियौं लामो सामाजिक अन्तरक्रियाको निरन्तरता हो । अहिले कुनै पनि जात समुदाय वर्ग र पहिचानलाई हेर्ने दृष्टिकोणमा लचकता, नरमपन आए पनि समग्र राज्य संचालनमा पुग्ने र राज्यको अवयव भने अनुदार नै रहेको कारण आज पनि जातको कारण मान्छे मारिनु, पिटिनु, अपमानित हुनु हक अधिकारबाट वन्चित हुनु सीमान्त जीवनमा रहनु असामान्य विषय बनेको छैन । जातको आधारमा सौन्दर्य चिन्तन र योग्य अयोग्य सम्झने मानसिकता छ । जन्म स्थान विशेष कुनै योग्यता होइन । नपढेको अधार्मिक

ब्राम्हण पूज्य हुने र पढेलेखेको दलितलाई उसको क्षमता र योग्यतालाई सन्देह गर्ने परिपाटी जीवित छ । समाजशास्त्र मानव समाजको अध्ययन, विश्लेषण र मूल्याङ्कनको सामाजिक विज्ञान हो । मानिसको अन्तरसम्बन्ध, अन्तरक्रिया, सोच व्यवहार जीवन पद्दति, शासकीय क्षमता आदिलाई समाजशास्त्रको अध्ययनमा समावेश गरिन्छ । समाजशास्त्रले समाजले व्यक्तिलाई पारेको प्रभाव, समाजका धार्मिक सांस्कृतिक कानुनले गरेका असर आदिको विहंगम अध्ययन गर्न सिकाउँछ । समाजले समाज बदल्ने पुरानो सोच संस्कार अवैज्ञानिक अमर्यादित चलन, लघु सामाजिक मानसिकता आदिको रूपान्तणमा ध्यान दिनु जरूरी छ । अत्यन्तै जरूरी छ रुढीग्रस्त जातीय विभ्रेदको अन्त्य जसको लागि आर्थिक,राजनीतिक, धार्मिक,सांस्कृतिक अनि मनोविज्ञानिक परिवर्तन । कानुनको पूर्ण पालना र जातीय आँखाले समाज चिहाउने परम्पराको अन्त्य ।

कुनै पनि मान्छेको थर, वंश पारिवारिक परिचयको निरन्तरता हो ।

जनवारमा समेत वंशीय अभिलेख राखिन्छ र एकै वंशको प्रजनन गाउँदा हाडनाता भित्र पर्छ र हाडनाताको सन्तानोत्पादन तुलानातात्मक रूपमा कमजोर मानिन्छ फलस्वरूपः पशुमा समेत हाडनाता वर्जित गर्न थालिएको हो । मान्छेको थर गोत्र र वंश आआफ्नो स्वतन्त्र अस्तित्वको पहिचान र प्रतिनिधित्वको निर्मिति थर हो । संसारमा सबै मान्छे एकै प्रकारका हुँदैनन् । त्यसैले थर चिनारीको शृंखलाबद्ध आयोजना हो विभेदक अभिलक्षणको मानक होइन । थर फेरेर जातको समाजशास्त्रलाई बदल्न सकिन्न । बदल्ने भनेको नियत हो, लघुताभास र उच्चाताभास हो । सोच र संस्कार हो । गलत मनोविज्ञान र गलत प्रवृत्ति हो । जात व्यवस्थाको मनोसामाजिक संरचना भत्काउनु पर्छ । आर्थिक,राजनीतिक, सामाजिक र धार्मिक प्रणालीमा समतानूभूतिको वातावरण सिर्जना गरिनुपर्छ । अन्यथा जात व्यवस्थाको समाजशास्त्रबारे भोलिको पुस्ताले पनि यसरी नै लेखिरहनु पर्ने हुन्छ जुन अत्यन्त मानवीय छ ।

*गोरखापत्र दैनिकमा प्रकाशित लेखबाट साभार । लेखक सञ्जीव कार्की दलित चेतना निर्माण र स्वास्थ्य शिक्षाको आन्दोलनमा एक दशकभन्दा अघिदेखि सक्रिय हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा एम.फिल अध्ययनरतहुनुहुन्छ ।*

## तस्वीरमा एड्वान













। विचार ।

# दलित समुदायमाथिको अपमान र समावेशी मुलुकको असमावेशी अभ्यास



। गोपाल बराइली

**राज्य सत्ता र शासन सञ्चालनका निकायहरूमा अझैं पनि एउटै जाति, लिङ्ग र धार्मिक सम्प्रदायको वर्चस्व हटेको छैन। समावेशी समानुपातिक संविधान जारी भएपछि दशक हुन लाग्दा पनि संसद् पूर्णरूपमा समावेशी हुन सकिरहेकै छैन। हालको प्रतिनिधिसभाको चित्रले त्यही दृश्य छर्लङ्ग पार्छ। तर पनि वर्षौदेखि पछाडि पारिएका दलित समुदाय, महिला र सीमान्तकृत समुदायले पाउँदै आएको झिनो आरक्षण समेत खारेजी हुनुपर्ने आवाज उठाइँदैछ। जुन अत्यन्तै दुखद् छ।**

केही समयअघि बझाङमा उच्च जात भनिएका ब्राम्हणको घर नजिक दलितले घर बनाउन खोज्दा सिंगो गाउँले एक भएर त्यो घर नै भत्काईदिए। सो घटनाको चौतर्फी विरोध भएपछि सो घर बनाइएको जग्गा नापी गराइयो र सो घर सार्वजनिक जग्गामा पर्ने भएकाले सार्वजनिक सम्पत्तिको रक्षार्थ भत्काइएको हो भनेर दलित समुदायका ती व्यक्तिमाथि भएको अपमानलाई सामन्यीकरण गर्ने प्रयास गरियो। वास्तविक रुपमा नापी गरिँदा वर्षौदेखि बसोबास गर्दै आएको जग्गा अर्को ठाउँमा पनि पर्नसक्छ। जुन स्वभाविकै पनि हो। किनकी पहिले जग्गाको किनबेच गर्दा नापी गरेर भन्दा पनि बेच्नेले यही हो भनेर किनबेच हुन्थ्यो। बझाङमा पनि भएको त्यही हो। ठीक छ त्यहाँ दलित समुदायका एक व्यक्तिले सार्वजनि जग्गामा घर बनाएर के बिगारे त ? उनले अरुले कमाउँदै गरेको सार्जजनिक वा नीजि जग्गामा त पक्कै घर बनाइएकै थिएनन्। अर्कोकुरा सार्वजनिक जग्गामा घर बनाउँदा वा सार्वजनिक सम्पत्तिको सरक्षणको कथित बहानामा दलित समुदायका व्यक्तिले बनाएको घर भत्काउने अधिकार कसैलाई छैन। सार्वजनिक सम्पत्तिको संरक्षणको पनि विधि हुन्छ, प्रक्रिया हुन्छ।

त्यति मात्रै होइन, पछिल्ला दिनहरूमा अन्तरजातीय विवाह दलितका लागि घातक बनिरहेका छन्। प्रेम हुनु सामान्य कुरा पनि हो। प्रेममा जातपातको कुरा हुँदैन। आजका युवा पुस्ता जातमा भन्दा पनि प्रेममा विश्वास गर्छन्। त्यही कारण पनि अन्तरजातीय विवाह बढ्दो क्रममा छ। तर दुर्भाग्य, जति धेरै अन्तरजातीय विवाह हुँदैछ, त्यसको कयौं गुणा बढी अन्तरजातीय विवाहबाट दलित समुदायका युवाहरू पीडित बनिरहेका छन्। अन्तरजातीय विवाह गरेकै कारण उनीहरू जेल बस्न बाध्य भइरहेका छन्।

यो एउटा पाटो हो। पछिल्लो समयमा खसआर्य समुदायले दलित समुदायले पाउँदै आएको आरक्षणप्रति प्रश्न उठाउने गरेको छ। यसलाई केही कुलीन वर्गहरूले समर्थन गर्ने पनि गरेका छन्। जसलाई उठाएर एक वा अर्को प्रकारले आरक्षण खारेजीको अभियान तीव्र बनाइएको छ। जुन खसआर्य समुदायबाटै भइरहेको छ। नेपालको जनसंख्यामा खसआर्यको कुल हिस्सा ३१.२० प्रतिशत मात्रै हो। तर हालको प्रतिनिधिसभाका कुल सदस्यमध्ये ४८ प्रतिशत अर्थात् एक सय ३१ जना यो समुदायका छन्। अरु बाँकी मात्रै अरु जातिका छन्। संघ र प्रदेश सरकार गठन, नीति तथा कार्यक्रम निर्माण, बजेट पारित र महत्वपूर्ण कानुन निर्माणदेखि संविधान संशोधनसम्मको भूमिका खेल्ने राजनीतिक भूमिका भएको सर्वोच्च निकायमा एकल जातीय वर्चस्वले नेपाली समाजमा व्याप्त जात व्यवस्था र पितृसत्तालाई चित्रित गरेको छ।

राज्य सत्ता र शासन सञ्चालनका निकायहरूमा अझैं पनि एउटै जाति, लिङ्ग र धार्मिक सम्प्रदायको वर्चस्व हटेको छैन। समावेशी समानुपातिक संविधान जारी भएपछि दशक हुन लाग्दा पनि संसद् पूर्णरुपमा समावेशी हुन सकिरहेकै छैन। आगामी पाँच वर्षका लागि गत मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभापछिको चित्रले त्यही दृश्य छर्लङ्ग पार्छ। तर पनि वर्षौदेखि पछाडि पारिएका दलित समुदाय, महिला र सीमान्तकृत समुदायले पाउँदै आएको आरक्षण खारेजी हुनुपर्ने आवाज उठाइँदैछ। जुन अत्यन्तै दुःखदायी छ।

नेपालको संविधान जारी भएसँगै हाम्रो मुलुक नयाँ युगमा प्रवेश गरेको छ। राजनीतिक प्रणालीका हिसाबले सामन्तवादमाथि विजय प्राप्त गर्दै पुँजीवादमा प्रवेश गरेको छ। तैपनि

सामन्तवादका अवशेष पुँजीवादसँग सहवरण गर्दै अझ बलियो गरी नयाँ आवरणमा देखापर्न थालेका छन् । यसको मूलकारण वि.सं. २००७-२०५७ सम्मको ५० वर्षको अवधिमा दलितका एक जना पनि क्याबिनेट स्तरका मन्त्री थिएनन् । अहिले फेरि त्यही दोहोरिएको छ ।

गत मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा दलित समुदायबाट प्रत्यक्षतर्फ निर्वाचित छविलाल विश्वकर्मा मात्रै हुन् । यदी उनी पनि निर्वाचित नभएको भए प्रतिनिधिसभामा दलित समुदायले समानुपातिकमै भर पर्ने अवस्था थियो । अहिलेको सांसदको संख्या दुई सय ७५ मध्ये समानुपातिक र प्रत्यक्ष गरी दलित समुदायबाट १६ जना सांसदको सहभागिता छ । प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ को अनुसूची-१३ अनुसार दलित समुदायको जनसंख्या १३.८ प्रतिशत कायम गरिएको छ । सोही अनुपातमा संसदमा दलित समुदायको प्रतिनिधित्व हुनुपर्ने हो । तर, अहिलेकै राज्य व्यवस्था, जात व्यवस्था र राज्य सञ्चालकहरूको मानसिकता कायम रहिरहेसम्म संविधानअनुसार दलित समुदायको प्रतिनिधित्व हुने देखिँदैन । उच्च जातीय अहम्कार र जातीय सोचकै कारण सीमित वर्गको प्रतिनिधित्व अधिक छ । त्यसैको उपज हो खस आर्य समुदायको जनसंख्या ३१.२० प्रतिशत हुँदा पनि एक सय ३१ जनाको प्रतिनिधित्व हुनु । जो विगतकै निरन्तरतासमेत हो ।

विगतको असमावेशी अभ्यासलाई तोडेर महिला र सीमान्तकृत समुदायको प्रतिनिधित्व बढाउन अपनाइएको समावेशी समानुपातिक प्रणालीबाट समेत खसआर्यकै वर्चस्व स्थापित भइरहेको छ । प्रतिनिधिसभामा फेरि पनि खसआर्य समुदायको एकल वर्चस्व स्थापित भएको छ । तर, प्रतिनिधिसभामा दलित समुदायको उपस्थिति ६ प्रतिशतमात्रै हो । प्रत्यक्षतर्फ १६५ जना चुनिँदा एक जना दलित छन् भने समानुपातिकतर्फ १५ जना निर्वाचित भएका छन् । त्यसमा पनि दलित पुरुषको प्रतिनिधित्व विगतभन्दा कमजोर बन्दै गइरहेको छ । त्यसमा दलित महिलाको कुरा गर्ने हो भने झन पिँधमै छ । एकजना पनि निर्वाचित भएको वा हुनसक्ने अवस्थै छैन ।

समावेशीकरणका विभिन्न तंथ्यांकलाई हेर्दा फेरि पनि दलित समुदाय नै मारमा परेका छन् । अर्थात् त्यसको प्रत्यक्ष असर सरकार निर्माणमा परेको छ । १० वर्षसम्म सशस्त्र युद्ध गर्दा हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले समावेशी नेपालको परिकल्पना गरे । तर, उनैले नेतृत्व गरेको सरकारमा अहिले दलित समुदायको उपस्थिती शुन्यसरह छ । बल्लतल्ल एक जना राज्यमन्त्री बनाउँदा दलित समुदायको पनि यो सरकारका सहभागीता छ भनेर दलित समुदायले नाक ठूलो पार्नुको कुनै औचित्य छैन ।

विगतको तुलनामा यसपटक संसदमा दलित समुदायबाट प्रतिनिधित्व गर्ने संख्या घट्दै गएको छ । नेपालमा समावेशी समानुपातिक प्रणाली प्रयोगमा ल्याइएको दशक बितिसकेको छ । तर, समावेशी समूहमध्ये सबैभन्दा पिँधमा रहेको दलित समुदायको प्रतिनिधित्व भने कमजोर बन्दै जाँदा पनि यही समुदायले पाउँदै आएको सीमित आरक्षणप्रति ञ्याल चुहाउने काम भइरहेको छ । ०६२/०६३ को जनआन्दोलन र अन्तरिक संविधानले राज्यका निकायमा दलित समुदायको प्रतिनिधित्व बढाउने गरी समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरे पनि दलित समुदायमा त्यसको उल्लेख्य प्रभाव छैन । सार्वभौम संसद्मा दलितको प्रतिनिधित्व हरेक पटक घट्दोक्रममा छ । यसले दलित समुदायको आवाज एक हुन सकेको छैन वा राज्य सत्ताको चावी बोकेर बसेका व्यक्तिहरूलाई दलित समुदायले झकझकाउन सकेका छैनन् भन्ने देखाउँछ । अब त्यसका लागि अलिक दरैसँग राज्यसत्तासँग लडाइँ लड्नुपर्ने बेला आएको छ । यही अवस्थामा राज्यका सबै तह र तप्कामा दलित समुदायको उचित प्रतिनिधित्व हुने अवस्था देखिँदैन ।

**अधिकार कागजमा सीमित**

वर्तमान संविधानले दलित समुदायको राजनीतिक प्रतिनिधित्वलाई केही मात्रामा संस्थागत गरेको छ । जुन दशकौं लामो दलित आन्दोलनले प्राप्त गरेको उपलब्धी पनि हो, सोही कारण पनि प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत १३.८ प्रतिशत प्रतिनिधित्वको सुनिश्चितता गरेको छ । राष्ट्रिय सभाको गठनमा प्रत्येक प्रदेशबाट १ जना दलित सदस्य अनिवार्य गरिएको छ । प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रादेशिक जनसंख्याअनुसार दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । स्थानीय तहमा पनि समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था नगरिए पनि स्थानीय तहका प्रत्येक वडामा दलित महिला सदस्यको अनिवार्यतालाई संविधानले सुनिश्चितता गरिदिएको छ । गाउँ कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट दुई जना सदस्य हुनुपर्ने, नगर कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट ३ जना सदस्य हुनुपर्ने, गाउँ सभामा दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित २ जना, नगरसभामा ३ जना र जिल्ला समन्वय समितिमा कम्तीमा एक जना दलित समुदायको व्यक्ति हुनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

यो त संवैधानिक व्यवस्थाको कुरा भयो । व्यवहारतः त्यस्तो कहीँ कतै कार्यान्वयन भएको पाइँदैन । त्यसको पछिल्लो उदाहरण हो सरकारमा दलित समुदायको प्रतिनिधित्व शुन्य हुनु ।

नेपालको संविधान २०७२ को कार्यान्वयन एकदमै फितलो बन्दै गएको छ । संविधानको धारा ४० मा सुनिश्चित गरेको राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको भए पनि त्यसलाई लत्याइएको छ । सार्वजनिक सेवा लगायत रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताको हक समेत उल्लेख गरिएको छ, त्यसलाई कार्यान्वयन नगरी लत्याइएको छ । संविधानमा उल्लेखित मौलिक हक कार्यान्वयनको लागि बनेका १७ वटा कानूनहरू दलितमैत्री छैनन् । दलित समुदायको राजनैतिक प्रतिनिधित्व संविधानको भावना र निर्वाचनसम्बन्धी ऐनको व्यवस्था अनुसार भएको देखिँदैन । अब लामो त्याग, तपस्या र संघर्षबाट बनेको संविधानको अक्षरस कार्यान्वयनका लागि खबरदारी गर्नैपर्छ ।

विना खबरदारी भएका उपलब्धीलाई जोगाउन सक्ने अवस्था छैन । केन्द्र र प्रदेशमा दलित समुदायको जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वका अतिरिक्त थप प्रतिनिधित्व सुनिश्चित गराउन अब दलित आन्दोलन उठ्नुपर्छ । अहिलेको जसरी हात बाँधेर भावी पुस्ताले अहिलेको पुस्तालाई धन्यवाद दिन पक्कै सक्दैन । त्यसैले बेलैमा अहिले दलित आन्दोलनमा लागेका नेतृत्वले सोच्नुपर्छ । नत्र अहिले जसरी राजनीतिक नेतृत्व चयनमा उथलपुथल भएको छ, वा

विकल्प खोजिएको छ, त्यसरी नै अहिलेका दलित नेतृत्वको विकल्प खोजिनुपर्ने अवस्था आउन सक्छ ।

राज्यले हरेक कुरामा पाखा पान्यो भन्दैमा निरास भइहाल्नुपर्ने अवस्था चाहिँ छैन । किनभने यो अधिकार त्यति सजिलै दिनेवाला छैन भन्ने त विगतले देखाएको छ । यदी मधेशवादी मोर्चाहरूले आफ्नो शक्ति नदेखाएको भए आज उनीहरूको हविगत पनि दलितको भन्दा कम हुने थिएन । राज्य र ठूला भनिएका राजनीतिक दलहरूलाई यो थाहा होस कि दलितहरू हिजो सामन्ती युगमा छैनन् । दलितले पनि राज्यको हिस्सेदारी सम्हालन सक्ने हैसियतका छन् । राज्यले नै स्वीकार गरेको १३ प्रतिशत दलितको भावना समेट्न र एउटा राजनैतिक हैसियत कायम गराउन हिम्मत भएका दलितहरू पनि जन्मिएका छन् । यदी १३ प्रतिशत दलितलाई राज्यले जंगल पुऱ्याउन चाहेको हो भने पनि दलितहरू तयार हुन सक्छन् । अझैं पनि दलितलाई अधिकार देउ भनेर बिन्ती बिसाउनुपर्ने अवस्था आउँछ भने राज्यको अवस्था कहाँ छ भनेर पुष्टि गर्छ । त्यसकारण राज्यले पनि आफु सक्षम र विभोदकारी छैन भन्नका लागि भएका कानुनहरूको कार्यान्वयन, बनाउनुपर्ने कानुनहरूको निर्माण र ती कानुनहरूमा दलित समुदायको अपनत्व र हिस्सेदारी रहने बनाउनुपर्छ । तबमात्र राज्य राज्य जस्तो देखिन्छ ।

*लेखक राष्ट्रिय दलित पत्रकार संघका बरिष्ठ उपाध्यक्ष हुन् ।*

## तस्वीरमा एड्वान















विचार

# रैथाने शिल्पी अर्थात् सभ्यताका असली निर्माता



डीबी नेपाली 'दमु'

**विभिन्न ऐतिहासिक दस्तावेज र स्थलगत अध्ययन गर्दा रैथाने शिल्पी समुदाय कर्णाली-भेरीका अनादिकालीन रैथानेवासी रहेको प्रमाणित हुन्छ । शताब्दीऔं अघि नै वर्तमान समयमा कथित दलित भनिने जातीय समूहहरू यहाँ आइसकेको जनकलाल शर्मा, डा.केशवमान शाक्य, डा.सुरेन्द्र के.सी., डा.महेश्वर जोशी, स्व. प्रा.डा. जयराज पन्त, डिल्लीराज शर्मा र नवराज सुवेदी लगायत इतिहास, सँस्कृतिविद्धहरूले पुष्टि गरेका छन् ।**

राज्यले नीति नै बनाएर लामो समयसम्म शुद्र-अछुत भनिएकाहरूलाई जन्मसिद्ध शैक्षिक अधिकारबाटै वञ्चित गऱ्यो । यसकारण उनीहरूको सामुदायिक मौखिक इतिहास बाहेक लिखित इतिहासको कल्पना गर्नसम्म सकिँदैन । जति इतिहास छन्, ती सत्यतथ्य, वास्तविकता भन्दा निकै पर छन् । किनकी शासकीय र वर्गीय पक्षधरतालाई नै विजित इतिहासले पक्षपोषण र गुनगाण गाउने गरेको छ । यसकारण पराजित गरिएका, दास बनाइएकाहरूबारे इतिहास कि त मौन छ, कि पुर्वाग्रही छ। नेपालको भूमिमा रैथाने अनादिवासी शिल्पी (कथित दलित) समुदाय बुद्धकालिन समयभन्दा अघिबाटै उपस्थिति रहेको पाइन्छ। यो आँखै अघिल्तिरको तथ्यलाई अन्देखा गरिँदै आएको पाइन्छ । लाजै नमानी पृथ्वीनारायण शाह सँगसँगै शिल्पी समुदाय देशभर बिस्तार भएका भन्नसम्म भ्याइन्छ ।

मध्यपश्चिम-सुदूरपश्चिम र तराई क्षेत्रको सबभन्दा पुरानो वासिन्दा रैथाने शिल्पी समुदाय नै हो। विशेषगरी सुदूरपश्चिम र कर्नाली-भेरी प्रदेशमा डा.राजाराम सुवेदीका अनुसार दोस्रो शताब्दीमा खसबाहुनको ठूलो समूह प्रवेशपछि शिल्पी समुदाय आफ्नो थातथलो, राजकाज, संस्कृति र अनादिकालीन शिल्प (मानव) सभ्यताबाट विस्थापित गरिए। सुवेदीकै अनुसार कथित दलित भनिएको समूह त्यस क्षेत्रमा पहिलो शताब्दीबाटै उनीहरूको उपस्थिति रहेको थियो। केही तथ्यगत-वस्तुगत आधार यहाँ प्रस्तुत गरौं-सुदूरपश्चिम र कर्नाली-भेरीका रैथाने अनादिवासी शिल्पी समुदायको जातीय नाममा दर्जनौ कोट, किल्ला र गढीको नामकरण भएको छ। त्यहाँ रहेका प्रत्येक जिल्लामा दुईदेखि तीनवटासम्म कोट, किल्ला र गढीको नामकरण यीनै समुदायको नाममा रहेको पाइन्छ । यस क्षेत्रमा ठूला र प्रख्यात देवीदेवता शिल्पी समुदायकै पूर्खाहरूले पाएका छन् । यस क्षेत्रको कलासाँस्कृतिक विरासत करिब ९६ प्रतिशत यिनै समुदायले धान्दै आएका छन् । यहाँ विभिन्न ठाँउमा अहिलेसम्म भूमिपति (मट्या) को रुपमा रहेका छन् । झाँक्री मन्त्र-तन्त्रविद्या र जीवनदर्शन, नाचगान, सङ्गीत, कलासँस्कृति कुमशाल्या (कथित तल्ला जात) जातिको भन्ने तथ्य इतिहासमा उल्लेख गरिएको पाइन्छ । उनीहरूको अस्तित्व, इतिहास र पहिचानलाई धुलीकरण गरिएको छ । रैथाने शिल्पी समुदायलाई विभिन्न ठाँउमा आम नरसंहार गरिएको इतिहास गायब छ। क्षेत्रगत र ऐतिहासिक निरन्तरताको रुपमा आजसम्म कर्नाली-भेरी क्षेत्रमा देशकै पहिलो ठूलो जनसंख्या रहेको छ।

विभिन्न ऐतिहासिक दस्तावेज र स्थलगत अध्ययन गर्दा रैथाने शिल्पी समुदाय कर्णाली-भेरीका अनादिकालीन रैथानेवासी रहेको प्रमाणित हुन्छ । शताब्दीऔं अघि नै वर्तमान समयमा कथित दलित भनिने जातीय समूहहरू यहाँ आइसकेको जनकलाल शर्मा, डा.केशवमान शाक्य, डा.सुरेन्द्र के.सी., डा.महेश्वर जोशी, स्व. प्रा.डा. जयराज पन्त, डिल्लीराज शर्मा र नवराज सुवेदी लगायत इतिहास, सँस्कृतिविद्धहरूले पुष्टि गरेका छन् । यी तथ्यगत, वस्तुगत आधार र भौगोलिक प्रमाणहरूलाई लिखित इतिहासमा सत्यलाई गुमराहमा राखिएको स्पष्ट हुन्छ ।

देशैभर र विशेषगरी सुदूरपश्चिम र कर्नाली-भेरी क्षेत्रमा रैथाने शिल्पी समुदायको दर्जनौ कोट, किल्ला र गढीहरू पाइन्छन् । जसमा- मुसीकोट रुकुम, भियालकोट (सार्की) र सुनारकोट मुगु, भुलकोट (सार्की) बाग्लुङ्ग/बझाङ्ग, डुमकोट-सुर्खेत, तिरुवाकोट (कामी), रुचालकोट (सार्की), समुद्रपालगढी (सार्कीकोट) र सार्कीदेउ-हुम्ला,

सुवर्णनगर (कामी) जुम्ला, डुमराजाकोट (अर्थात् उदुम्बरपुरी) डोटी, सराङकोट (सार्की) कास्की, दर्नाकोट (दमाई) अछाम, बादीकोट (बादी) प्यूठान, कुमालीकोट (बादी) डोटी, गन्धर्वकोट (गल्कोट) र नरसिंहकोट बाग्लुङ्ग, लुहारकोट (राजा देवजङ्ग लुहार-खाँडाचक्र), कालीकोट प्रमुख छन् । तराईमा शिल्पी समुदायका थुप्रै राजा-महाराजा रहेको इतिहास पाइन्छ ।

सातौँदेखि १३ औ शताब्दीको बीचमा वर्तमान सिरहा जिल्लालाई केन्द्र बनाएर राजा सहलेश सम्राटले शासन गरेका थिए । सिरहा नगरपालिकामा रहेको मैसोथागढमा राजा सहलेशको राजदरबार थियो । सहलेश (दुसाध( /पासवान) अनादिवासी रैथाने शिल्पी समुदायका सबभन्दा ख्यातिनाम राजारहे । उनी किराँतीहरूका समेत पूज्य थिए । उनको प्रभाव तराईमा मात्रै सिमित नभएर महाभारत श्रृंखलादेखि गंगा नदीसम्म फैलिएको थियो । गंगाको किनारस्थित मुक्माघाटमा आजसम्म ठूलो संख्यामा दुसाध (पासवान) जातिको बसोबास छ । त्यो समयका खस राजा कुलेश्वरसँग राजा सहलेश सम्राटको सुमधर मैत्रीपूर्ण सम्बन्ध थियो । खस राजाका सेनापति चुहरमल्लको उदण्ड व्यवहारलाई नियन्त्रण गर्न कुलेश्वरलाई, राजा सहलेशले मद्धत गरेको भनिन्छ ।

